# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषय परिचय

गोविन्दबहादुर मल्ल 'गोठाले' (वि.सं.१९७९–२०६७) आधुनिक नेपाली कथाका विशिष्ट यौनमनोविश्लेषणात्मक कथाकार हुन् । काठमाडौँको नेवारी परिवारमा जन्मिएका कथाकार गोठालेले वि.सं.१९९७ मा *शारदा* पत्रिकामा 'त्यसको भाले' शीर्षकको कथा प्रकाशन गरी आफ्नो कथायात्रा प्रारम्भ गरेका थिए । यिनले विश्वेश्वरप्रसाद कोइराला र भवानी भिक्षुको मनोविश्लेषणात्मक कथा लेखनको परम्पराको विस्तारमा केही नयाँपन प्रदान गर्दै आफ्नो निजीपनको स्थापना गरेका छन् । राणाकालीन नेपाली राजनीतिमा सक्रिय सहभागी भएका र पत्रकारितामा समेत संलग्न भएका गोठालेले नेपाली साहित्यमा कथाका साथै कविता, नाटक र उपन्यासका क्षेत्रमा समेत कलम चलाएका छन् । उनका जम्मा पाँच ओटा कथासङ्ग्रहहरू *कथासङ्ग्रह* (२००३), *कथैकथा* (२०१६), *प्रेम र मृत्यु* (२०१६), *बाह्र कथा* (२०५२) र *जङ्गबहादुर र हिरण्यगर्भकुमारी* (२०६१) प्रकाशित छन् । यी पाँचवटा कथासङ्ग्रहमा सङ्कलीत छपन्न ओटा कथा मध्ये अठ्ठाइस ओटा कथामा यौन मनोविज्ञानको प्रयोग पाइन्छ । उनका यी अठ्ठाइस ओटा यौन कथाहरूमा पाश्चात्य साहित्यका फ्रायडको यौन सिद्धान्तको धेरै थोरै प्रभाव पाइन्छ । यी अठ्ठाइस ओटा कथामध्ये 'चुनाव', 'बेसुर', 'छोरीको बाबु', 'इतिहास विर्सेको घटना', 'जङ्गबहादुर र हिरण्यगर्भकुमारी', 'मान्छे', 'कुसुम दिदी', कथामा सामान्य यौनमनोविश्लेषणको प्रयोग पाइन्छ भने 'एउटा घटना', 'पुरानो एउटा कथा', 'भाँडो', 'बिचरी ऊ', 'युवती र जरसाहेब', 'के गरेकी शोभा', 'चिन्हा', 'विहे', 'मैले सरिताको हत्या गरेँ', 'खेल', 'आधार', 'हवाइजहाजको गर्भ', 'अज्ञात', 'विस्मृतितिर लम्केको स्मृति', 'प्रेम र मृत्यु', 'गीता र मीना', 'सुशीला भाउज्यू', 'बलात्कार', 'लाटो', 'हराएकी केटी', 'कुलदेवी', आदि कथा असामान्य यौनमनोविश्लेषणको प्रयोग पाइन्छ । उक्त बीसओटा असामान्य यौनमनोविश्लेषण प्रयोग भएका कथामध्ये पनि यौनमनोविलेषण सिद्धान्तको मान्यताका आधारमा 'भाँडो', 'के गरेकी शोभा', 'युवती र जरसाहेव', 'मैले सरिताको हत्या गरेँ', 'आधार', 'प्रेम र मृत्यु', 'गीता र मीना', 'सुशीला भाउज्यू', 'बलात्कार' आदि कथाहरू उत्कृष्ट ठहरिन्छन् । त्यसैले गोठालेका यिनै यौन विषयक कथाहरूमा प्रयोग भएको यौनमनोविश्लेषणको अध्ययन तथा विश्लेषण गर्नु यस शोधपत्रको विषय हो ।

## १.२.    समस्याकथन

आधुनिक नेपाली साहित्यको कथाविधा अन्तर्गत मनोविश्लेषणात्मक यथार्थवादलाई आत्मासात् गरी कथा लेख्ने विशिष्ट कथाकार गोविन्दबहादुर मल्ल 'गोठाले'का बारेमा र उनका प्रकाशित कथाहरूका बारेमा विभिन्न विद्वान् तथा समालोचकहरूले प्रसस्त टीका–टिप्पणी गरेका छन् । ती कथामा प्रयोग भएको मनोविश्लेषणका बारेमा पनि सामान्य अध्ययन तथा विश्लेषण भएका छन् । तर पनि गोठालेका कथामा प्रयोग भएको यौन मनोविश्लेषणका बारेमा आजसम्म अनुसन्धानात्मक अध्ययन तथा विश्लेषण भएको देखिदैन । गोठालेका कथामा भएका उक्त टीका टिप्पणी र समालोचनाको सहयोग लिंदै गोविन्दबहादुर मल्ल 'गोठाले'का कथामा प्रयोग भएको यौन मनोविज्ञानको अध्ययन अनुसन्धान गर्नु पर्ने आवश्यक्ताले यस शोधकार्यको महत्व प्रष्ट हुन्छ । प्रस्तुत शोधकार्य निम्नलिखित समस्याहरूमा केन्द्रित रहेको छ :

(क) गोविन्दबहादुर मल्ल 'गोठाले'का यौनकथालाई के-कति चरणमा बाँड्न सकिन्छ ?

(ख) फ्रायडको यौनमनोविश्लेषणका आधारमा गोठालेका कथाहरू के-कस्ता छन् ?

## १.३.    शोधकार्यको उद्देश्य

गोविन्दबहादुर मल्ल 'गोठाले'का कथामा प्रयोग भएको यौनमनोविश्लेषणको विश्लेषण गर्नु प्रस्तुत शोधकार्यको मूल उद्देश्य रहेको छ । प्रस्तुत शोध समस्याको समाधानमा आधारित उद्देश्यहरू यस प्रकार छन् :

(क) गोविन्द गोठालेका यौन कथाहरूको चरण विभाजन गर्नु ।

(ख) फ्रायडको यौनमनोविश्लेषणका आधारमा गोठालेका कथाहरूको पहिचान गर्नु ।

## १.४.    पूर्वकार्यको समीक्षा

मनोविश्लेषणात्मक कथाकार गोविन्दबहादुर मल्ल 'गोठाले'का साहित्यिक गतिविधि तथा कथाहरूका बारेमा सामान्य टीका-टिप्पणी, चर्चा-परिचर्चा, समालोचना, समीक्षा, विश्लेषण एवं मूल्याङ्कन पनि विभिन्न कोणबाट भएका छन् । त्यस्ता लेख रचना, आलोचना तथा टीका-टिप्पणीका प्रमुख अंशलाई यहाँ संक्षिप्त रूपमा प्रस्तुत गरिन्छ :

भैरव अर्याल (२०२५) ले *साझा कथा* कथासङ्ग्रहमा गोठालेका कथागत प्रवृत्ति केलाउने क्रममा भन्छन् : "शहरीया परिवेशमा मध्यम र निम्नमध्यम वर्गको आर्थिक स्थिति, प्रतिष्ठा, बाध्यता, संस्कारगत अप्ठ्यारोपन र यौनजन्य समस्याहरूबाट कुण्ठित वा विकासको बाटो बाङ्गिएका चरित्रलाई पाएसम्म केलाउन नछोड्ने प्रवृत्ति कथाकार गोठालेमा पाइन्छ ।" उनले यहाँ गोठालेका कथाको

सामान्य यौनप्रवृत्तिका बारेमा मात्र चर्चा गरेका छन् । त्यसैले यसलाई गोठालेका यौनमनोविश्लेषणात्मक कथाको पूर्ण अध्ययन मान्न सकिँदैन ।

घट्टराज भट्टराई (२०३४) ले *मधुपर्क* मा प्रकाशित 'गोविन्द गोठाले : व्यक्ति र कृति' नामक लेखमा उनका कथागत प्रवृत्ति केलाउने क्रममा यसो भन्छन् : "काठमाडौँली समाजको चित्रण त्यसमा पनि उच्च र मध्यम वर्गीय पात्र उनका कथाको विशेषता हो ।" यहाँ उनले गोठालेका कथाको परिवेश र पात्रहरुको मात्र चर्चा गरेका छन् । तर गोठालेका कथामा प्रयोग भएको यौनमनोविश्लेषणात्मक सिद्धान्तलाई खासै महत्व दिएको पाईंदैन ।

रमेशकुमार भट्टराई (२०३६) ले *गोविन्दबहादुर मल्ल 'गोठाले'का कथामा पाइने सामाजिकताको विश्लेषण र मूल्याङ्कन* त्रि.वि. स्नातकोत्तर शोधपत्रमा *प्रेम र मृत्यु* कथासङ्ग्रहभित्र समाविष्ट अधिकांश कथाहरूको प्रवृत्ति केलाउने क्रममा "विकृत विपथगामी तथा असन्तुलित यौन मानसिकता र अपराधी चरित्रको चित्रण, चढ्दो जवानीको वेगले प्रेम र प्रणयको परिक्षामा अलमलिएका पात्रहरूको स्थितिलाई केलाउने, विगत राणाकालीन नेपाली समाजका अन्याय-अत्याचार दुराचार र दमनको चित्रण पाइन्छ" भनी टिप्पणी गरेका छन् । यिनले पनि गोठालेका यौनमनोविश्लेषणात्मक केही कथाको मात्र प्रवृत्तिहरु केलाएका छन् जसले पूर्ण रुपमा गोठालेको यौनमनोविश्लेणात्मक कथाहरुको अध्ययन गर्न सकेको देखिँदैन ।

ईश्वर बराल (२०४८) ले *झ्यालबाट* कथासङ्ग्रहमा गोठालेका प्रवृत्तिहरू केलाउने क्रममा यस्तो भनी टिप्पणी गरेका छन् : "हत्यारा, बौलाहा तथा कामसन्दीपन औ रतिका ताकिताले छाडा भएकाहरूको मनोदशा तथा क्रियाकलाप पहिल्याउने खुल्दुली गोठालेमा प्रसस्त पाइन्छ र तिनका विविध मनोदशाले ती निकै लहसिएको बुझिन्छ । यस्ताका मनोदशा तथा मनस्तत्वको पत्यारिलो चित्रण तथा विश्लेषण गरेर तिनले नभन्दै नेपाली कथा साहित्यमा नयाँ पाता थपेका छन् ।" यिनले यौन कथाको मात्र नभएर सम्पूर्ण कथाका पात्रहरुका मनोदशाको टिप्पणी बाहेक अन्य केही गर्न सकेका छैनन् ।

गोपीकृष्ण ढुङ्गाना 'पथिक' (२०६१) ले *दोभान* मा प्रकाशित लेख 'मैले सरिताको हत्या गरेँ' कथाको विश्लेषणका क्रममा पछिल्लो समयको गोठालेका कथागत प्रवृत्तिको चर्चा गरेका छन् । उनका अनुसार "कथा लेखनको पछिल्लो समयमा गोठालेका कथाहरूमा रतिरागात्मकताको मात्रा निकै बढेको देखिन्छ । कामवासनाप्रतिको आशक्ति, विवश जीवन विताउन बाध्य नारीहरूको यौनजन्य मनोभावनाका साथै मानसिक द्वन्द्वको चित्रण यिनले आफ्ना कथाहरूमा प्रायः गरेका छन् ।" यिनले गोठालेको पछिल्ला कथागत प्रवृत्तिको अध्ययन गर्ने क्रममा यौन प्रवृत्तिका बारेमा पनि अध्ययन गरेका छन् । तर यसले गोठालेको यौन कथाहरुको पूर्ण रुपले व्याख्या गर्न सकेको छैन ।

ध्रुवराज आचार्य (२०६१) ले *'प्रेम र मृत्यु' कथासङ्ग्रहको कृतिपरक अध्यायन,* रत्नराज्यलक्ष्मी क्यम्पस, स्नातकोत्तर तहको शोधपत्रमा कथाको विश्लेषणको साथै कथाका प्रवृत्तिहरूको पनि चर्चा गरेका छन् । उनका अनुसार 'प्रेम र मृत्यु' कथासङ्ग्रहमा मुख्य-मुख्य प्रवृत्तिका रूपमा विकृति,

विपथगामी तथा असन्तुलीत यौनमानसिकता र अपराधी चरित्रको चित्रण गर्ने, चढ्दो जवानीको वेगले प्रेम र परिणयको परीक्षामा अलमलिएका पात्रहरूको स्थितिलाई केलाउने, विगत राणाकालीन नेपाली समाजका अन्याय, अत्याचार, दमन र भ्रष्टाचारको चित्रण गर्ने र आर्थिक विपन्नतले मानवतामा नै प्रश्न चिन्ह बन्न सक्ने जस्ता जटिल समस्याको अध्यायन गर्ने विशेषता देखिन आउँछ । यसरी उनले गोठालेको यौनमनोविश्लेषणात्मक कथाहरुका चारित्रिक प्रवृत्तिलाई  मात्र सामान्य विश्लेषण गरेका छन् । जसले गोठालेका यौन कथाको पूर्ण अध्ययन गरेको मानिदैन ।

शकुन्तला शर्मा (२०६१) ले *'कथैकथा' कथासङ्ग्रहको कृतिपरक अध्यायन,* त्रि.वि. स्नातकोत्तर शोधपत्रमा कथाहरूको अध्ययन तथा विश्लेषण गर्ने क्रममा गोठालेका कथागत प्रवृत्तिहरूको पनि चर्चा गरेकी छन् । मानव मनको अन्तरकुन्तरमा पसेर चेतन र अचेतन मन बीचको द्वन्द्वलाई देखाउनु नै गोठालेको कथात्मक वैशिष्ट्य हो भनेकी छन् । उनले यस शोधपत्रमा गोठालेका कथाहरुको विश्लेषण कथातत्वको आधारमा गरेकी छन् । त्यसैले यिनले पनि यहाँ यौनकथाहरुको मनोविश्लेषणत्मक अध्ययन गरेकी छैनन् ।

नेत्र एटमले सम्पादन गरेको *गोठाले : युग र आवाज* (२०६२) नामक समालोचनात्मक कृतिको सम्पादकीयमा कथागत शिल्पको बारे टिप्पणी गरिएको छ । जसमा गोठालेले यौनमनोविज्ञान र अपराधमनोविज्ञानको जरो पकडेर व्यक्तिको मानसिक कमजोरी, हीनताबोध र गलत संस्कारका कारण उत्पन्न हुने संवेगात्मक स्थितिको विश्लेषणमा पनि उनले विशिष्ट सीप प्रदर्शन गरेका छन् भनी टिप्पणी गरिएको छ । यहाँ गोठालेको कथागत शिल्पको चर्चा गरिए पनि अनुसन्धानात्मक अध्ययन भएको छैन ।

अच्युतरमण अधिकारी  (२०६२) ले *गोठाले : युग र आवाज* नामक समालोचनात्मक कृतिमा गोठालेको कथाकारिताको चर्चाका क्रममा आत्मपीडा, अभाव र वासना जस्ता मनोवैज्ञानिक प्रस्तुतिका साथै अपराधजन्य मनोविज्ञान प्रदर्शन पनि गोठाले सफल छन् भन्ने विचार प्रस्तुत गरेका छन् । यिनले पनि गोठालेका कथागत प्रवृत्तिहरु औँल्याए पनि यौन प्रवृत्तिका बारेमा सामान्य उल्लेख मात्र गरिएका छन् ।

कृष्णहरि पोखेल (२०६२/६३) ले *कुञ्जिनीमा* प्रकाशित 'रचनाविधानका आधारमा प्रेम र मृत्यु कथाको विश्लेषण' शीर्षकको लेखमा गोठालेका कथागत प्रवृत्तिहरूको चर्चा गरेका छन् । जसमा आपराध मनोवृत्ति, विक्षिप्त मनोवृत्तिको उद्घाटन, पात्रको मानवीय मनोदशाको चित्राङ्कन तथा मानसिक पीडा, यौनकुण्ठा, कामेच्छा र सामाजिक बन्धनको मनोवैज्ञानिक विश्लेषण गोठालेका कथागत वैशिष्ट्य हुन् भनेका छन् ।  यिनले गोठालेको यौनमनोविश्लेषणात्मक प्रवृत्तिहरुको अध्ययन तथा विश्लेषण गर्ने प्रयास गरेका छन् । तर यो अनुसन्धानात्मक अध्ययन नभएकाले यसलाई पूर्ण अध्ययन मान्न सकिँदैन ।

दयाराम श्रेष्ठ (२०६७) ले *नेपाली कथा , भाग-४* मा गोठालेका प्रवृत्तिको चर्चा गर्ने क्रममा "तीब्र सामाजिक चेतनाको पृष्ठभूमिमा व्यक्तिको मानसिक जीवन वा मनोलोकलाई अतिशक्ति बिना

वा भावुकता रहित भएर चिनाउने कथाकार हुन्” भनेका छन् । यिनले पनि गोठालेको यौनमनोविश्लेषणात्मक प्रवृत्तिभन्दा उनको समग्र मनोविश्लेषणात्मक प्रवृत्ति औँल्याउने कोशीस गरेका छन् ।

यसरी हेर्दा विभिन्न विद्वान् तथा समालोचकहरूले विभिन्न कृति, लेख-रचनाहरू, पत्रपत्रिका तथा शोधपत्रहरूमा गोविन्दबहादुर मल्ल ‘गोठाले’को कथाकारिता र उनका कथाका बारेमा प्रसस्त टीका टिप्पणी तथा आलोचना समालोचना गरेको पाइन्छ । तर त्यस्ता लेख रचनामा उनका कथामा प्रयोग भएको मनोविश्लेषण तथा यौनमनोविश्लेषणका बारेमा सामान्य तथा प्रभावपरक टिप्पणी मात्र भएका छन् । आजसम्म यिनका कथामा प्रयोग भएको यौनका बारेमा अनुसन्धानात्मक अध्यायन तथा विश्लेषण भएको पाइँदैन । त्यसैले उपर्युक्त विद्वान्हरुका टीका टिप्पणी, आलोचना, समालोचनाहरुको सहयोग लिएर गोविन्दबहादुर मल्ल ‘गोठाले’का कथामा प्रयोग भएको यौनमनोविश्लेषणको अनुसन्धानात्मक अध्ययन तथा विश्लेषण प्रस्तुत शोधपत्रमा गरिएको छ ।

## १.५. शोधको औचित्य

समाजमनोविश्लेषणलाई विषयवस्तु बनाएर कथालेख्ने कथाकार गोविन्दबहादुर मल्ल ‘गोठाले’का कथाका बारेमा धेरै विद्वान् तथा समालोचकहरूद्वारा विभिन्न टीका-टिप्पणी तथा समालोचना गरिए पनि उनका कथामा प्रयोग भएको यौनमनोविश्लेषणको अनुसन्धानात्मक अध्ययन भएको छैन । त्यसैले गोठालेका कथामा प्रयोग भएको यौनमनोविश्लेषणको विश्लेषणात्मक अध्ययन गर्नु यो शोधपत्रको औचित्य हो ।

## १.६. शोधकार्यको सीमा

प्रस्तुत शोधकार्यमा गोविन्दबहादुर मल्ल ‘गोठाले’का अठ्ठाइस ओटा यौनमनोविश्लेषण सिद्धान्त प्रयोग भएका कथा मध्ये जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्तिको प्रयोगका आधारमा, अचेतन मन तथा इदको प्रभावकारी चित्रणका आधारमा, दमित यौनकुण्ठाका कारण उत्पन्न यौन मनोग्रन्थिको चित्रणका आधारमा, प्रतीकहरूको प्रयोगका आधारमा उत्कृष्ट ठहरिएका प्रथम चरणका ‘भाँडो’, ‘युवती र जरसाहेब’, ‘के गरेकी शोभा’, द्वितीय चरणका ‘मैले सरिताको हत्या गरेँ’, ‘आधार’, ‘प्रेम र मृत्यु’, र तेस्रो चरणका ‘बलात्कार’, ‘सुशीला भाउज्यू’, ‘गीता र मीना’, कथामा प्रयोग भएको यौनमनोविश्लेषणको फ्रायडवादी यौन सिद्धान्तका आधारमा विश्लेषण गर्नुमा सीमित भएको छ ।

## १.७. शोधविधि

प्रस्तुत शोधकार्यलाई मूर्तरूप दिनका लागि अँगालिएका शोधविधि अन्तर्गतका सामाग्री सङ्कलन विधि र सामग्री विश्लेषणको सैद्धान्तिक ढाँचा निम्नलिखित रहेका छन् :

### १.७.१ सामग्री सङ्कलन विधि

शोधकार्य गर्ने क्रममा सामग्री सङ्कलन गर्नका लागि पुस्तकालयीय पद्धतिको प्रयोग गरिएको छ । पुस्तकालयबाट शोध शीर्षकसँग सम्बन्धित उपयुक्त पुस्तक, विभिन्न पत्रपत्रिकामा भएका लेख रचनाहरु सङ्कलन गरिएको छ ।

### १.७.२. सामग्री विश्लेषणको सैद्धान्तिक ढाँचा

प्रस्तुत शोधकार्यमा सङ्कलित सामग्रीको विश्लेषणका निम्ति मनोविश्लेषणात्मक सिद्धान्तको अध्ययनबाट गोठालेका यौनमनोविश्लेषणात्मक कथाहरूको विश्लेषण गर्ने निम्नलिखित ढाँचा तयार पारिएको छ :

(क) जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्ति

(ख) अचेतन मन वा इदको चित्रण

(ग) यौनको मानसिक विकासमा प्रभाव

(घ) यौनजन्य मनोग्रन्थिका आधारमा चित्रण

(ङ) यौनजन्य प्रतीकहरूको प्रयोग र नाटकीकरण

### १.८. शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई सुसंगठित र व्यवस्थित रूपदिनका लागि निम्न परिच्छेद भित्रका मूल शीर्षकमा विभाजन गरिएको छ । प्रस्तुत शोधपत्रको परिच्छेदगत रूपरेखालाई यसप्रकार विभाजन गरिएको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : यौनमनोविश्लेषण सिद्धान्त र कथा विश्लेषणको ढाँचा

तेस्रो परिच्छेद : कथाकार गोविन्दबहादुर मल्ल 'गोठाले' को कथायात्राको चरण विभाजन र सर्वेक्षण

चौथो परिच्छेद : गोविन्द गोठालेका प्रथम चरणमा पर्ने यौनमनोविश्लेषणात्मक कथाहरुको विश्लेषण

पाँचौं परिच्छेद : गोविन्द गोठालेका द्वितीय चरणमा पर्ने यौनमनोविश्लेषणात्मक कथाहरूको विश्लेषण

छैटौं परिच्छेद : गोविन्द गोठालेका तृतीय चरणमा पर्ने यौनमनोविश्लेषणात्मक कथाहरूको विश्लेषण

सातौं परिच्छेद : निष्कर्ष

# दोस्रो परिच्छेद

# यौनमनोविश्लेषणात्मक सिद्धान्त र कथा विश्लेषणको ढाँचा

## २.१. परिचय

व्यक्तिको अचेतन मनमा रहेको कामशक्ति वा कामावेगहरूको अथवा यौनशक्तिको मनोविश्लेषणत्मक अध्ययन तथा विश्लेषण गर्ने सिद्धान्तलाई यौनमनोविश्लेषण सिद्धान्त भनिन्छ । यस सिद्धान्तका जन्मदाता सिग्मण्ड फ्रायड हुन् । उनी पेसाले चिकित्सक थिए । उनले सम्मोहन र हिस्टेरीयाका रोगीहरूको उपचारका क्रममा मनोविश्लेषण सम्बन्धी थुप्रै काम गरेका थिए । यही काम गर्दाको अनुभव र अनुसन्धानका आधारमा उनले जे जति सिद्धान्तहरू प्रतिपादन गरे त्यो नै आज फ्रायडको मनोविश्लेषणामक सिद्धान्तका नामले प्रसिद्ध छ । मनोविश्लेषणामक सिद्धान्त भित्रका फ्रायडले प्रतिपादन गरेका अनेक सिद्धान्तहरू मध्येको एक सिद्धान्त यौनमनोविश्लेषणामक सिद्धान्त पनि हो । उनका अनुसार यौन मानव जीवनको आवश्यक एवं महत्वपूर्ण तत्व हो । यसको मानव जीवन सञ्चालनमा महत्वपूर्ण भूमिका हुन्छ । यसको क्षतिपूर्ति सहज ढंगबाट भएमा सकारात्मक प्रभाव र दमन गर्न खोजिएमा वा कारणवस रोकावट आएमा यसले मानव जीवनमा नकारात्मक प्रभाव पार्दछ भन्ने फ्रायडको मान्यता रहेको छ । त्यसैले उनले यौन मानव जीवनको एक आवश्यक तत्व हो र यसको मनोविश्लेषणात्मक अध्ययन तथा विश्लेषण हुनु पर्दछ भन्दै यौनमनोविश्लेषणात्मक सिद्धान्तको प्रतिपादन गरेका छन् ।

सामान्य अर्थमा यौन भन्नाले अनुचित वा अनैतिक सम्बन्ध भन्ने बुझिन्छ । यौनको सही र एउटै परिभाषा गर्न गाह्रो छ । तै पनि फ्रायडले यौनको परिभाषा गर्ने कोशीस गरेका छन् । फ्रायडले यौनको अर्थ व्यापक र संकुचित गरी दुई तरिकाबाट लगाएका छन् । उनले “दुवै लिङ्गहरूको अन्तर वा भेदबाट सम्बन्धित प्रत्येक कुरा यौन हो” भनी यौनको व्यापक र अनिश्चित  परिभाषा गरेका छन् (सिंह,२०६३ : १२७) । त्यसै गरी उनले मैथुन वा संभोगलाई केन्द्रमा राखेर यौनको परिभाषा यसरी गरेका छन् : “प्रत्येक त्यो कुरा जो विपरीत लिङ्ग भएको शरीर (र बिशेष रूपले मैथुनको अङ्गहरू) बाट सुखदायक परिपूर्ति प्राप्त गर्न सम्बन्ध राख्छ” । त्यस्तै उनले संकुचित अर्थमा यौनको परिभाषा यसरी  गरेका छन् :  “त्यही नै यौन हो, जसको लक्ष्य जनेन्द्रियहरूको मिलन र मैथुनको परिपूर्ति हो” (सिंह,२०६३ : १२७) । यसरी फ्रायडको यस परिभाषाबाट प्रष्ट हुन्छ कि यौन त्यो चिज हो, जसमा लिङ्ग भेद, आनन्दजनक उत्तेजना र सन्तुष्टि, प्रजनन् कार्य, अनुचित धारणा र लुकाउने आवश्यक्ता सम्बन्धी सबै कुराहरू एक रूपमा आउँछन् ।

फ्रायडको मनोवैज्ञानिक सिद्धान्तको विकास र विस्तारमा उनका सहयोगी र समर्थक बनेर अल्फ्रेड एडलर र कार्ल गुस्ताव युङ्गले पनि सँगै काम गरे । तर पछिल्लो समयमा फ्रायडले यौनलाई

मात्र प्राथमिक्ता दिएर मनोविश्लेषणात्मक अध्यायन गर्न थालेपछि एडलर र युङ्गले उनको विचारमा असहमती जनाएर फ्रायडबाट अलग भए । त्यसपछि फ्रायडले अझ सशक्त रूपमा यौन सम्बन्धी अध्यायन गरी सिद्धान्तहरू प्रतिपादन गरे । यौनको अध्यायन अनुसन्धानबाट प्राप्त सिद्धान्तहरूलाई नै आज यौन सिद्धान्त भनिन्छ । उनले मान्छेका कामावेगहरूले मानिसको मनलाई, कला, संस्कृति र समाजका क्षेत्रमा धेरै उन्नति गर्नमा ठूलो मद्दत दिएको छ (सिंह,२०६३ : ८) भनी यौनको महत्व मानव जीवनमा कति छ भन्ने प्रष्ट्याएका छन् ।

यसरी फ्रायडले मानव जीवनमा यौनको महत्व प्रष्ट पार्दै यौनमनोविश्लेषण सिद्धान्तको स्थापना गरेका छन् । उनको यो सिद्धान्तको हाल विभिन्न साहित्य तथा समालोचनाका क्षेत्रमा प्रयोग हुने गरेको छ । यस सिद्धान्तको प्रयोग नेपाली साहित्य तथा समालोचनाका क्षेत्रमा समेत हुने गरेको छ । नेपाली साहित्यमा यसको पहिलो प्रयोग विश्वेश्वरप्रसाद कोइरालाले गरेका थिए । उनले सर्वप्रथम वि.सं. १९९२ मा *शारदा* मा प्रकाशित 'चन्द्रबदन' शीर्षकको कथामा पहिलोपटक यौनमनोविश्लेषणको प्रयोग गरेका थिए । कोइरालापछि भवानी भिक्षु, गोविन्दबहादुर मल्ल गोठाले आदिका कथामा पनि यौन मनोविश्लेषणको प्रयोग पाइन्छ । त्यसैले गोविन्दबहादुर मल्ल 'गोठाले'का कथामा प्रयोग भएको यौनलाई फ्रायडको यौनमनोविश्लेषण सिद्धान्तका मान्यताका आधारमा व्याख्या तथा विश्लेषण गर्ने काम यो शोधपत्रमा गरिएको छ ।

## २.२. फ्रायडको यौनमनोविश्लेषणात्मक सिद्धान्तका मान्यता तथा विशेषताहरू

फ्रायडले यौनमनोविश्लेषणात्मक सिद्धान्तको स्थापना निम्नलिखित विशेषता तथा मान्यताका आधारमा गरेका छन् :

### २.२.१. मूलप्रवृतिको सिद्धान्त

मूलप्रवृतिको सिद्धान्त फ्रायडको यौन मनोविश्लेषण सिद्धान्तको महत्वपूर्ण मान्यता हो । उनले व्यक्तिका मूलप्रवृत्तिलाई जीवन मूलप्रवृति र मृत्यु मूलप्रवृति गरी दुई भागमा विभाजन गरेका छन् । उनले जीवन मूलप्रवृतिलाई इरोस् (Eros) र मृत्यु मूलप्रवृतिलाई थोनाटस् (thanatos) भनेका छन् ।

### (क) जीवन मूलप्रवृत्ति

मान्छेले बाँच्नका लागि गर्ने प्रेम, मित्रता, आकर्षण, अनुराग, आशक्ति, यौन, प्रजनन्, रचना आदि कार्यलाई जीवन मूलप्रवृति भनिन्छ (शर्मा र लुइटेल,२०६३ : १७१) । फ्रायडले यसलाई कामशक्ति पनि भनेका छन् । लिबिडो मान्छेमा बाल्यकालदेखि नै रहेको हुन्छ । जुन कहिले स्वप्रेम त कहिले परप्रेमका रूपमा व्यञ्जित भइरहन्छ । स्वप्रेम आफ्नै सौन्दर्यशीलतामा मुग्ध हुने प्रवृत्ति हो भने परप्रेम अरूप्रति आकर्षित हुने गुण हो (भट्टराई,२०६२ : ७२) । फ्रायडका अनुसार जीवन मूलप्रवृतिले व्यक्तिलाई रचनात्मक कार्यतर्फ उन्मुख गराउँछ । व्यक्तिको अनेक प्रवृत्तिहरूमध्ये प्रमुख प्रवृत्ति

यौनेच्छा हो । जीवन मूलप्रवृत्ति प्रबल भएको व्यक्तिहरू जो आफ्नो यौन सन्तुष्टि यथार्थ रूपमा गर्न चाहान्छन् र ती मान्छेहरू जो आफ्नो मनमा कल्पना गरेर साथै अर्को व्यक्तिको गोपनीय कार्यहरूलाई वा अङ्गहरूलाई हेर्दै छुँदै वा नजिक हुँदै नै सन्तुष्ट हुन्छन् । त्यस्तै यिनीहरू कल्पनाशील हुनाले आफ्ना दमित इच्छाहरूलाई आफ्ना रचना सिर्जनामा प्रस्तुत गरेर पनि सन्तुष्टि प्राप्त गर्दछन् । त्यस्ता व्यक्तिहरूलाई ठीक यौन केन्द्रको आवश्यक्ता हुँदैन (सिंह, २०६३ : १३०) ।

यसरी जीवन मूलप्रवृतिले मानव जीवनमा यौनको सकारात्मक प्रभावलाई देखाउँछ । यसले मान्छेमा जीवन बाँच्ने संघर्षको बाटोलाई सहज बनाउँछ ।

### (ख) मृत्यु मूलप्रवृत्ति

जीवन मूलप्रवृतिको ठीक विपरीत मृत्यु मूलप्रवृति हुन्छ । फ्रायडका अनुसार मान्छेले विनास, ध्वंस, हत्या, हिंसा, हानीनोक्सानी, आदि उद्देश्यले गर्ने घृणा क्रोध, युद्ध, झगडा, हत्या, आत्महत्या, आदि कार्यलाई मृत्यु मूलप्रवृत्ति भनिन्छ (शर्मा र लुइटेल, २०६३ : १७१) । फ्रायडले मृत्यु मूलप्रवृत्तिलाई पनि दुई भागमा विभाजन गरेका छन् : स्वपीडन प्रवृत्ति र परपीडन प्रवृत्ति ।

### (अ) स्वपीडन प्रवृत्ति

यौनेच्छाले आक्रान्त व्यक्तिले आफूलाई क्षति पुऱ्याएर भए पनि यौन आनन्द दिने मानिसको प्रवृतिलाई स्वपीडन प्रवृत्ति भनिन्छ । त्यस्तै व्यापक अर्थमा चाहिँ अन्य कुनै किसिमले आफूलाई दुःख दिएर आनन्दित हुने असामान्य वृत्तिलाई पनि सङ्केत गर्दछ । स्वपीडन पुरुषमा कम र महिलामा बढी हुन्छ (बराल, २०६८ : ३८) ।

### (आ) परपीडन प्रवृत्ति

यौनेच्छाले आक्रान्त व्यक्तिले अरूलाई क्षति पुऱ्याएर वा पीडा दिएर भए पनि यौनान्द लिने प्रवृत्तिलाई परपीडन प्रवृत्ति भनिन्छ । यस्तो प्रवृत्ति भएको व्यक्ति यौन सम्पर्कका सन्दर्भमा अङ्ग-भङ्ग गरेर, बलात्कार गरेर र यौन साथीको हत्या गरेर पनि आनन्द प्राप्त गर्न पछि नपर्ने स्वभावको हुन्छ । यस्तो व्यक्ति आफूले अरूलाई दुःख दिएर वा अरूले कसैलाई दिएको दुःख हेरेर पनि आनन्द लिने गर्दछ । परपीडन प्रवृत्ति महिलाहरूमा भन्दा पुरुषहरूमा बढी हुन्छ (बराल, २०६८ : ३७) । यो प्रवृत्तिको विकास मान्छेमा बाल्यवस्थाको दोस्रो चरण वा गुदावस्थाबाट नै प्रारम्भ हुन्छ भन्ने फ्रायडको भनाइ छ ।

यसरी फ्रायडले प्रतिपादन गरेको जीवन मूलप्रवृतिले मान्छेमा रहेको दमित यौनेच्छाको समाधान सहज र सफल तरिकाले गर्छ भने मृत्यु मूलप्रवृतिले ध्वंसात्मक तरिकाबाट आनन्द प्राप्त गर्न खोज्दछ । यी दुई प्रवृत्ति एकअर्काका बिरोधी शक्तिहरू हुन् । फ्रायडले यी दुई शक्तिको समिश्रणबाट विरोधी भाव सिद्धान्तको स्थापना गरेका छन् ।

### २.२.२. **मनको सिद्धान्त**

फ्रायडले यौन सिद्धान्तको प्रतिपादन गर्दा सबैभन्दा बढी महत्व मानव मनलाई दिएका छन् । जसलाई व्यक्तित्व संरचना भनिन्छ । यसैलाई केन्द्रविन्दु बनाएर मानव मनलाई गत्यात्मक पक्ष र आकारात्मक पक्ष गरी दुई भागमा बाँडेर फ्रायडले आफ्ना विचार प्रस्तुत गरेका छन् ।

**(क) गत्यात्मक पक्ष**

फ्रायडले गत्यात्मक मनलाई इद, अहम् र पराहम् गरी तीन भागमा विभाजन गरेका छन् । उनका अनुसार इद मनोजैविकीय तत्व हो । यसको उद्देश्य सुख प्राप्त गर्नु वा आनन्द प्राप्त गर्नु भन्ने हुन्छ । यो अचेतन मनसँग सम्बन्धित हुन्छ । यसले आफ्ना अनैतिक इच्छाहरू पुरा गर्न समय, सामाजिकता, अनुकूलता केहीको पनि पर्वाह राख्दैन । जीवन मूलप्रवृति र मृत्यु मूलप्रवृतिको प्रमुख केन्द्र नै इदम् हो । यो भित्री जगतसँग सम्बन्धित हुन्छ । यसलाई व्यक्तिको यौनेच्छाको प्रमुख उद्‌गमस्थल पनि मानिन्छ । यौनेच्छाबाट सन्तुष्टि लिन यसको पराहम्सँग द्वन्द्व चलिरहन्छ । अहम्, इदका छाडा इच्छाहरूलाई सामाजिक मुल्यमान्यता वा बाहिरी वातावरणसँग समन्वय गराई सम्झौता गर्न प्रोत्साहन गर्छ र उचित वा अनुकूल समयमा इदका इच्छाहरूलाई तुष्टि प्रदान गर्दछ । यसले इद र पराहम् बीचका विवादलाई सम्झौता गरी सन्तुलन कायम गर्दछ । पराहम् समाजिकता, नैतिकता र आदर्शको प्रतिनिधित्व गर्ने शक्ति हो । यसको सम्बन्ध चेतन मनसँग हुन्छ । त्यसैले चेतन मनमा सञ्चित सामाजिक आदर्श तथा सांस्कृतिक प्रमाण नै परहम्का रूपमा विकसित भएको हुन्छ । यसले इदका असामाजिक, अनैतिक तथा अस्वीकार्य मूलप्रवृतिहरूलाई चेतनामा आउन रोक्छ र अचेतनतिर हुत्याउँछ । यसरी इद र पराहम्का बीच द्वन्द्व सुरु हुन्छ । यहिंबाट दमनकार्यको सुरुवात हुन्छ (शर्मा र लुइटेल, २०६३ : १७४) ।

यसरी इद व्यक्तिको मानसिक पक्षसँग सम्बन्धित रहन्छ । भौतिक वातारणसँग सम्बन्ध स्थापना गरी व्यक्तिले अस्तित्व रक्षा गरोस् भन्नेमा इगो पक्ष केन्द्रित हुन्छ । इगो मान्छेभित्रको मान्छे हो जसले व्यक्तिलाई राक्षस बन्न दिदैन भने भगवान बनाउन पनि सक्दैन । केवल समन्वय मात्र गर्दछ । पराहम् मान्छेभित्रको देवता हो । जसले व्यक्तिलाई कुकार्य गर्नबाट रोक्ने प्रयत्न गर्दछ ( भट्टराई, २०६२ : ७४–७५) ।

**(ख) आकारात्मक पक्ष**

फ्रायडले आकारात्मक पक्षलाई चेतन, अचेतन र अवचेतन गरी तीन भागमा विभाजन गरेका छन् । यस पक्षमा उनले मनको तुलना समुद्रमा तैरने हिमशीलासँग गरेको पाइन्छ । समुद्रमा रहेको धेरै जसो भाग अर्थात ९/१० भाग पानीभित्र र १/१० भाग अर्थात थोरै पानी बाहिर रहेजस्तो मान्छेको मन पनि थोरै मात्र देखिने वा बुझिने र धेरै भाग चाहिं लुकेको वा बुझ्न नसकिने अवस्थामा हुन्छ । देखिने भाग चेतन हो भने डुबेको अधिकांश भाग चाहिं अचेतन हो । पानीको सतहमा रहेको

हिमशीलाको पानी माथिको सानो भाग र पानीमा डुबेको ठूलो भागलाई जोड्ने बीचको सानो भागलाई अवचेतन मन भनेका छन् (बराल, २०६८ : १३) ।

चेतन मन वर्तमानसँग सम्बन्धित मन हो र यो क्षणिक हुन्छ । चेतन मन सामाजिक प्रतिबन्धहरूले युक्त मन हो । मानवीय सभ्यता, संस्कृति, आचार–विचार यसैसँग सम्बद्ध हुन्छन् । यो मन नैतिकता र कानुनी नियमद्वारा सञ्चालित हुन्छ । यसले अचेतनका छाडा इच्छाहरूलाई वा कामात्मक आवेग वा यौनेच्छाहरूको दमन गर्दछ ।

अचेतन मन चाहिं चेतना शून्य मन हो । यसमा थाहा नपाएका वा बिर्सिएका वा दमित इच्छाहरू रहेका हुन्छन् । यौनजन्य वा कामजन्य इच्छाहरूको मूलस्रोत पनि यही हो । अचेतनका यौनेच्छालाई निकासमा रोक लगाएपछि ती इच्छाहरू दमित र कुण्ठित हुन्छन् । यस्ता दमित वा कुण्ठित भावहरूले मनोग्रन्थिको रूप लिन्छन् । दमित इच्छाहरूको मूलस्रोत अचेतन मन नै हो । साहित्यकारहरू आफ्ना साहित्य सिर्जना मार्फत आफ्ना दमित इच्छाहरू वा कामवासनाबाट सन्तुष्टि लिने गर्छन् भन्ने फ्रायडको भनाइ छ । उनका अनुसार मानिसका कुण्ठित र दमित इच्छाहरू परिष्कृत भएर साहित्य, कला तथा संस्कृतिको निर्माण हुन्छ । उनका विचारमा साहित्यकार वा कलाकार कल्पनाशील हुन्छ र उसले आफ्ना कुण्ठा तथा दमित इच्छाहरू कामप्रतीकका रूपमा अभिव्यक्ति गर्छ । कला र साहित्यको सिर्जना कामप्रतीकहरू कै पुनर्निर्माण हो भन्ने उनको दृष्टिकोण रहेको छ । उनले कला र साहित्यमा मात्र नभएर मानिसका प्रत्येक क्रियाकलापमा काम वासना वा कामशक्ति नै उत्प्रेरक तथा मुख्य सञ्चालक हुन्छ भनेका छन् (शर्मा र लुइटेल, २०६३ : १७३) ।

अर्धचेतन मन चेतन र अचेतन मनलाई जोड्ने मन हो । यसलाई स्मृति र इच्छाको भण्डारका रूपमा लिइन्छ । यसमा रहेका स्मृति र इच्छाहरूलाई व्यक्तिले तत्काल चेतनामा फर्काएर पुनःस्मरण गर्न सक्छ ।

यसरी फ्रायडले मनको आकारात्मक विभाजनलाई चेतन, अचेतन र अर्धचेतन गरी तीन भागमा छुट्याएका छन् भने गत्यात्मक विभाजनलाई इद, अहम् र पराहम् गरी तीन भागमा छुट्यााएका छन् । यी मनहरू मध्ये इद अचेतन मनसँग सम्बन्धित मन हो । इद र अचेतन मन नै यौनका वा कामवासनात्मक इच्छाहरूको भण्डार हो । यिनीहरू त्यस्ता सन्तुष्टिका लागि सँधै प्रयत्नरत हुन्छन् । तर यी यस्ता छाडा इच्छाहरू वा समाजबाट प्रतिबन्धात्मक इच्छाहरूलाई चेतन मन र पराहम्ले रोक लगाउँछ । त्यस्तै अहम्ले त्यस्ता इच्छाहरू पुरा गर्न इद र सुपरइगो बीच सन्तुलन कायम गर्ने काम गर्छ भने अर्धचेतनले चेतन र अचेतन मनलाई जोड्ने काम गर्दछ ।

### २.२.३. **दमन सिद्धान्त र ग्रन्थिविज्ञान**

फ्रायडले व्यक्तिमा बाल्यकालदेखि नै दमन प्रक्रिया सुरु हुने बताएका छन् । हाम्रा सम्पूर्ण इच्छा, आकांक्षा, रहर र चाहानाहरू पुरा गर्ने जिम्मा चेतन मनको हुन्छ । तर हाम्रा कतिपय इच्छा आकाङ्क्षाहरू समाजबाट प्रतिबन्धित गरिएका हुन्छन् । त्यस्ता इच्छाहरू चेतन मनले पुरा गर्न

सक्दैन । त्यस्ता इच्छाहरूलाई चेतन मनले जबर्जस्ती अचेतन मनतिर हुत्त्याउँछ र ती इच्छाहरू दमित तथा कुण्ठित हुन्छन् । चेतन मनको यो कार्यलाई नै दमन प्रक्रिया भनिन्छ । यसरी दमित भावहरूबाट विभिन्न मनोग्रन्थिहरूको निर्माण हुने धारणा फ्रायडको छ ।

फ्रायडका दमन सिद्धान्त र ग्रन्थिविज्ञानको पारस्परिक सम्बन्ध छ र यी दुवै सिद्धान्तहरू व्यक्तिको यौन अचेतनसँग सम्बद्ध छन् । यी दुवै सिद्धान्तहरूको विकासका सन्दर्भमा फ्रायड के भन्छन् भने जब मानिसका अनन्त मानसिक इच्छाहरू पुरा हुन नसकेर तिनले वासनात्मक संस्कारको रूप लिन्छन् अनि उसमा ग्रन्थिको विकास हुनथाल्छ । यसरी सामाजिक, नैतिक वा अन्य कुनै कारणले परितृप्त हुन नपाएका इच्छाहरूले वासनात्मक संस्कारको रूप लिन्छन् अनि उसमा मनोग्रन्थिको विकास हुन थाल्छ । सामाजिक, नैतिक वा अन्य कुनै कारणले परितृप्ति हुन नपाएका इच्छाहरूले वासनात्मक संस्कारको रूप लिनु अगावै व्यक्तिमा दमन मनोरचनाको विकास भइसकेको हुन्छ (शर्मा, २०६७ : ९) । दमनकाकारण व्यक्तिहरू क्रुर, हिंस्रक, पशु बनेर, हत्या, आतङ्क, बलात्कार जस्ता कार्यहरूमा संलग्न हुन्छन् । उनीहरू मनस्तापी, मनोरोगी, विक्षिप्त र असामान्य प्रवृत्तिका देखिन्छन् भन्ने फ्रायडको ठहर छ ।

फ्रायडले मानव मनका नैसर्गिक पक्षको खोज गर्दा के कुरा पत्ता लगाएका छन् भने छोरामा आफ्नी आमाप्रति यौन आकर्षण पाइन्छ भने छोरी बाबुप्रति आकर्षित हुन्छे । छोराको मनभित्र नैसर्गिक रूपमा विकसित हुने यौनाकाङ्क्षाको सञ्चित संस्कारलाई यिनले मातृप्रणय ग्रन्थि (इडिपस ग्रन्थि) भनेका छन् भने छोरीमा विकसित यौनाकाङ्क्षालाई पितृप्रणय ग्रन्थि (इलेक्ट्रा ग्रन्थि) भनेका छन् (शर्मा, २०६७ : १०) । फ्रायडले मातृप्रणय ग्रन्थिलाई जीवन सञ्चालनका लागि प्रेरणाको स्रोत मानेका छन् । मातृप्रणय ग्रन्थि र पितृप्रणय ग्रन्थिका साथै व्यक्तिमा उच्चता, हीनता, स्वपीडन र परपीडन ,स्वप्रेम र परप्रेम ग्रन्थि पनि हुन्छ । फ्रायडका अनुसार आफूलाई बलवान् ठानी शक्ति प्रदर्शन् गरी आत्मासम्मान खोज्ने र स्वार्थपूर्ति गर्ने चाहाना राख्नु उच्चता ग्रन्थिको प्रभाव हो भने क्रियात्मक कमी तथा मानसिक अल्पक्षमता उत्पन्न हुनु हीनता ग्रन्थि हो । त्यस्तै आफूलाई क्षति पुऱ्याएर भएपनि अरूलाई यौन सन्तुष्टि दिने ग्रन्थिलाई स्वपीडन र अरूलाई क्षतिपुऱ्याएर भएपनि वा आक्रमण गरी यौन आनन्द लिने ग्रन्थिलाई परपीडन ग्रन्थि भनिन्छ । आफूलाई माया गर्ने वा आफ्नो प्रशंसा आफैँ गर्ने ग्रन्थि स्वप्रेम र अरुलाई प्रेम गर्ने वा अरुसँग आकर्षित हुने ग्रन्थि परप्रेम ग्रन्थि हो ।

### २.२.४. **मनोलैङ्गिकताको सिद्धान्त**

फ्रायडले यौनशक्ति वा काम शक्तिलाई मानव जीवनको महत्वपूर्ण शक्तिका रूपमा व्याख्या गरेका छन् । मानव जीवनको सम्पूर्ण कार्यहरूको प्रेरणाको स्रोत भनेकै कामशक्ति वा यौनशक्ति हो । फ्रायड चेतनस्तरलाई भन्दा अचेतनस्तरलाई विस्तृत ठान्छन् र अचेतनमा दमित इच्छाहरूमा प्रमुख इच्छा कामेच्छा नै हो भन्दछन् । मानिस आनन्दको भोको हुन्छ र ऊ जन्मदेखि मृत्युपर्यन्त आनन्दको खोजिमा रहन्छ । मानिसको बाल्यकाल त झन् आनन्दकै सिद्धान्तद्वारा सञ्चालित हुन्छ । फ्रायडले मान्छेको जीवनमा आनन्दको चाहाना गराउने र अन्य कार्यहरूका लागि पनि प्रेरकको भूमिका बहन

गर्ने शक्ति यौन प्रचालक वा कामवृत्ति हो भनेका छन् भने बच्चामै पनि यसै शक्तिले कार्य सञ्चालन गर्छ भन्ने विचार प्रकट गरेका छन् । फ्रायडले यौनिकतालाई सम्भोगका अर्थमा मात्र नलिइ व्यापक अर्थमा लिएका छन् । सम्पूर्ण इन्द्रिय सुख र त्यसमा पनि छालासँग सम्बन्धित सम्पूर्ण आनन्ददायक संवेदनाहरू यौनिकताभित्रै पर्दछन् भन्ने ठहर छ । यस अर्थमा प्रेम, स्पर्श, चुम्बन जस्ता कुरा पनि यौनभित्रै आउँछ । फ्रायडका अनुसार व्यक्ति जीवनमा आउने विभिन्न मनोलैङ्गिक अवस्थाहरू निम्नलिखित छन् (बराल, २०६८ : ४५) :

### (क) मौखिक मनोलैङ्गिक अवस्था

फ्रायडका अनुसार यो पहिलो मनोलैङ्गिक अवस्था हो । यो अवस्था बच्चाको जन्मदेखि अठार महिनासम्म रहन्छ । यस समयमा बच्चाले आमाको स्तन चुसेर र टोकेर आनन्द लिन्छ भन्ने दृष्टिकोण फ्रायडको छ । यस अवस्थामा बच्चाले आफ्नै जिब्रो वा औंला चुसेर पनि आनन्द प्राप्त गर्दछ । यसबेला बच्चाले प्राप्त गर्ने आनन्दलाई फ्रायडले आत्मप्रेम वा स्वकामुकता भनेका छन् । मान्छेमा पछिसम्म रहने चुम्बन गर्ने, चुस्ने, कलम पेन्सिल मुखमा हाल्ने प्रवृत्ति यही अवस्थाको परिणाम हो । मौखिक अवस्थामा चुसेर आनन्द लिन नपाएका व्यक्तिहरू पछि आक्रमक र निरासावादी प्रवृत्तिका हुन्छन् (बराल, २०६८ : ४५–४६) ।

### (ख) मलप्रद अवस्था

यो दोस्रो मनोलैङ्गिक अवस्था हो । अठार महिनादेखि चार बर्षसम्मको बच्चाले मलमुत्र त्यागेर आनन्द लिन्छन् भने कहिले रोकेर पनि आनन्द लिन्छन् । मलमुत्र त्याग्न बच्चालाई बाबु आमाले सिकाउने र यस आज्ञालाई पालना गर्दा पुरस्कृत पनि हुने भएकाले ऊ मलमुत्र त्याग्न बाध्य हुन्छ । फ्रायडका अनुसार बच्चाले ओछ्यानमा पिसाब फेर्दा पनि कामुक आनन्दको अनुभव गर्छ भने अर्कातिर आमाबुबालाई अपमानित गर्न र आक्रमक स्वभाव देखाउन पनि यस्तो कार्य गर्छ । यस अवस्थामा अहम्को विकास प्रारम्भ भैसक्ने हुनाले ऊ यथार्थबाट परिचित पनि हुन थाल्छ । तर आनन्दको प्राप्ति नै उसको मूल लक्ष्य रहन्छ । यस अवधिलाई फ्रायडले परपीडक भनेका छन् (बराल, २०६८ : ४६) ।

### (ग) लिङ्गीय मनोलैङ्गिक अवस्था

यो मनोलैङ्गिक अवस्थाको तेस्रो तह हो । चार बर्षदेखि सात बर्षसम्मको अवधिलाई यस अवस्थाभित्र राखिएको पाइन्छ । यस अवधिमा बच्चा आफ्नो जनेन्द्रियलाई हातले खेलाएर आनन्द लिने गर्छ । लिङ्ग हातले खेलाउँदा ठूलाले काट्ने धम्की दिने हुँदा केटामा बन्ध्याकरण चिन्ता उत्पन्न हुन्छ भने आफ्नो लिङ्ग नहुने भएकाले केटीमा लिङ्ग ईर्ष्या उत्पन्न हुन्छ । यस अवस्थामा केटाहरू लिङ्ग भएकामा गौरव गर्छन् भने केटीहरू आमाको स्तन देखेर आफूमा पनि पछि त्यस्तै हुने आशामा

रमाउँछन् । उनीहरूमा मातृरति ग्रन्थि र पितृरति ग्रन्थिको विकास पनि यसै समयमा हुन्छ । मातृरति ग्रन्थि उचित किसिमले विकसित नभई यसमा अवरोध आयो भने पछि त्यस्तो व्यक्ति विपरीत लिङ्गीलाई होच्याउने र घृणा गर्ने पनि हुन्छ र कतिपय युवायुवतीहरू उन्मादको सिकार बन्दछन् । यस अवस्थामा बच्चा तानाशाहा, परपीडक, उत्तेजक पनि हुन्छ र ऊ पूर्णरूपले सुख सिद्धान्तबाट निर्देशित हुन्छ (बराल, २०६८ : ४६–४७) ।

### (घ) गुप्त मनोलैङ्गिक अवस्था

यो जीवनको चौथो मनोलैङ्गिक अवस्था हो र यो अवस्था बच्चामा लगभग सात बर्षको उमेरदेखि बाह्र बर्षको उमेरसम्म कायम रहन्छ । यस अवस्थामा पराहम्को प्रारम्भ भई सक्ने हुँदा नैतिक कार्यतिर बच्चाहरू अग्रसर हुन थाल्दछन् । देखादेख जनेन्द्रिय खेलाएर आनन्द लिने क्रियाकलाप बन्द हुन्छ साथै यौनिक आवेग दमित हुन्छ । फ्रायडका अनुसार यस अवस्थामा कामवृति शिक्षा वा सामाजिक ज्ञान हासिल गर्न केन्द्रित हुन्छ । उनले यसलाई परिपक्व लैङ्गिकताको अवस्था भनेका छन् (बराल, २०६८ : ४७) ।

### (ङ) जनेन्द्रिय मनोलैङ्गिक अवस्था

यो अवस्था बाह्र बर्षको उमेरबाट प्रारम्भ भई बीस बर्षसम्म रहन्छ । यसै समयमा यिनीहरू जवानीतिर प्रवेश गर्छन् । यस समयमा उनीहरूलाई यौन समागम र त्यसका साधनबारे जानकारी प्राप्त हुन्छ । यसै समयमा आत्मारतिको स्थान विषम लिङ्गी रतिले लिन पुग्छ । उनीहरू गीत गजल आदिमा पनि रुचि लिन थाल्छन् (बराल, २०६८ : ४७) ।

## २.२.५. प्रतीक विधान

फ्रायडले चेतनस्तरमा रहेका इच्छाहरू दमित हुने कारणले नै स्वप्न वा दिवास्वप्न आदि मार्फत मानिसले अप्रत्यक्ष रूपमा ती इच्छाहरू पूरा गर्दछ भन्ने विचार व्यक्त गरेका छन् । वास्तविक जीवनमा पूरा हुन नसकेका मानिसका दमित इच्छाहरूले सपनाबाट पूरा हुन आउँदा प्रत्यक्ष बाटो नभएर अप्रत्यक्ष बाटो समाउँछन् । यसरी अप्रत्यक्ष रूपमा सपनाबाट पूरा हुन आएका इच्छाहरू प्रतीकात्मक हुने गर्दछन् । व्यक्तिले देखेका सपना वा दिवास्वप्नामा दमित इच्छाको क्षतिपूर्ति भएको हुन्छ । स्वप्न सम्बन्धी गरेको चिन्तन कै प्रसङ्गमा प्रतीक विधानका बारेमा चर्चा गरेका छन् । उनको उल्लेख्य ग्रन्थ *फ्रायडको मनोविश्लेषण* (नेपालीमा अनुवाद भएको) पुस्तकको अध्याय छ मा 'सपना प्रतीकात्मकता' शीर्षक अन्तर्गत प्रतीक विधानका बारेमा स्पष्ट व्याख्या गरिएको छ । फ्रायडका अनुसार सपनाका अधिकांस प्रतीक लैङ्गिक वा यौन प्रतीकहरू हुन्छन् । सपनामा देखिएका त्यस्ता प्रतीकहरूको अर्थ वा आशय आफ्नै किसिमको हुन्छ । सपनामा देखिने त्यस्ता प्रतीकहरूलाई फ्रायडले स्त्री र पुरुष जनेन्द्रियका रूपमा अर्थ्याउने प्रयास गरेका छन् । उनले लठ्ठी, छाता, खम्बा, रुख, चक्कु, तरबार, छुरा, भाला, बन्दुक, रिभल्बर जस्ता लामा, धारिला र भेदक तथा टुटी, केटली, झरना जसबाट पानी बग्दछ आदि वस्तुहरूलाई पुरुष जनेन्द्रियका रूपमा व्याख्या गरेका छन् । त्यस्तै खुल्ला

चौर, खाल्डो, गुफा, बोतल, गर्त, जेब, टपरी, जुत्ता, जहाज, झाडीजंगल जस्ता चेप्टा र धारण गर्ने किसिमका वस्तुलाई स्त्री जनेन्द्रियका रूपमा, आलमारी, स्टोभ र कोठालाई गर्भाशयको प्रतीकका रूपमा, झ्याल र ढोका आदिलाई स्त्रीका प्रतीकका रूपमा अर्थ्याएका छन् । यसैगरी यात्रा गर्नु, पौडिनु, रुख चढ्नु, हावामा उड्नु, सवार गर्नु, उक्लिनु, नाच्नु आदि कार्यलाई यौन क्रिडाका प्रतीकका रूपमा व्याख्या गरेका छन् । त्यसैगरी आँप, अनार, स्याउ, नास्पाती जस्ता गोला वा बाटुलो आकृति भएका वस्तुले वा फलहरूले स्तनको सूचन गर्दछ (सिंह, २०६३ : ६१–६५) ।

फ्रायडले अचेतनका दमित इच्छाहरूलाई नै साहित्यको मूल स्रोत र साहित्यकार मनोरोगी दिवास्वप्न द्रष्टा हो भन्ने मान्यता राखेका छन् । साहित्यकारहरूले आफ्नो वास्तविक जीवनबाट प्राप्त गर्न नसकेका इच्छा आकाङ्क्षाहरू काल्पनिक संसारबाट प्राप्त गर्दछन् । त्यस्तो कल्पनालाई आफ्नो प्रतिभाले सिंगारेर साहित्यिक सिर्जना गर्दछन् । त्यस्तो कल्पना पनि एक किसिमको स्वप्न नै हो । जसरी दमित यौनेच्छाको निकासको एक मात्र बाटो सपना हुन्छ त्यसरी नै साहित्यकारका दमित इच्छा, कुण्ठा वा वासनात्मक वृत्तिहरूको निकासको बाटो साहित्यिक रचना हुन्छ । त्यसैले प्रतीकीकरण वा प्रतीक विधान दुवै खाले स्वप्न (स्वप्न र दिवास्वप्न) मा निहित हुने गर्दछ । इच्छा पूर्तिका माध्यमका रूपमा प्रयोग भएको साहित्यकारको सिर्जनामा पनि अभिव्यक्ति शैली सोझो नभएर प्रतीकात्मक हुने गर्दछ । मनोविश्लेषणात्मक साहित्यकारहरूका रचनामा प्रतीक प्रयोग अत्याधिक पाइन्छ ।

यसरी प्रस्तुत यौनमनोविश्लेषणको सैद्धान्तिक मान्यताको सारवस्तुलाई आधार मानेर बुँदागत रूपमा फ्रायडीय यौन चिन्तनलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

(क) यौनेच्छाको सन्तुष्टि वा कामवासनाको तुष्टिका लागि जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्तिको भूमिकाको चित्रण ।

(ख) दमित यौनेच्छा वा कुण्ठाका कारण चेतन र अचेतन मन वा इद र सुपरइगो बीचको द्वन्द्व प्रस्तुत ।

(ग) अचेतन मनका कामेच्छा वा वासनाको दमन, जसबाट पात्रका मनमा उब्जिएका मानसिक कुण्ठा, असमानता र विक्षिप्त स्थितिको विश्लेषण ।

(घ) दमित यौन कुण्ठाका कारण उत्पन्न मनोग्रन्थिको परिचर्चा ।

(ङ) यौनजन्य प्रतीकहरूको प्रस्तुति ।

## २.३. कथामा यौनविश्लेषण गर्ने ढाँचा

माथिको यौनमनोविश्लेषण सिद्धान्तको अध्यायनबाट कथामा यौनमनोविश्लेषण गर्ने ढाँचाहरूलाई निम्नानुसार छुट्याउन सकिन्छ :

### २.३.१. **जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्तिका आधारमा**

यौनेच्छाको सन्तुष्टि वा कामवासनाको तुष्टिका लागि यौन केन्द्रको आवश्यक्ता नपर्ने, स्वप्ना, कल्पना तथा साहित्यिक रचनाहरू सिर्जना गर्ने अथवा यौनाङ्गहरू हेरेर वा छोएर नै आनन्दित हुने जीवन मूलप्रवृत्ति र यौन सन्तुष्टिका लागि यौन केन्द्रको आवश्यक्ता पर्ने, आफूलाई पीडा दिएर भएपनि अरूलाई सन्तुष्टि दिने स्वपीडन प्रवृत्ति, अरूलाई पीडा दिएर अथवा दुःख दिएर, बलात्कार गरेर वा अङ्गभङ्ग गरेर यौनानन्द लिने परपीडन प्रवृत्ति दुवै पर्ने मृत्यु मूलप्रवृत्तिका आधारमा यौन मनोविश्लेषण गर्न सकिन्छ ।

### २.३.२. **अचेतन मन वा इदको चित्रणका आधारमा**

पात्रको अचेतनमा रहेका दमित यौन इच्छा वा कामवासना वा कुण्ठाहरूको चित्रण र तृप्तिका लागि चेतन र अचेतन मन बीच हुने द्वन्द्व अथवा इदका इच्छाहरूको तुष्टिका लागि इद र सुपरइगो बीच हुने द्वन्द्वका आधारमा पनि यौनमनोविश्लेषण प्रयोग भएका कथाको विश्लेषण गर्न सकिन्छ ।

### २.३.३. **यौनले मानसिक विकासमा पार्ने प्रभावका आधारमा**

पात्रका अचेतन मनमा रहेका यौनेच्छा वा कामवासनाको दमन, जसबाट पात्रका मनमा उब्जिएका मानसिक कुण्ठा, असामान्यता र विक्षिप्त स्थितिको विश्लेषणका आधारमा पनि यौन मनोविश्लेषण प्रयोग भएका कथाको विश्लेषण गर्न सकिन्छ ।

### २.३.४. **यौनजन्य विभिन्न मनोग्रन्थिको चित्रणका आधारमा**

चेतनमनद्वारा अचेतनमा रहेका यौनेच्छाको दमनका कारण संगठित रूपमा पात्रका मनमा उत्पन्न मनोग्रन्थिका आधारमा पनि यौनमनोविश्लेषण प्रयोग भएका कथाको विश्लेषण गर्न सकिन्छ ।

### २.३.५. **यौन प्रतीकहरूको प्रयोग र नाटकीकरणका आधारमा**

कथामा नाटकीकरण गरी प्रयोग गरिएका यौनजन्य प्रतीकहरूका आधारमा पनि यौनमनोविश्लेषण प्रयोग भएका कथाहरूको विश्लेषण गर्न सकिन्छ ।

## २.४. **निष्कर्ष**

गोविन्दबहादुर मल्ल 'गोठाले' मूलतः समाजमनोविश्लेषण गरी कथा लेख्ने कथाकारका रूपमा परिचित भए पनि उनी यौनमनोविश्लेषणको प्रयोग गरी कथालेख्ने कथाकार पनि हुन् । त्यसैले उनलाई यौनमनोविश्लेषणात्मक कथाकार पनि भनिन्छ । उनले करिब छ दशक लामो आफ्नो कथा यात्रामा अठ्ठाइस ओटा कथा यौनमनोविश्लेषणको प्रयोग गरी लेखेका छन् । उनका यौनमनोविश्लेषणको प्रयोग भएका यिनै कथाहरूको विश्लेषण र मूल्याङ्कन गर्ने प्रारम्भिक

सिलसिलामा यस परिच्छेदमा यौन मनोविश्लेषणको सामान्य परिचय खुलाउने र यौनमनोविश्लेषणको प्रयोग गरी लेखिएका कथाहरूको विश्लेषण गर्ने ढाँचाहरू तयार पार्ने काम गरिएको छ । तिनै ढाँचाका आधारमा अब पछिल्लो परिच्छेदमा गोठालेको कथायात्राको चरण विभाजनका क्रममा उनका यौनमनोविश्लेषण प्रयोग भएका कथाको छनौट गर्ने काम गरिन्छ ।

### तेस्रो परिच्छेद

# कथाकार गोविन्दबहादुर मल्ल 'गोठाले'को कथायात्राको चरण विभाजन र सर्वेक्षण

## ३.१. परिचय

गोविन्दबहादुर मल्ल गोठाले (वि.सं. १९७९ – २०६७) आधुनिक नेपाली साहित्यका विविध विधामा कलम चलाउने विशिष्ट साहित्यकार हुन् । उनले आधुनिक नेपाली साहित्यका कविता, कथा, नाटक र उपन्यास विधामा महत्वपूर्ण योगदान दिएका छन् । आइ.एस्.सी. सम्मको अध्यायन गरेका गोठालेलाई घरको साहित्यिक वातावरण, घरमा हुने साहित्यिक जमघट र लक्ष्मीप्रसाद देवकोटा, गोपालप्रसाद रिमाल, सिद्धिचरण श्रेष्ठ र भवानी भिक्षु लगायतका साहित्यकारहरूको हौसला, प्रेरणाले साहित्यिक क्षेत्रमा लाग्न प्रेरित गऱ्यो । म्याट्रिकसम्म बनारस बसेर पढेका गोठालेमा फ्रायड, एडलर र युङ्ग जस्ता पाश्चात्य साहित्यका साहित्यकारहरूको प्रभाव पनि परेको देखिन्छ । वि.सं. १९९५ मा 'ममता' शीर्षकको कविता लेखी साहित्य क्षेत्रमा प्रवेश गरेका गोठालेले वि.सं. १९९७ मा 'त्यसको भाले' शीर्षकको कथा लेखेर आधुनिक नेपाली कथाका क्षेत्रमा प्रवेश गरेका हुन् । पहिलो कथामा नै बालमनोविश्लेषणको प्रयोग गरी नेपाली कथाको परम्परामा भिन्न पथनिर्माण गरेका गोठालेले आधुनिक नेपाली कथाका क्षेत्रमा बालमनोविश्लेषण, अपराधमनोविश्लेषण र सामाजमनोविश्लेषण सम्बन्धित विषयमा थुप्रै कथाहरू लेखेका छन् । त्यस्तै उनले व्यक्तिका अचेतनमा रहेको कामवासना वा यौनेच्छासँग सम्बन्धित मनोविज्ञानको प्रयोग गरी केही कथाहरू पनि लेखेका छन् । उनको करिब छ दशक लामो कथायात्रामा छपन्न ओटा कथाहरू प्रकाशित छन् । उनका सुरुका कथाहरू *शारदामा,* केही *साहित्य स्रोतमा* प्रकाशित भएका छन् भने वि.सं.२००७ सालपछि लेखिएका कथाहरू *प्रगति, झङ्कार, रूपरेखा, मधुपर्क* र तीसको दशकपछि *गरिमा, समकालीन साहित्य* आदिमा पनि प्रकाशित छन् (कोइराला, २०६७ : ७) । यी विभिन्न पत्रपत्रिकामा छरिएर प्रकाशित भएका उनका सम्पूर्ण कथालाई पाँच ओटा कथासङ्ग्रहमा सङ्ग्रहित गरिएको छ । उनका पाँच ओटा कथासङ्ग्रहहरू *कथासङ्ग्रह* (२००३), *कथैकथा* (२०१६), *प्रेम र मृत्यु* (२०३९), *बाह्र कथा* (२०५२), र *जङ्गबहादुर र हिरण्यगर्भकुमारी* (२०६१) हुन् । यसरी गोठालेको छ दशक लामो कथायात्राको चरण विभाजन यस परिच्छेदमा गरिन्छ ।

## ३.२. चरण विभाजन

गोविन्दबहादुर मल्ल 'गोठाले' को करिब छ दशक लामो कथायात्रमा जम्मा छपन्न ओटा कथाहरू प्रकाशित छन् । यिनै छपन्न ओटा कथाको लेखन–प्रकाशनको समयावधि, तत्कालीन देशको

साहित्यिक वातावरण, राजनीतिक परिस्थिति,कथाका कथागत प्रवृत्तिका आधारमा उनको कथायात्रालाई निम्नानुसार तीन चरणमा विभाजन गर्न सकिन्छ :

३.२.१. प्रथम चरण (वि.सं.१९९७–२०१५)

३.२.२. द्वितीय चरण (वि.सं.२०१६–२०२५)

३.२.३. तृतीय चरण (वि.सं.२०२६–२०६१)

### ३.२.१. **प्रथम चरण (वि.सं.१९९७–२०१५)**

यो चरण गोठालेको कथालेखनको प्रारम्भिक चरण हो । वि.सं. १९९७ देखि २०१५ सालसम्म लेखिएका कथाहरू यस चरणमा पर्दछन् । उनले यस चरणमा सामाजिक मनोविश्लेषण, बालमनोविश्लेण, अपराधमनोविश्लेषणका साथै यौनमनोविश्लेषणसँग सम्बन्धित कथाहरू पनि लेखेका छन् । उनको यो चरण राजनीतिक सङ्क्रमणका बेला सुरु भई राजनीतिक स्वतन्त्रताका केही वर्षसम्म कायम रहेको छ । त्यसैले उनको यस चरणको वि.सं. २००७ सालसम्मका कथामा राजनीतिक परिवर्तनको प्रभाव पाइन्छ । सातसालभन्दा अगाडि वाक्स्वतन्त्रता र प्रकाशन स्वतन्त्रता नभएकोले र निरङ्कुश र अनुदार शासन व्यवस्थाका कारण उनी समाज सापेक्ष कथा मात्र लेख्थे भने सातसालको राजनीतिक स्वतन्त्रतासँगै उनी समय सापेक्ष कथा लेखनतर्फ अग्रसर भएका देखिन्छन् । त्यस्तै यस चरणको पूर्वार्द्धमा वा सातसालसम्ममा यौनकथा लेखनको सुरुवात मात्र छ भने २००७ सालपछि यौन कथा लेखनमा केही व्यापकता र तीब्रता पाइन्छ । यसलेगर्दा उनको यो चरणलाई निम्नानुसार दुई चरणमा विभाजन गरी अध्यायन गर्न सकिन्छ :

(क) पूर्वार्द्ध चरण (वि.सं. १९९७–२००६)

(ख) उत्तरार्द्ध चरण (वि.सं. २००७–२०१५)

#### **(क) पूर्वार्द्ध चरण (वि.सं. १९९७–२००६)**

गोठालेको प्रथम चरणको पूर्वार्द्ध चरण वि.सं. १९९७ देखि २००६ सम्मको समयावधिलाई मान्न सकिन्छ । राजनीतिक सङ्क्रमणका कारण उनका यसचरणका कथाहरू समाज सापेक्ष छन् । आरम्भमा नै ‘त्यसको भाले’ शीर्षकको बालमनोविश्लेषणात्मक कथा लेखेर मनोविश्लेषणात्मक कथारकारका रूपमा परिचित गोठाले यस चरणका कथामा विविध मनोदशाको विश्लेषण गर्न उन्मुख भएको पाइन्छ । उनले यस चरणमा बालमनोविश्लेषण, यौनमनोविश्लेषण, अपराधमनोविश्लेषण र समाजमनोविलेषको प्रयोग गरी थुप्रै कथाहरू लेखेका छन् । उनका यस चरणका कथाहरूमा ‘त्यसको भाले’ (१९९७), ‘परमेश्वर छन्’ (१९९७), ‘भय’ (१९९८), ‘औंठी’ (१९९९), ‘एउटा घटना’ (२०००), ‘महापाप’ (२०००), ‘निद्रा आएन’ (२०००), ‘पुरानो एउटा कथा’ (२००१), ‘लक्ष्मीपूजा’ (२००१), ‘एउटा मृत्यु’ (२००१), ‘कृष्णे र खुकुरी’ (२००३), ‘भाँडो’ (२००४), ‘बेसुर’ (२००४) आदि हुन् ।

उपर्युक्त कथाहरूमध्ये 'त्यसको भाले', 'महापाप', 'निन्द्रा आएन' र 'लक्ष्मीपूजा' आदि कथाहरू बालमनोविश्लेषणमा आधारित कथाहरू हुन् । साथीसङ्गीको रूपमा मानवेतर प्राणीलाई पनि माया पोख्ने र तिनको अनुपस्थितिले व्याकुल बन्ने बालमनोवैज्ञानिक सत्यलाई 'त्यसको भाले' र 'महापाप' कथामा विश्लेषण गर्न खोजिएको छ (आचार्य, २०६१ : ३१) । त्यस्तै 'निन्द्रा आएन' कथामा सामाजिक अन्धविश्वासका कारण पीडित भएकी बालपात्र ज्ञानीको मानसिक संवेदनालाई चित्रण गरिएको छ । यस कथाकी प्रमुख बालपात्र ज्ञानी आफ्नो दाजुको मुखबाट 'बाबुटोक्ने' र आमाको मुखबाट 'जन्मदै बाबुमारी अलच्छिनी' भन्ने गाली पाउँदा उसको बाल हृदयमा उत्पन्न आन्तरिक द्वन्द्वलाई चित्रण गरिएको छ भने 'लक्ष्मीपूजा' कथामा आर्थिक अभावका कारण पीडित बालमनस्थितिमा परेको प्रभावलाई मनोविश्लेषणात्मक ढङ्गले प्रस्तुत गरिएको छ ।

त्यस्तै 'भय' र 'कृष्णे र खुकुरी' अपराधमनोविश्लेषणमा आधारित कथाहरू हुन् । 'भय' कथामा आर्थिक अभावको बेला जागिर खोसिएपछि निरास भएको प्रमुख पात्र लुरे आत्माहत्या गर्न चाहान्थ्यो । तर असामान्य अवस्थामा पुगेको लुरेले अर्को पात्र निर्धो ठिटाको घाँटी थिचेर हत्या गर्ने प्रयास गर्छ । यही अपराध प्रयासको भयबाट ग्रस्त लुरेको विकृत मानसिकताको चित्रण 'भय' कथामा गरिएको छ भने 'कृष्णे र खुकुरी' कथामा कहिलै हतियार नछोएको कृष्णेले खुकुरी छोएपछि उसमा आएको विकृति मानसिकताका कारण प्राणप्यारी श्रीमतीको हत्या गर्न पुगेको कुरालाई प्रस्तुत गरिएको छ ।

त्यस्तै 'औँठी' र 'एउटा मृत्यु' कथामा गोठालेले सामाजमनोविश्लेषणको प्रयोग गरेका छन् । 'औँठी' कथामा उच्चवर्गका घरमा केही सामानहरू हराएमा नोकरलाई लगाउने परम्परा र परिवारमा सासू र बुहारी बीचको अनमेल सम्बन्धलाई देखाइएको छ भने 'एउटा मृत्यु' कथामा वास्तवमा संसारिक सुख–दुःख भन्ने कुरा भावनाभन्दा बढी केही पनि होइन अनुकूल भावना भइदिए मृत्युलाई पनि हलुका बनाउन सकिन्छ भन्ने कुराको चित्रण गरिएको छ ।

त्यस्तै 'एउटा घटना', 'पुरानो एउटा कथा', 'भाँडो' र 'बेसुर' आदि कथाहरू गोठालेका यस चरणका यौनमनोविश्लेषणात्मक सिद्धान्तको प्रयोग गरिएका कथाहरू हुन् । यी कथाहरूमा सामाजिक कुसंस्कार परम्परा आर्थिक अभाव र पारिवारिक परिस्थितिले पात्रको यौनेच्छामा पारेको प्रभावलाई चित्रण गरिएको छ । 'एउटा घटना' कथामा गरीब, कमजोर, असहाय व्यक्तिलाई समाजले बहुला बनाएको र उसको अचेतनमा रहेको यौनेच्छा दमित कुण्ठित भई विक्षिप्त भएको घटनालाई विषयवस्तु बनाइएको छ । 'पुरानो एउटा कथा' कथामा आफूले सन्तुष्ट राख्न नसकी पत्नी पोइल गएकी भन्ने हीनताग्रन्थिले ग्रस्त पतिको यौनजन्य प्रतिशोधले भरिएको मनोदशाको चित्रण गरिएको छ । यस कथामा आफ्नी श्रीमती वीरेले लगिदिएपछि कुण्ठित र हीनत्वग्रन्थिले ग्रसित भएको जीतेले सुत्ने बेलामा श्रीमतीको चुरा देखेपछि उसको यौनभावनाले आपराधिक कार्यलाई प्रोत्साहन गर्दछ र वीरेको हत्या गर्न अग्रसर हुन्छ । त्यस्तै 'भाँडो' कथामा उच्चवर्ग होस् वा निम्नवर्ग, गरीब होस् वा धनी, जुनसुकै वर्गको व्यक्तिमा यौनेच्छा समान खालको हुन्छ भन्ने कुरालाई चित्रण गरिएको छ साथै विषम लिङ्गीका नजीक रहँदा व्यक्तिमा यौनभावना सक्रिय हुन थाल्छ भन्ने सन्देश दिन खोजिएको छ । यस कथाको भीमे पात्रले उसकी मालिक्नीले नुहाउँदा देखिएका भित्री अङ्ग हेरेर लिएको

आनन्दबाट उक्त कुराको पुष्टि हुन्छ । त्यस्तै 'बेसुर' कथामा पत्नी मरेपछि पत्नी वियोगमा परेको रामप्रसाद अर्को बिहे नगरी छोरालाई हुर्काउनतर्फ लाग्छ । यसै क्रममा छोराको अनुहार हेर्दै, उसका क्रियाकलापलाई नियाल्दै श्रीमतीको सम्झना गर्छ । साथै छोराको विवाह गर्ने उमेर भएपछि आफ्नो विवाह, त्यसपछि श्रीमतीसँग बिताएको क्षणहरू उसका जीवनका ऐन्द्रिक लालसा सम्झँदै आनन्दित भएको प्रसङ्ग उठाएर कथाकारहरूले यसमा सामान्य यौन मनोविश्लेषणलाई समावेश गरेका छन् ।

यसरी गोठालेको प्रथम चरणको पूर्वार्द्ध चरणमा लेखिएका कथामा समाजमनोविश्लेषण, बालमनोविश्लेषण, अपराधमनोविश्लेषण र यौनमनोविश्लेषणको प्रयोग पाइन्छ । उनका कथामा सामाजिक अन्धपरम्पराका कारण पीडित तथा आर्थिक अभावका कारण बालबालिकाको मनस्थितिमा पर्ने असर, यौनले मानवजीवनमा पर्ने सकारात्मक तथा नकारात्मक प्रभाव तथा यौन व्यक्ति र वर्ग पिच्छे फरक नभई सबैमा एकै हुन्छ भन्ने कुरालाई प्रस्तुत गरिएको छ । आर्थिक अभावकाकारण गर्ने आपराधिक तथा हिंसात्मक कार्यको चित्रण पनि उनका कथामा पाइन्छ । त्यस्तै समाजमा उच्चवर्गका व्यक्तिले निम्नवर्गका व्यक्ति वा घरका नोकरहरूप्रति लगाउने लालछना वा घृणित व्यवहारलाई कथामा व्यक्त गरिएको छ ।

### (ख) उत्तरार्द्ध चरण (वि.सं. २००७–२०१५)

वि.सं. २००७ सालमा भएको राजनीतिक क्रान्तिपछि देशले नयाँ मोड लियो । अत्याचारी क्रुर राणाशासनको अन्त्य भयो । जसबाट नेपाली जनताले मुक्ति पाए । सात सालपछि जनताले अपनत्वको महसुस गर्न पाए सबै स्वतन्त्र भए । वाक्स्वतन्त्रता पाए । साहित्यले पनि केही फराकिलो ठाउँ पायो । आफ्ना विचारलाई साहित्यिक रचना मार्फत राख्नेमौका पाए । गोठालेका कथामा पनि राजनीतिक स्वतन्त्रताका ठूलो प्रभाव देखिन्छ । पहिले समाज सापेक्ष कथालेखेका गोठाले राजनीतिक स्वतन्त्रतापछि समय सापेक्ष कथा पनि लेख्न थाले उनका कथामा युगीन चेतना  प्रबल रूपमा प्रतिबिम्बित हुन थाल्यो । यस चरणमा उनका कथामा राणाशासनमा भएका अन्याय, अत्याचार, शोषण, दमनको चित्रण व्यापक ढंगले गरिएको पाइन्छ ।

यस चरणका कथामा गोठालेले व्यक्तिका यौन मानसिकताको चित्रण केही व्यापक ढंगले गरेका छन् । यस चरणका उनका यौन कथाहरूमा विभिन्न यौन तृप्तिका अबैध विपथगामी उपायहरू, प्रेम र विवाह सम्बन्धी कुराले युवायुवतीहरूमा ल्याइदिने छटपटी, जवानीको आँधीमा छाल हान्दै यौनको व्यापारमा लाग्ने युवायुवतीहरूको मानसिकता जस्ता मनोवृत्तिहरूले र प्रगतिशीलता कै अपरिहार्य सामाजिक सांस्कृतिक, जातीय कुलीनता र प्रगतिशीलता कै अपरिहार्य सामाजिक नियतिलाई मूलरूपमा अङ्गालिएको पाइन्छ (आचार्य, २०६१ : ३३) ।

यस चरणमा लेखिएका गोठालेका कथाहरू निम्नानुसार छन् : 'कृष्णमैँया' (२००७), 'मालिकको कुकुर' (२००७), 'मेरो बाबा' (२००७), 'ज्यानमारा' (२००९), 'बिचरी ऊ' (२०१०), 'त्यो क्रान्तिको प्रतीक' (२०११), 'के गरेकी शोभा' (२०११), 'चुनाव' (२०१२) 'म जुजुमान' (२०१२), 'युवती र जरसाहेब' (२०१३), 'चिन्हा' (२०१५), 'विहे' (२०१५) आदि ।

उपर्युक्त कथामध्ये 'कृष्णमैंया' कथा २००७ सालको क्रान्तिले देशमा ल्याएको परिवर्तनलाई प्रस्तुत गरी लेखिएको कथा हो । यसमा छोरीहरू पनि स्वतन्त्र भएमा र उनीहरूलाई पनि उचित शिक्षादीक्षा दिएमा छोराभन्दा कम छैनन् भन्ने सन्देश दिन खोजिएको छ । 'मालिकाको कुकुर' कथामा उच्चवर्गका व्यक्तिले घरमा राखिएको नोकरमाथि गर्ने घृणित व्यावहार प्रस्तुत गरिएको छ । यस कथामा घरमा पालेको कुकुरलाई आफ्नै परिवारको सदस्य ठान्ने, उसलाई दूध, रोटी, भात, मासुका परिकारहरू खान दिने, विरामी हुँदा औषधी उपचार गर्ने, मर्दा रुने, त्यसको दाहासंस्कार गर्ने तर घरमा काम सघाउन राखिएको नोकरलाई भने जुठोपुरो खान दिने, दुरव्यवाहार गर्ने, औषधी उपचार नगर्ने अथवा पशुसरह व्यावहार गर्ने उच्चवर्गका शासकहरूले गर्ने घृणित कार्यको चित्रण गरिएको छ । त्यस्तै क्रान्तिपछि राणाहरूको पतन कसरी भयो भन्ने 'त्यो क्रान्तिको प्रतीक' कथामा देखाइएको छ । राणाहरूको अनैतिक, छाडा संस्कृति, विलासी जीवनप्रवृत्ति, दुराचारी प्रवृति नै राणाहरूको पतनको कारण हो भन्ने कुरा यस कथामा प्रस्ट्याइएको छ । त्यस्तै 'ज्यानमारा' कथा अपराध मनोविज्ञानमा आधारित छ । यसमा रिसको झोँकमा हत्या गरेको र पछि भाग्दै जाँदा पछुतो मानेको कुरालाई विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ । 'म जुजुमान' कथा विशुद्ध सामाजिक मनोविज्ञान प्रयोग गरिएको कथा हो । यो कथामा पुरानो पुस्ता र नयाँ पुस्ताबीचको बेमेलको स्थिति वा समय अनुसार चल्न नजान्दा धोका खानु पर्ने स्थितिलाई देखाइएको छ ।

त्यस्तै 'बिचरी ऊ', 'के गरेकी शोभा', 'चुनाव', 'युवती र जरसाहेव', 'चिन्हा', 'बिहे' आदि कथाहरू यौन मनोविश्लेषण सिद्धान्तमा आधारित कथाहरू हुन् । यी कथामा खास गरी पात्रमा अन्तर्निहित, कुण्ठा, छटपटी, जलन–पश्चाताप, अविश्वास, वितृष्णा, ईर्ष्या, निरासा जस्ता मनोभावनाहरू केलाउने प्रयास गरेका छन् । 'बिचरी ऊ' कथामा भावुक र वासनात्मक प्रेम गर्ने युवकको मनोदशाको चित्रण गरिएको छ । त्यस्तै 'के गरेकी शोभा' कथामा जात नमिल्ने आफूले मनपराएको केटासँग भागेर विवाह गरेकी शोभाको विवाहको मधुमास वित्न नपाउँदै लोग्नेको मृत्यु हुन्छ र त्यस घटनाले कुण्ठित र विक्षिप्त भएकी शोभाको मनोदशा केलाउने प्रयास गरेको देखिन्छ । 'चिन्हा' र 'विहे' कथामा विवाहको कुरा छिनी सकेपछिको युवतीहरूको मनस्थिति र सामाजिक अन्धविश्वासका कारण विवाह गर्न केटाकेटीको चिन्हा मिलाउनु पर्ने मान्यता अनुसार चिन्हा नमिलेमा विवाहको कुरा छिनी सकेपछि पनि विवाह नहुने रुढीवादी मान्यताबाट पीडित युवतीहरूको मानसिकताको चित्रण गरिएको छ । त्यस्तै 'युवती र जरसाहेब' कथामा सत्रअठार बर्षकी युवतीको अचेतनका यौनेच्छाको चित्रण र पचास बर्ष नाघेको जरसाहेबले सर्वसाधरणका छोरीचेली वा विधवालाई पैसाको लोभमा पारी यौन शोषण गर्ने गरेको प्रसङ्ग उल्लेख गरिएको छ । 'चुनाव' कथामा राजनीतिक परिवर्तनपछि देशमा बढेको विकृति–विसङ्गति, भ्रष्टाचारको चित्रण गर्नुका साथै आर्थिक अभावका कारण छटपटाएकी बाबानानी चुनावका कारण देखाउँदै लोग्ने आफूसँग टाढा भएपछि उसका अचेतनका कुण्ठित इच्छा अर्थात यौन आवेग, संवेग र छटपटीहरूको चित्रण र यौनले मानव जीवनमा पार्ने प्रभावको पनि चित्रण गरिएको छ ।

यसरी गोठालेको प्रथम चरणको पूवार्द्धभन्दा राजनीतिक स्वतन्त्रतासँगै लेखिएका उत्तरार्द्ध चरणमा लेखिएका कथाहरू केही स्तरीय छन् । त्यतिबेलाका अन्याय, अत्याचार, त्यसविरुद्धमा भएको

क्रन्तिपछि देशमा बढेको भ्रष्टाचार, विक्रिति–विसङ्गति आदिलाई कथामा समेटिएको छ । त्यस्तै पूर्वाद्धमा भन्दा उत्तरार्द्धमा व्यक्तिका यौनेच्छाका बारेमा व्यापक र तीब्रताका साथ व्याख्या गरेको पाइन्छ ।

### ३.२.२. **द्वितीय चरण** (२०१६–२०२६)

कथाकार गोविन्द गोठालेको कथा लेखनको दोस्रो चरणको कथाकारिता सशक्त र तीव्रताका साथ अघि बढेको देखिन्छ । यो चरण कथाकारिताका दृष्टिले उच्च वा उर्वर मान्न सकिन्छ । विषयवस्तु, घटना, पात्र र उद्देश्यमा समेत नवीन दृष्टि खोजिएका यस चरणमा गोठालेका कथाहरू परिणात्मक भन्दा गुणात्मक दृष्टिले उच्च मूल्याङ्कन गर्न लायक छन् । यस चरणमा गोठालेले यौन विषयक कथाहरू धेरै लेखेका छन् । त्यसैले यस चरणलाई यौन कथा लेखनको चरण पनि भन्न सकिन्छ । उनको यस चरणका कथाहरूमा : 'मैले सरिताको हत्या गरेँ' (२०१६), 'प्रेम र मृत्यु' (२०१६), 'आधार' (२०१८), 'खेल' (२०१८), 'साठी रूपैयाँ' (२०१८), 'मोड' (२०२१), 'अज्ञात' (२०२२), 'हवाइजहाजको गर्भ' (२०२५), 'विस्मृतितिर लम्केको स्मृति' (२०२५), आदि हुन् ।

उपर्युक्त कथाहरू मध्ये 'साठी रूपैयाँ' कथामा आर्थिक अभावका कारण गरीबहरूले उपचार नपाई मर्नु पर्ने कटुसत्यलाई उद्घाटन गरिएको छ । प्रजातन्त्र प्राप्ति पछि स्वास्थ्य क्षेत्र जनसेवाका लागि नभई कमाइखाने भाँडोको रूपमा विकास भएको र त्यस क्षेत्रमा कार्यरत डाक्टरहरू भ्रष्ट र पतित भएको देखाइएको छ । यस कथामा विहान बेलुकाको छाक टार्न धौ-धौ पर्ने हर्षवीर र साहिंलीले छोराको उपचारमा साठी रूपैयाँ नभएका कारण जिउँदै छोरालाई घाटतिर लानु परेको मार्मिक प्रसङ्ग उल्लेख गरिएको छ । त्यस्तै 'मोड' कथामा राणाशासनमा सर्वसाधारणहरूमाथि गरिने अन्याय–अत्याचार, शोषण, दमनलाई विषयवस्तु बनाएको छ । यी दुईवटा कथाहरूदेखि बाहेक अन्य कथाहरू यौन मनोविज्ञानको प्रयोग गरी लेखिएका छन् । 'मैले सरिताको हत्या गरेँ' कथामा यौन अपराधलाई देखाउन खोजिएको छ । यस कथामा सामाजिक कुसंस्कार र जातीय छुवाछुतको विरोध गरिएको छ । सामाजिक असामान्यता र जातीय विभेदका कारण यसकथाका पात्रहरू कुण्ठित र विक्षिप्त बन्न पुगेका छन् । यौनेच्छामा पुगेको आघातकाकारण विकृत मनस्थितिमा पुगेको म पात्रले आफ्नै प्रेमिकाको हत्या गर्न पुगेको छ । त्यस्तै 'प्रेम र मृत्यु' कथामा प्रेममा असफल भएको व्यक्तिले मृत्युवरण समेत गर्न सक्छ भन्ने कुरा देखाउन खोजिएको छ । यस कथाको नायक राजेन्द्र आफूले मनपराएकी केटीले अर्कैसँग विवाह गरेको र पछि सिनेमा हलमा भेट हुँदा सुशीलाले वास्ता नगरी पतिको कुमनिर टाउको पुऱ्याएर हाँस्दै अपमान गरेको सम्झँदै हीनत्वग्रन्थिले ग्रसित राजेन्द्र आत्महत्याको बाटो रोज्न पुग्छ । 'आधार' कथामा नरनारीको कुण्ठित यौनजन्य जीवनले विकृतिको बिप्ल्याँटो बाटो लिँदा त्यसले समाज र संस्कृति अनि नैतिकता र आदर्शका लक्ष्मणरेखालाई भित्रभित्रै भत्काइ दिन्छ भन्ने यथार्थको चित्रण गरिएको छ । जसको पुष्टि लोग्ने परदेश गएको बेला यौनेच्छाबाट कुण्ठित भएकी सीता लोग्नेको साथी घरमा आएको बेला उसको अँगालोमा बेरिन पुगेको प्रसङ्गले गर्दछ । 'अज्ञात' कथाकी गीता आफ्नो हृदयमा बसेका चारजना व्यक्तिमध्ये एउटालाई मात्र रोज्न नसकेपछि टाढाबाट कुरा आएको अज्ञात व्यक्तिलाई रोज्न पुग्छे । त्यस्तै 'हवाईजहाजको गर्भ' कथाको इन्द्रभक्त बाहिर हेर्दा सोझो,

निरीह, आइमाईहरूसँग आँखा जुधाएर हेर्न नसक्ने व्यक्ति हो तर पनि ऊ यौन कुण्ठाले ग्रसित छ भने 'विस्मृतितिर लम्केको स्मृति' कथाका पात्रहरू इमानसिंह, सेती, जितेन्द्र सबैजना यौन कुण्ठाले गर्दा विक्षिप्त बनेका छन् ।

समग्रमा यस चरणका धेरै जसो कथाहरूमा यौनमनोविश्लेषणको प्रयोग पाइन्छ । पहिलो चरणका कथाभन्दा यस चरणका कथामा यौनमनोविश्लेषणको व्यापक र उत्कृष्ट प्रयोग पाइन्छ । तर यौनका नाममा कामत्वको अश्लिलता मिचाहा भएर नग्नतातिर लागेकाहरूको वर्णन भने पाइँदैन । गोठालेले यस चरणका कथामा विभिन्न अवस्थामा परेर यौन अतृप्तिको सिकार भएका युवक–युवती, प्रेमी–प्रेमिका, पति–पत्नी आदिको यौनमनोविश्लेषण गरेका छन् । त्यस्तै राणशासनको पतनपछिको शासन व्यावस्थाले गरीबहरूको कल्याण गर्न नसकेको र देशको स्वस्थ्य क्षेत्रमा पनि भ्रष्टाचार, विकिृति–विसङ्गति बढेको सत्यतथ्यलाई पनि कथामा समावेस गरिएको छ ।

### ३.२.३ **तृतीय चरण (वि.सं. २०२६–२०६१)**

वि.सं. २०२६ देखि २०६१ सालसम्म लेखिएका कथाहरू यस चरणमा पर्दछन् । यस चरणका प्रतिनिधि कथा सङ्ग्रहहरू *बाह्र कथा* (२०५२) र *जङ्गबहादुर र हिरण्यगर्भकुमारी* (२०६१) हुन् । *बाह्र कथा* सङ्ग्रहमा बाह्रओटा कथाहरू रहेका छन् : 'आँखा', 'साधन', 'बुबु', 'यस्तो पनि भएको थियो', 'आगलागी', 'बाढी', 'गीता र मीना', 'बलात्कार', 'सुशीला भाउज्यू', 'इतिहास बिर्सेको घटना', 'त्यसबखत भएको कुरा', 'छोरीको बाबु' आदि । त्यस्तै *जङ्गबहादुर र हिरण्यगर्भकुमारी* (२०६१) कथासङ्ग्रहमा एघार ओटा कथाहरू निम्नानुसार रहेका छन् : 'कुसुम दिदी', 'हराएकी केटी', 'जङ्गबहादुर र हिरण्यगर्भकुमारी', 'दुई बुढा', 'लाटो', 'पूर्णमानको घर', 'पचास हजार', 'कथा सेतो बाघको', 'मान्छे', 'कुलदेवी' र लघु उपन्यास भनिएको 'पियानानी' आदि ।

यस चरणका गोठालेका कथामा खासै नयाँ प्रवृत्ति केही पाइँदैन, पूरानै प्रवृत्तिमा कथाहरू लेखिएका छन् । यस चरणमा नेपालमा राजनीतिक अस्थिरता शिखरमा पुगेको थियो । पञ्चायती व्यवस्था निरङ्कुश भएकाले तीस वर्षको अथक प्रयासपछि नेपालीले त्यसलाई ढाली छाडे, फेरी प्रजातन्त्र आयो तर त्यो पनि स्थिर हुन सकेन । देशमा द्वन्द्व र युद्ध चर्क्यो, हजारौं मान्छे मरे, राजतन्त्र हट्यो, सङ्घीय गणतन्त्रको स्थापना भयो, कथा लेखनमा पनि अनेक परिवर्तनहरू आए । नेपाली कथाले ती सबै पक्षलाई समेट्यो तर गोठालेका कथामा भने यी परिवर्तनको प्रभाव परेको देखिदैन । यस चरणका उनका कथा कि त राणकालीन समाजको मनोविश्लेषणसँग सम्बन्धित छन् कि त व्यक्ति मनोविश्लेषणसँग सम्बन्धित छन् । यस चरणका उनका कथामा देशको समसामयिक राजनीतिक, सांस्कृतिक अवस्थाको झल्को पाइन्न बरु शाश्वत् र सार्वकालिक मानवीय भावना र समस्याको उद्घाटन गरिएको पाइन्छ । साथै यस चरणका उनका यौन कथामा अगिल्लो चरणमा जस्तै विषयवस्तु र शैली प्रयोग गरिएको छ ।

यसचरणका उपर्युक्त कथाहरूमध्ये 'आँखा' र 'आगलागी' राजनीतिक विषयवस्तु समेटेर लेखिएका कथाहरू हुन् । 'आँखा' कथामा राजनीतिक चहलपहलले गर्दा मानिसको जीवनमा आउने

उतारचढावलाई देखाउन खोजिएको छ भने 'आगलागी' कथामा आत्मविश्वासको कमी भयो भने मान्छेको मन पनि आगो जस्तै जल्न सक्छ भन्ने कुरा देखाउन खोजिएको छ । कथाको मुख्य पात्र धनदाइको चुनावमा जित्ने निश्चित भएपनि आत्माविश्वासको कमीले गर्दा चुनावको लागि जाल, झेल, षडयन्त्र गर्नको लागि तम्सिएको प्रसङ्गले उक्त कुराको पुष्टि गर्दछ । 'साधन' कथाले शरीर त एक साधन मात्र हो, बाँच्ने मर्ने भगवानको हातमा हुन्छ भन्दै आध्यात्मलाई देखाउन खोजिएको छ । 'बाढी' कथामा दैवी प्रकोप कसैले छेक्न नसक्ने कुरालाई प्रष्ट्याइएको छ । 'बुबु' कथाले नारीको आन्तरिक संवेदनालाई उजागर गरेको छ ।

त्यस्तै 'यस्तो पनि भएको थियो', 'त्यस बखत भएको यो कुरा', 'कथा सेतो बाघको' ऐतिहासिक पृष्ठभूमिमा लेखिएका कथाहरू हुन् । उक्त कथाहरूमा राणाकालीन समय र परिवेशलाई प्रस्तुत गरिएको छ । 'यस्तो पनि भएको थियो' कथामा जङ्गबहादुरको शासकीय पद्धतिको चित्रण गरी मानवतामा आएको गिरावटलाई देखाउने प्रयास गरिएको छ । 'यस्तो पनि भएको थियो' कथाबाट तत्कालीन शासकहरू कति क्रुर थिए भन्ने कुरा थाहा पाउन सकिन्छ । तात्कालीन प्रधानमन्त्री जङ्गबहादुरले निर्दोष सेवक मुसेकाजीलाई मूत छर्कन दिएको आदेशबाट पुष्टि हुन्छ । 'कथा सेतो वाघको' कथामा जङ्गबहादुरलाई सेतोबाघले मारेको विषयलाई समेटेको छ ।

यस चरणको 'पचास हजार' कथा वालमनोविश्लेषणमा आधारित कथा हो । यसमा आर्थिक अभावले ग्रसित रणे गाडीले किचेर मर्दा पचास हजार पाउने कुरा बाबुको मुखबाट सुनेपछि गाडीले किचिएर मर्न सडकमा निस्किएको मार्मिक घटनालाई समेटिएको छ । 'दुई बुढा' कथामा दुई साथीहरूका बीचको सम्बन्धलाई देखाएको छ भने 'पूर्णमानको घर' कथामा काठमाडौँको समाजमा आएको परिवर्तनलाई देखाइएको छ । यसमा राणाकालदेखि पञ्चायती व्यवस्था लागू हुदाँसम्मको समयावधी समेटिएको छ । पुरानो कुरा जति नै प्रिय भए पनि त्यसलाई सँधै समातेर बस्न सकिँदैन, परिवर्तन आउँछ । काठमाडौँली समाजमा, घरनिर्माणमा, राजनीतिमा के कस्ता परिवर्तन आए र पूर्णमानको घर पनातिले बेच्यो त्यसलाई जोगाउन सकिएन । यिनै कुरालाई यसकथामा देखाइएको छ ।

'गीता र मीना', 'बलात्कार', 'सुशीला भाउज्यू', 'इतिहास विर्सेको घटना', 'जङ्गबहादुर र हिरण्यगर्भकुमारी', 'कुसुम दिदी', 'हराएकी केटी', 'लाटो', 'मान्छे', 'कुलदेवी' आदि कथा गोठालेको यस चरणका यौनमनोविश्लेषणात्मक सिद्धान्तको प्रयोग गरिएका कथाहरू हुन् । यी कथाहरूमध्ये 'गीता र मीना' कथामा दुई साथी बीचको घनिष्टता देखाउँदै समलैङ्गिक यौनलाई देखाइएको छ भने अर्कोतिर घरमा श्रीमती हुँदा–हुँदै पनि गीता र मीना प्रति आकर्षित भएको म पात्रलाई उपस्थित गरी पुरुष चरित्रको उद्घाटन गरिएको छ । 'बलात्कार' कथामा यौनशक्तिले मानिसको मानसिक स्थिति कसरी परिवर्तन हुन्छ भन्ने कुरा देखाउन खोजिएको छ भने 'सुशीला भाउज्यू' कथामा मानिस अतृप्त यौन चाहानाले गर्दा कहिले काहिं गलत कदम उठाउन सक्छ भन्ने कुरा देखाउन खोजिएको छ । जसको पुष्टि विधवा भएकी सुशीला भाउज्यूले घर वरिपरीका घर पर्खाल हटाएर पल्लो घरको सानो केटोलाई बोलाएर अँगालोमा कसी लगातार म्वाइँ खाएको प्रसङ्गले गरेको छ । 'इतिहास विर्सेको घटना' कथा

राणाशासनमा तत्कालीन राजा रजौटाको प्रेमलीला र मोजमस्तीमा मख्ख हुन्थे भन्ने कुराको उद्घाटन यस कथामा गरिएको छ । मृत्युको मुखमा पुगेको राजाले आफ्नो ओठ सुन्दरीको ओठसम्म पुऱ्याउनुले यो कुराको पुष्टि गर्छ । त्यस्तै 'जङ्गबहादुर र हिरण्यगर्भकुमारी' कथामा दुस्मनीबीच जबजस्ती हिरण्यगर्भकुमारीसँग विवाह गरेका जङ्गबहादुरले हिरण्यगर्भकुमारीको मन जित्दै विवाहपछि उनीहरूबीच मिलन भई प्रेमालाप हुन्छ । त्यसैकारण जङ्गबहादुर मर्दा पनि हिरण्यगर्भकुमारी सती जान्छिन् । यसबाट यस कथामा यौनमनोविश्लेषणत्मक सिद्धान्तको प्रयोग भएको पुष्टि हुन्छ । त्यस्तै 'मान्छे' कथामा पनि जङ्गबहादुरको यौन मानसिकताको उद्घाटन गरिएको छ । जसमा आफूलाई मनपरेकी केटीलाई आफूले नभ्याए पनि कलशलाई आफ्नो ठाउँमा राखेर केटीलाई विवाह गरी ल्याएको र सुहागरात मनाउन दुलहीका छेउमा जाँदा दुलहीले प्रतिकार गरेको प्रसङ्गको उद्घाटन गरिएको छ । 'लाटो' कथामा पत्नी अर्कोसँग पोइल गएपछि हीनत्वग्रन्थिले ग्रसित लाटाको यौनजन्य भावना कुण्ठित भएको र लाटाको त्यो अवस्था देखेर कथाको म पात्र निरास भएको, पछि लाटाले आफै गएर श्रीमती फर्काएर ल्याएको र पछि लाटाले श्रीमती फर्काएर ल्याएकोदेखि म पात्रलाई आरिस लागेको घटना उल्लेख गरिएको छ । यस कथामा लाटाको साथै म पात्रको पनि यौन मानसिकतालाई केलाउने प्रयास गरिएको छ । 'कुसुम दिदी' कथामा लोग्नेले अर्को स्वास्नी ल्याई आफूलाई छोडे पनि लोग्नेलाई माया मार्न नसकेको प्रसङ्ग उल्लेख छ । यस कथामा कुसुम दिदीका यौन मानसिकताका सामान्य अवस्थाको उद्घाटन गरिएको छ । त्यस्तै 'हराएकी केटी' कथामा जबर्जस्ती यौनधन्दामा लगाइएका चेलीवेटीको मानसिकताको चित्रण गरिएको छ । 'कुलदेवी' कथामा बाल्यकालमा नै विवाह भएकी कुलदेवी जवानीमा प्रवेश गर्दा यौनेच्छाबाट आक्रान्त हुन्छे । लोग्नेबाट सन्तुष्ट हुन नसकेकी कुलदेवीको यौन मानसिकताको चित्रण यस कथामा गरिएको छ ।

यसरी गोठालेको कथालेखनको तृतीय चरणमा पूरानै प्रवृत्ति अँगालिएको पाइन्छ । यस चरणमा पनि ऐतिहासिक, सामाजिक, राजनीतिक, आर्थिक पृष्ठभूमिमा नै पात्रको मानसिक अवस्थाको विश्लेषण गरिएको छ । यौन कथा लेखनको गति पनि केही सुस्ताएको देखिन्छ । उनले यस चरणमा एघारवटा कथामा यौनमनोविश्लेषण सिद्धान्तको प्रयोग गरे पनि पाँचवटा कथामा सामान्य यौनको प्रयोग पाइन्छ । त्यस्तैले गोठालेको अघिल्ला चरणभन्दा यस चरणमा कथाकारिता केही सुस्ताएको जस्तो देखिन्छ ।

## ३.३. निष्कर्ष

गोविन्दबहादुर मल्ल गोठाले आधुनिक नेपाली कथा विधाका सशक्त मनोविश्लेषणात्मक कथाकार हुन् । उनी बिशेषतः समाजमनोविश्लेषणात्मक कथाकारका रूपमा परिचित छन् । तापनि उनका कथामा बालमनोविश्लेषणात्मक, अपराधमनोविश्लेषणात्मक र यौनमनोविश्लेषणात्मक सिद्धान्तको पनि प्रयोग पाइन्छ । पृष्ठभूमिका रूपमा आर्थिक, सामाजिक, ऐतिहासिक तथा राजनीतिक विषयवस्तुको प्रयोग भएको पाइन्छ । उक्त पृष्ठभूमिमा लेखिएका गोठालेका जम्मा छपन्न ओटा कथाहरू पाँच ओटा कथा सङ्ग्रहमा सङ्कलित छन् । छपन्न ओटा कथाहरूमध्ये अठ्ठाईस ओटा कथाहरूमा यौनमनोविश्लेषणात्मक सिद्धान्तको प्रयोग पाइन्छ । उक्त यौनमनोविश्लेषणात्मक

सिद्धान्तको प्रयोग भएका सात वटा कथामा सामान्य यौनमनोविश्लेषणको प्रयोग पाइन्छ भने बीसवटा कथामा असामान्य यौनमनोविश्लेषणको प्रयोग पाइन्छ । सामान्य यौनमनोविश्लेषणको प्रयोग भएका कथाहरूमा 'चुनाव', 'बेसुर', 'इतिहास विर्सेका घटना', 'छोरीको बाबु', 'जङ्गबहादुर र हिरण्यगर्भकुमारी', 'कुसुम दिदी', 'मान्छे', आदि हुन् भने असामान्य यौनमनोविश्लेषणको प्रयोग भएका कथाहरू पुरानो 'एउटा कथा', 'भाँडो', 'बिचरी ऊ', 'के गरेकी शोभा', 'युवती र जरसाहेब', 'चिन्हा', 'बिहे', 'मैले सरिताको हत्या गरेँ', 'प्रेम र मृत्यु', 'आधार', 'खेल', 'अज्ञात', 'हवाइजहाजको गर्भ', 'विस्मृतितिर लम्केको स्मृति', 'गीता र मीना', 'बलात्कार', 'सुशीला भाउज्यू', 'लाटो', 'हराएकी केटी', 'कुलदेवी' आदि हुन् । गोठालेका यी बीस ओटा असामान्य यौनकथाहरू मध्ये पहिलो चरणका 'भाँडो', 'युवती र जरसाहेब', 'के गरेकी शोभा', दोस्रो चरणका कथाहरू 'मैले सरिताको हत्या गरेँ', 'प्रेम र मृत्यु', 'आधार', र तेस्रो चरणका कथाहरूमा 'गीता र मीना', 'सुशीला भाउज्यू', 'बलात्कार' आदि कथाहरू उत्कृष्ट छन् । उनका यी उत्कृष्ट कथाहरूमा यौन सिद्धान्तका मान्यताहरू जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्ति, अचेतन मनको वा इदको चित्रण, यौनले मानसिक विकासमा पार्ने प्रभाव, यौनजन्य मनोग्रन्थिहरूको प्रयोग, यौनजन्य प्रतीकहरूको प्रयोग र नाटकीकरण आदिको प्रयोग गरिएको छ । त्यसैले यी कथाहरूलाई उत्कृष्ट मानिन्छ । त्यसैले दोस्रो चरणमा कथामा प्रयोग भएको यौनमनोविश्लेषणको विश्लेषण गर्न तयार पारिएका बुँदागत ढाँचाका आधारमा उक्त उत्कृष्ट र प्रतिनिधि कथाहरूको विश्लेषण पछिल्लो परिच्छेदमा गरिएको छ ।

## चौथो परिच्छेद

# गोविन्द गोठालेको कथायात्राको प्रथम चरणमा पर्ने यौनमनोविश्लेषणात्मक कथाहरूको विश्लेषण

### ४.१. परिचय

गोविन्दबहादुर मल्ल 'गोठाले'ले आफ्नो कथायात्राको प्रथम चरणका यौन कथामा सामाजिक कुसंस्कार, रुढीवादी परम्परा, आर्थिक अभाव र पारिवारिक परिस्थितिले पात्रको यौनेच्छामा पारेको प्रभावलाई चित्रण गरिएको छ । साथै उनका कथामा राणाशासनमा सर्वसाधारणका छोरी-चेलीमाथि हुने यौन शोषणलाई पनि देखाइएको छ। उनले यस चरणमा यौनमनोविश्लेषण सिद्धान्तको प्रयोग गरी जम्मा दस ओटा कथाहरू लेखेका छन्। उनका प्रथम चरणमा लेखिएका दस ओटा यौनकथामध्ये यस परिच्छेदमा प्रतिनिधि तीन कथाहरू 'भाँडो', 'के गरेकी शोभा' र 'युवती र जरसाहेब' को मात्र विश्लेषण गरिन्छ।

### ४.२. 'भाँडो' कथाको विश्लेषण

गोविन्द गोठालेको *कथैकथा* कथासङ्ग्रहमा सङ्ग्रहित 'भाँडो' कथा सामाजिक र आर्थिक पृष्ठभूमिमा यौनमनोविश्लेषणको प्रयोग गरी लेखिएको उत्कृष्ट यौन कथा हो । यसकथामा सहरबजारका धनीमनी र उच्चवर्गका व्यक्तिले निम्नवर्गका व्यक्तिहरूलाई मान्छे नगन्ने प्रवृत्तिलाई चित्रण गरिएको छ। जसमा धनी वा गरीब जुनसुकै वर्गका व्यक्तिमा पनि यौनेच्छा हुन्छ र त्यो सबैमा समान हुन्छ अर्थात यौनेच्छामा वर्गीय भिन्नता हुँदैन भन्ने सन्देश दिइएको छ। साथै विषमलिङ्गीका सामिप्यमा रहँदा यौनाकर्षण हुन्छ भन्ने कुरालाई पनि देखाउन खोजिएको छ । जसको पुष्टि आफ्नै अगाडि नुहाउँदै गरेकी मालिक्नीका यौनाङ्ग देखेपछि भीमेमा यौनेच्छाको जागृति भएको प्रसङ्गले गर्दछ । यसकथामा मालिक्नीका स्वेताङ्ग हेरेपछि यौनेच्छाले आक्रान्त भएको भीमेको मनोदशाको चित्रण गरिएको छ । यस कथामा प्रयोग भएको यौनमनोविश्लेषणात्मक सिद्धान्तको विश्लेषण निम्न बुँदागत आधारमा गरिन्छ :

#### ४.२.१. जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्ति

गोविन्दबहादुर मल्ल गोठालेको 'भाँडो' कथा उत्कृष्ट यौनमनोविश्लेषणात्मक कथा हो। यस कथामा जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्ति दुवैको प्रयोग पाइन्छ । यस कथाको प्रमुख पात्र भीमे सुरुमा जीवन मूलप्रवृत्तिबाट प्रभावित छ। ऊ एउटा बिकट गाउँमा जन्मे हुर्केको गरीब पात्र हो। ऊ सहर पसेर काम गरी धेरै पैसा कमाएर सुखी जीवन जीउने आशामा सहरको एउटा घरमा भाँडा

माझ्ने काम गर्छ । ऊ धाराको छेउमा बसेर काल्पनिक संसारमा उड्दै सोचमा मग्न हुन्छ । ऊ आफू गाउँमा छँदाका साथीसङ्गी सम्झिन्छ साथै उनीहरू सँग हाँस्खेल गरेको सम्झिन्छ । यही सोचमा डुबेका बेला नै उसमा अचेतनका दमित इच्छाहरू नजानिदो चालले जागृत भएको देखिन्छ । जसको पुष्टि निम्न कथांसले गरेको छ : "उकालो ओरालो, अनि फेरि उकालो ओरालो । अनि घुमाउनेनिर एउटा भट्टी आउँछ । घरछोरी भर्खरकी १४/१५ बर्षकी थिई होली । गोरो गाला ! गाला, अब त सोह्र-सत्र बर्षकी भई होली । रात त त्यहीँ बास बस्नुपर्ला" (पृ.७१-७२) । यसले भीमेमा भएको यौन जागृतिको अवस्थालाई सङ्केत गरेको छ । जसले उसमा जीवन मूलप्रवृत्तिलाई प्रबल गराएको छ । ऊ एकदमै फूर्तिलो र उत्साहीत भएर भाँडा माझिरहेको छ । ऊ यसपाली घर गएर विवाह गर्ने कल्पना गर्छ । यसले पनि ऊभित्रको जीवन शक्तिलाई सङ्केत गर्दछ । यसरी अचेतनको सक्रियतासँगै रमाउँदै गरेको भीमे एक्कासी ठूली मालिक्नी आएर नुहाउन थालेपछि यौनेच्छाले आक्रान्त भएको छ । मालिक्नीका स्वेताङ्ग हेरेको भीमे कामावेगको ज्वारले आक्रान्त हुन्छ । अचेतनको दबाबले ऊ त्यहाँबाट उठेर भाग्न पनि सक्दैन र ऊ ती इच्छाहरूको क्षतिपूर्ति पनि गर्न सक्दैन । जसले गर्दा ऊ दमित र कुण्ठित भई असामान्य अवस्थामा पुग्दछ । यतिबेला उसको जीवन शक्तिले हारखाई मृत्युशक्ति उच्च स्थानमा पुग्दछ । त्यसैले चेतनाशून्य भएर ऊ मालिक्नीले नुहाएको र नुहाउँदा देखिएका यौनाङ्गहरू हेरेर यौनानन्द लिइरहेको छ । जसको पुष्टि निम्न कथांसले गरेको छ :

> भीमेलाई कहिले सुविस्थासित सुत्न मन लाग्यो-कहिले यताउति घुम्ने इच्छा भयो । आफ्नो बदनमा मुक्कीले हिर्काएर कसरत गर्ने मन भयो – स्याँ-स्याँ, फुँ-फुँ गरेर उकालो चढ्न मन लाग्यो । तै पनि उठ्नसम्म सकेन र उसले मालिक्नीले साबुन लगाएको, मलेको, नुहाएको इत्यादि हरेक क्रिया एकएक गरेर हेर्दै गयो (पृ. ७४) ।

यसरी भाँडो कथाको प्रमुख पात्र भीमेमा जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्तिको द्वन्द्व पाइन्छ ।

### ४.२.२ अचेतन मन वा इदको चित्रणमा जोड

'भाँडो' कथाको प्रमुख पात्र भीमे चेतन र अचेतन मन बीचको द्वन्द्वबाट ग्रसित छ । ऊ भाँडा माझ्ने क्रममा काल्पनिक संसारमा हराएको छ । कल्पनामा रमाउँदै गर्दा सक्रिय हुँदै गरेको भीमेको यौनेच्छा ठूलाकाजीकी दुलही आएर उसकै अगाडि नुहाउन थाले पछि उच्च स्थानमा पुगेको छ अर्थात यौनेच्छाले आक्रान्त बनेको छ । तैपनि चेतनमनलाई केही सक्रिय गराउँदै अचेतनका ती इच्छाहरूको दमन गर्न खोज्छ । मालिक्नीले त्यसरी नुहाएको हेर्नु पाप हो भन्दै नुहाएको नहेरी अर्कातिर हेर्न खोज्छ , त्यहाँबाट भाग्न खोज्छ तर अचेतनका इच्छाको सक्रियताले उसका आँखा त्यहाँबाट हट्न दिँदैन, बसेको ठाउँबाट उठ्न सक्दैन । यसरी चेतन मनलाई अचेतनले दबाएको स्थिति देखिन्छ र चेतना शून्य भएर पशुवत तरिकाले मालिक्नीले नुहाएको र उसका स्वेताङ्ग हेरेर सन्तुष्टि लिइरहन्छ । जसको पुष्टि निम्न कथांशबाट गर्न सकिन्छ :

> भीमेलाई कहिले सुविस्थासित सुत्न मन लाग्यो-कहिले यताउति घुम्ने इच्छा भयो । आफ्नो बदनमा मुक्कीले हिर्काएर कसरत गर्ने मन भयो – स्याँ-स्याँ, फुँ-फुँ गरेर उकालो चढ्न मन लाग्यो । तै पनि उठ्नसम्म सकेन र उसले मालिक्नीले साबुन लगाएको, मलेको, नुहाएको इत्यादि हरेक क्रिया एकएक गरेर हेर्दै गयो (पृ. ७४) ।

### ४.२.३. **यौनको मानसिक विकासमा प्रभाव**

यौनले व्यक्तिको मानसिक स्थितिको विकासमा पनि प्रभाव पार्दछ । यस्तो प्रभाव सकारात्मक र नकारात्मक हुन्छ । यौनेच्छाले सहज निकास पाएमा त्यसले सकारात्मक प्रभाव पार्दछ भने अवरोध वा असहजता भएमा नकारात्मक प्रभाव पार्दछ । गोठालेका कतिपय कथामा यौनले मानसिक विकासमा पार्ने प्रभावका बारेमा पनि विश्लेषण गरिएको छ । 'भाँडो' कथामा पनि भीमेको मानसिक अवस्थाको विश्लेषण गरिएको छ । कथाको सुरुवातमा सामान्य यौनभावनामा रम्दै भाँडा माझ्दै गरेको भीमे एकदमै फूर्तिलो देखिन्छ । उसलाई काम सक्ने हतारो हुन्छ । जसले गर्दा उसको मानसिक विकासमा सकारात्मक प्रभाव पाइन्छ । तर जब उसकी मालिक्नी धारामा आएर नुहाउन थाल्छे तब उसको यौनेच्छाले उचाइ लिन्छ । उसको शरीर लगलगी काँपीरहेको हुन्छ । ऊ एकदमै चेतना शून्य अवस्थामा पुग्दछ । जसले गर्दा भीमे यौनेच्छाको सन्तुष्टिका लागि बाटो नदेखेपछि आफ्ना इच्छाहरूलाई दबाउन बाध्य हुन्छ र ऊ कुण्ठित भई असामान्य अवस्थामा पुगेको छ । यसरी सामान्य अवस्थामा भाँडा माझिरहेको भीमेमा एक्कासी जागृत भएको यौनेच्छाले चेतना शून्य अवस्थामा पुऱ्याएको छ । जसले गर्दा ऊ कुनै पनि अप्ठ्यारो नमानी मालिक्नीको शारीरिक दृश्य हेरेर आनन्द लिइरहेको छ । जसको पुष्टि निम्न कथांसले गरेका छन् :

> भीमेलाई कहिले सुविस्थासित सुत्न मन लाग्यो-कहिले यताउति घुम्ने इच्छा भयो । आफ्नो बदनमा मुक्कीले हिर्काएर कसरत गर्ने मन भयो -स्याँ-स्याँ, फुँ-फुँ गरेर उकालो चढ्न मन लाग्यो । तै पनि उठ्नसम्म सकेन र उसले मालिक्नीले साबुन लगाएको, मलेको, नुहाएको इत्यादि हरेक क्रिया एकएक गरेर हेर्दै गयो (पृ. ७४) ।

### ४.२.४ **यौनजन्य विभिन्न मनोग्रन्थिहरूको चित्रण**

'भाँडो' कथाको प्रमुख पात्र भीमे इडिपस ग्रन्थिबाट प्रभावित देखिन्छ । भाँडा माझ्ने क्रममा यसपाली घर जाने र आमाले खोजिदिएकी केटीसँग विवाह गर्ने सोच्दै भीमेले आमाप्रति आदरभाव व्यक्त गरेको छ । यसरी आमाप्रतिको आकर्षण र आदरभावले गर्दा उसमा इडिपस ग्रन्थि रहेको देखिन्छ । जसको पुष्टि निम्न कथांसले गरेको छ : "उसले फेरि सोच्यो आमाले पक्का पनि एउटी राम्री केटी खोजी राखेकी होलिन् बिहे गरेर यहाँ फर्कूँ कसरी ?" (पृ.७३) । त्यस्तै ठूली मालिक्नीले नुहाएको बेला नहेर्ने कोशीस गरिरहेको भीमे मालिक्नीले नुहाएको हेर्नु हुँदैन भन्दै आँखा अन्तै मोड्न खोज्छ , काममा तल्लिन हुन खोज्छ । यसबाट पनि उसको चेतन मनले नारीप्रतिको आदरभाव व्यक्त गरेको देखिन्छ । जसको पुष्टि निम्न कथांशले गरेका छन् : "उसले फेरि एक चोटि फूर्तिसित हात

चाल्यो र सोच्यो-हामीले यसरी मालिक्नीको आङ्मा हेर्नु हुँदैन "(पृ.७३) । यसरी भीमेमा भएको मालिक्नीप्रतिको आदरभावले पनि उसमा इडिपस ग्रन्थि रहेको पुष्टि हुन्छ ।

### ४.२.५ यौनजन्य प्रतीकहरुको प्रयोग र नाटकीकरण

'भाँडो' कथामा यौन क्रिडाका प्रतीकहरूलाई नाटकीकरण गरी कथामा निम्नानुसार प्रस्तुत गरिएको छ : "भीमेलाई कहिले सुविसताले सुत्न मन लाग्यो – कहिले यताउति घुम्ने इच्छा भयो । आफ्नो बदनमा मुक्की हिर्काएर कसरत गर्ने मन भयो – स्याँ-स्याँ, फुँ-फुँ गरेर उकालो चढ्न मन लाग्यो । तैपनि ऊ उठ्न सकेन (पृ.७४) ।" यहाँ सुत्नु, यताउति घुम्ने इच्छा हुनु, कसरत गर्नु, उकालो चढ्न मन लाग्नु आदिलाई यौन क्रिडाको प्रतीकका‌रूपमा प्रयोग गरिएको छ । त्यस्तै कथामा प्रयोग गरिएका चुरोट, पानीको धारा आदि पुरुष जनेन्द्रियको प्रतीकका रूपमा आएका छन् भने फ्रायडको सिद्धान्त अनुसार गोलो, फराकिलो, गहिरा र चेप्टा वा धारण गर्न हुने चिजवस्तु स्त्री जनेन्द्रियका प्रतीकहरू हुन् । त्यसैले गर्दा यो कथाको शीर्षक नै 'भाँडो' भएकाले यसलाई यौन प्रतीकात्मक कथा भन्न सकिन्छ ।

### ४.२.६. निष्कर्ष

'भाँडो' कथा सामाजिक पृष्ठभूमिमा लेखिएको यौनमनोविश्लेषणात्मक कथा हो । यस कथामा यौन प्राकृतिक तत्व भएकाले यो सबैमा समान रूपले उत्पन्न हुन्छ र यसमा वर्गीय असमानता हुँदैन भन्ने कुराको चित्रण गरिएको छ । यस कथामा प्रयोग भएको यौनमनोविश्लेषणको विश्लेषण उपर्युक्त पाँच बुँदागत ढाँचाका आधारमा गरिएको छ । जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्ति, अचेतन मन वा इदको चित्रण, यौनको मानसिक विकासमा प्रभाव, यौनजन्य मनोग्रन्थिको चित्रण, यौनजन्य प्रतीकहरूको प्रयोग र नाटकीकरण आदि पाँच बुँदागत आधारको प्रयोग भाँडो कथामा उपयुक्त र सफल ढङ्गले गरिकाले यस कथालाई उत्कृष्ठ कथा मानिन्छ ।

## ४.३. 'युवती र जरसाहेब' कथाको विश्लेषण

गोविन्द गोठालेका *कथैकथा* कथासङ्ग्रहमा सङ्कलित 'युवती र जरसाहेब' कथा राणाकालीन समाजलाई पृष्ठभूमि बनाई लेखिएको एक उत्कृष्ट यौन कथा हो । राणाकालीन समाजमा उच्च वर्गका व्यक्तिले वा शासकहरूले सर्वसाधारणका छोरी बुहारीलाई भोग विलासको साधन बनाउने राणाहरूको कुकृत्यलाई यस कथाले उदाङ्ग पारेको छ । यस कथामा युवतीको यौन मानसिकता र जरसाहेबले पैसाको प्रलोभनमा पारी सर्वसाधारण युवतीहरूमाथि गरेको यौन शोषण वा उसको भोग्या प्रवृत्तिको चित्रण गरिएको छ । यस कथामा प्रयोग भएको यौन मनोविश्लेषणको विश्लेषण निम्नानुसार गरिन्छ :

### ४.३.१. **जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्ति**

'युवती र जरसाहेब' कथाकी प्रमुख पात्र अर्थात नायिका युवतीमा सुरुमा जीवन मूलप्रवृत्ति उच्च स्थानमा रहेको देखिन्छ । बैठकले पच्चीस रूपैयाँ दिएर जरसाहेबकहाँ नानी बनेर जान आग्रह गर्ने बित्तिकै यौनेच्छाले ग्रसित युवती तुरुन्त जान तयार हुन्छे । जरसाहेबकहाँ जाँदा बैंसले मातिएकी युवती आफ्नो यौनेच्छा पुरा हुने र आफू एकछिन भएपनि महलकी रानी हुनपाउने भएपछि आफ्नो शरीर निहार्दै पुल्लकीत हुँदै छिटोछिटो हिंड्छे । उसलाई चाँडो जरसाहेबको महलमा पुग्ने हतारो छ । युवती जब महल पुग्छे ऊ केही डराएकी र सर्माएकी छ । तर जरसाहेवका अगाडि पुग्दा उसको डर र सरम एकै चोटी हराउँछ । त्यहाँ उसले सोचे जस्तो व्यवाहार जरसाहेबबाट हुँदैन तैपनि उसको जीवन शक्तिले हार खाँदैन । ऊ अनेक प्रयास गर्दै जरसाहेबलाई आफूतिर आकर्षित गर्न खोज्छे । रक्सी खाने, जरसाहेबका अगाडि मुस्काउने, जानी-जानी ओढेको पछ्यौरा खसाउँदै आफ्नो सौन्दर्य प्रदर्शन गर्ने जस्ता कार्यहरू गर्छे । यसलाई कथामा यसरी प्रस्तुत गरिएको छ : "युवतीले आफ्नो हिस्सी सौन्दर्यलाई ओठमा केन्द्रिभूत गर्न खोज्दै मुस्कुराई । त्यो मुस्कुराहट कति मीठो, कति राम्रो ! त्यस मुस्कुराहटलाई कति मान्छेले तारिफ गरेका थिए । युवतीले पछ्यौरालाई जनाजान विस्तारै खस्काई । पुष्ट छातीमा उदाङ्ग भयो । अनि ऊ सर्माएझैं मुस्कुराई ।" (पृ.१३३)

यसरी युवतीले गरेका उपर्युक्त प्रयासले ऊ भित्रको जीवनशक्तिको क्रियाशिलतालाई पुष्टि गरेको छ । तर उसका ती प्रयासहरू त्यसै खेर गए जे गरे पनि जरसाहेब उठेन बरु ऊसँग औपचारिक गफ मात्रै गरिरहयो र उसलाई सुख्खा आँखाले मात्र हेरिरहयो । उल्टो ऊ युवतीलाई नाम सोध्दै तिमी त बुढी भई सक्यौ होला भनेको त, तिमी फेरि-फेरि म कहाँ किन आइनौ ? भन्ने प्रश्न गर्दै युवतीको अचेतनका इच्छामा ठेस पुऱ्याउने काम गर्छ । जरसाहेबका यस्ता कुराले युवतीको यौनेच्छामा आघात पुगी एकै चोटी बुढी र छयाकटे भएको अनुभव हुन्छ र उसमा जरसाहेबप्रति घृणा उत्पन्न हुन्छ । जसले गर्दा ऊ भित्रको जीवनशक्तिले हारखाई मृत्युशक्ति प्रवल हुन पुग्छ । युवतीमा रहेको मृत्युशक्तिको पुष्टि निम्न कथांशले गरेको छ : "जरसाहेबका आँखा मुस्कुरायो मात्र । युवतीका आँखामा घृणा बिजुली झैं चम्कियो । केही फोहोर कुरा बोलेर झपार्न उसलाई उकुसमुकुस भैरहेको थियो ।" (पृ.१३५) यसरी जरसाहेवको व्यावहारले अचेतनका इच्छामा आघात पुगी विक्षिप्त भएकी युवती अन्त्यमा बढ्दै गएको आफ्नो यौनावेगलाई थाम्न नसकी बाहिरीन खोज्दा बेहोस भई ढल्न पुगेकी छ ।

आफूभित्रको यौनेच्छाको तृप्तिका लागि सर्वसाधारणका छोरी बुहारीलाई पैसाको प्रलोभनमा पारी दरबारमा ल्याउने जरसाहेब त्यस्ता नानीलाई चुरोट र रक्सीको नशामा डुबाएर दुःख दिदै रातभरी आफूसँग राखी उनीहरूको सौन्दर्यको रसपान गर्ने हुनाले उसमा मृत्यु मूलप्रवृत्ति प्रबल रहेको देखिन्छ । उसले युवतीप्रति गरेका सम्पूर्ण व्यावहारहरू मृत्यु मूलप्रवृत्तिबाट प्रेरित छन् भन्न सकिन्छ ।

यसरी यस कथाका पात्रहरू युवती र जरसाहेब दुवैमा जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्ति छ भन्न सकिन्छ ।

### ४.३.२. अचेतन मन वा इदको चित्रणमा जोड

'युवती र जरसाहेव' कथाकी प्रमुख पात्र युवती अचेतनको कामवासनाबाट ग्रसित पात्र हो । ऊ बैठकेको आग्रहलाई स्वीकार गर्दै तुरुन्तै दरबार जान तयार हुन्छे । ऊ बाटोमा हिंड्दा अगाडि पछाडि फर्कंदै आफ्नो शरीरलाई निहार्दै पुल्लकित भएकी देखिन्छे । यसबाट युवतीमा यौनेच्छा सक्रिय रहेको सङ्केत मिल्छ । जसको पुष्टि कथामा निम्न कथांशले गरेको छ :

> उसले आफ्नो जीउको पुष्ट छातीदेखिन् खुट्टासम्म सरसरी निहारी । जर्जेटको सारी खुट्टाको चालसित सरसफाईरहेको थियो । ऊ आफैं मुस्कुराई । उसले देखी – बाटोमा आँखै-आँखाहरू उसको जीउलाई केन्द्रिभूत गरी पलाकपुलुक चम्किरहेका थिए । ती धेरै प्रकारका आँखाहरू थिए-बूढा आँखा, सोझा आँखा-गम्भीर आँखा, नक्कली आँखा । ऊ फेरि मुस्कुराई ।(पृ.१२५) ।

त्यस्तै महल प्रवेश गर्दा छेउकै सानो पोखरीको मध्य भागमा रहेको नग्न स्त्रीको मूर्ति देखेपछि युवतीको अचेतन मन झन धेरै सक्रिय भएको पाइन्छ । ऊ चेतनाशून्य भएर त्यो मूर्तिलाई हेर्दै आफ्नो शरीरलाई निहार्न पुग्छे र आफू पनि त्यही पोजमा उभिन चाहान्छे । जसलाई कथाकारले कथामा यसरी प्रस्तुत गरेका छन् :

> महलभित्र पस्ने ढोकानिर एउटा सानो पोखरी थियो त्यहाँ पुगेर युवती फेरि वाल्ल परी र एकटक पोखरीको माध्यभाग स्थित नग्न स्त्रीको मूर्तिलाई निहार्न लागी । मूर्तिको टाउकोबाट पानीको फोहोरा निस्किरहेको थियो र पानीको त्यो सामसुम ठाउँमा सङ्गीत झैं शब्द निकालेर पोखरीमा झरिरहेको थियो । पानीको झरझर बिजुलीको चमकमा नाचिरहेको थियो । मूर्तिका दुई पुष्ट स्तन चुचिएका थिए- मुस्कुराएको ओठ चोसिएको थियो अनि कम्मर छिनिएला जस्तो अनि हातले अघिल्तिरको मानिसलाई इसारा गरिरहेझैं थियो । मूर्तिको समग्र भङ्गिमाले मनो भनिरहेको थियो -'आऊ मलाई अँगाल र कहिले नछोड !' युवतीले आफ्नो सारा जीउलाई सरसरी निहारी, मानो ऊ मूर्ति झैं त्यही पोजमा एकछिन उभिन चाहान्छे । (पृ.१२७)।

यसरी उक्त कथांशले पनि युवतीको अचेतनको सक्रियतालाई पुष्टि गर्दछ । यौनेच्छाले आक्रान्त युवती जरसाहेबका अगाडि पुग्दा केही डराएकी र केही सर्माएकी छ । तर जरसाहेबको चिसो हातको स्पर्शले उसको इच्छामा ठेस पुग्छ । फेरि जरसाहेबले तिमी पहिले पनि यहाँ आएकी थियौ होइन ? भन्ने प्रश्न गर्दा उसमा भएको भय र सरम एकै चोटि हराउँछ । जरसाहेवको चिसो हात र सुख्खा आँखा देखेपछि युवतीमा निरासा छाउँछ । तै पनि अनेक प्रयास गर्दै जरसाहेबलाई आफूतिर आकर्षित गर्नतिर तल्लिन हुन्छे । उसले अनेक साङ्केतिक माध्यमबाट आफ्नो अचेतनका इच्छाहरू

जरसाहेब समक्ष प्रदर्शन गर्दा पनि कुनै चासो नदिएपछि उसका इच्छाहरू कुण्ठित भई विक्षिप्त अवस्थामा पुग्छे । यही अवस्थामा उसलाई जरसाहेवले तिमी पुरा नै रम्भा हौँ, अब त तिमी बुढी भईसक्नु पर्ने, तिमी बारबार म कहाँ किन आइनौँ ? भन्ने प्रश्न गरेपछि ऊ झन् विक्षिप्त भएकी छ । उसको अचेतनमा झन ठूलो आघात पुगेको छ । यसरी अनेक प्रयास गर्दा पनि सफल हुन नसकेकी युवती अन्त्यमा आफूलाई समाल्न नसकी ढोका फोरेर भाग्न खोज्दा बेहोस हुन पुगेकी छ ।

त्यस्तै यस कथाको अर्को पात्र जरसाहेब पचास बर्षको बुढो र रातै पिच्छे स्वास्नी फेर्ने यौन पिपासु पात्र हो । यस कथामा युवतीलाई देखेपछि उसले पहिले नै भोगिसकेकी रम्भाको याद आउँछ चेतनमनले ऊ त्यो बुढी रम्भा होइन भने पनि अचेतन मनले युवतीलाई बुढी पहिले नै भोगी सकेकी रम्भाका रूपमा स्थापित गर्छ । युवतीलाई अनेक प्रश्न गरी रातभरी राख्छ । जसलाई कथाकारले यसरी प्रस्तुत गरेका छन् : जरसाहेबले भने –"उसो भए तिमी त्यही रम्भा !" युवतीले फेरि पुलुक्क सम्मुखका मर्दलाई हेरिरही । जरसाहेबले फेरि भने–"तिमी बारबार यहाँ किन आइनौ ? तिमी फेरिएछ्यौ (पृ.१३४) । यस कथांशले पनि जरसाहेबको अचेतनले युवतीलाई पुरानै  रम्भाका रूपमा देखेको पुष्टि गर्छ । यसरी उसलाई पुरानी रम्भाप्रति खासै आकर्षण नभएकाले ऊ युवतीतिर पनि आकर्षित हुन सक्दैन र भोग गर्न पनि सक्दैन जसले गर्दा चेतन र अचेतनको द्वन्द्वात्मक स्थितिमा जरसाहेब रुमलिन पुगेको  छ ।

### ४.३.३. **यौनको मानसिक विकासमा प्रभाव**

'युवती र जरसाहेब' कथाकी युवती अचेतनका कामवासनाबाट प्रताडित छे । एकैछिन भएपनि रानी बन्नपाउने र अचेतनको वासनात्मक इच्छा पूरा हुने देखेपछि बैंसले मातिएकी युवती  बैठकेसँग जरसाहेबकहाँ जान तयार हुन्छे । ऊ एकदमै उत्साही भएर खुशी भएर जरसाहेबकहाँ जान्छे । यौनेच्छाले आक्रन्त भएकी युवती  महल प्रवेश गर्न लाग्दा नजिकै रहेको सानो पोखरीको बीच भागमा अवस्थित नग्न स्त्रीको मूर्ति देखेपछि आफ्नो शरीरलाई माथिदेखि तलसम्म निहार्दै ऊ पनि त्यही मूर्तिको पोजमा बस्न चाहान्छे र कल्पनामा हराउँछे । यसबाट ऊ भित्रको कामावेगले अझ उचाइ प्राप्त गर्न थालेको पाइन्छ । जब ऊ जरसाहेबका अगाडि पुग्छे त्यति बेला ऊ चरम उत्तेजनामा पुगेकी हुन्छे । तर त्यहाँ जरसाहेबको चिसो हातको स्पर्श र सुख्खा आँखाको हेराईले ऊ केही निरास र कुण्ठित हुन पुगेकी छ । तै पनि ऊ जरसाहेबलाई आफूतिर आकर्षित गर्न अनेक प्रयास गर्छे । तर उसको प्रयास विफल हुन्छ । यसले गर्दा ऊ एकदमै कुण्ठित भई विक्षिप्त हुन्छे । त्यही अवस्थामा जरसाहेबले "उसो भए तिमी रम्भा!, तिमी बराबर यहाँ किन आइनौ ? तिमी फेरिएछ्यौ ?"(पृ.१३५) भन्ने प्रश्न गरेपछि ऊ झन् विक्षिप्त भई असामान्य स्थितिमा पुगेकी छ । जसको पुष्टि निम्न कथांसले गरेको छ : "युवती अझ पनि हाँस्न सकिन । सिंगारेर बाछेको कपाल आपसेआफ फ्याल्ल फुस्के झैँ ऊ जिल्लिएर बसिरही । मानो अकस्मात् ऊ कुरूप भई, मानो ऊ छयाकटे भई । ऊ टोलाएर बसिरही ।" (पृ.१३४)यसरी जरसाहेबले गरेको बेवास्ता र घृणित व्यवहारले असामान्य अवस्थामा पुगेकी युवती अन्त्यमा आफूभित्रको कामावेगको ज्वारलाई समाल्न नसकी अतालिएर ढोका फोरेर भाग्न खोज्दा बेहोस हुन पुगेकी छ ।

### ४.३.४. यौनजन्य विभिन्न मनोग्रन्थिहरूको चित्रण

'युवती र जरसाहेब' कथाकी नायिका युवतीमा सुरुमा आत्मरति ग्रन्थि व्याप्त रहेको देखिन्छ । ऊ आफ्नो शरीर निहार्ने हेर्ने, आफ्नो प्रशंसा गर्ने र आफूलाई नै प्रेम गर्ने र आफैंमा मख्ख पर्ने पात्र हो । जसको पुष्टि निम्नकथांसले गरेको छ :

> उसले आफ्नो जीउको पुष्ट छातीदेखिन् खुट्टासम्म सरसरी निहारी । जर्जेटको सारी खुट्टाको चालसित सरसराइरहेको थियो । ऊ आफैं मुस्कुराई । उसले देखी – बाटोमा आँखै-आँखाहरू उसको जीउलाई केन्द्रिभूत गरी पलाकपुलुक चम्किरहेका थिए । ती धेरै प्रकारका आँखाहरू थिए-बूढा आँखा, सोझा आँखा-गम्भीर आँखा, नक्कली आँखा । ऊ फेरि मुस्कुराई । उसलाई प्रतीत भयो कि कोही उसको पिछा गरिरहेछ । केही थाहा नपाएको बहाना गरी, यताउता नहेरी ऊ अघिल्तिर बढिरहेकी थिई । मानिस उसको पछि लाग्नु उसका निमित्त नयाँ कुरा थिएन । तर उत्सुक्ता रोक्न नसकी उसले फर्केर हेरी । उसको आँखा यन्त्रवत् नाच्यो र ऊ यन्त्रवत् हाँसी । (पृ.१२५)

त्यस्तै यस कथाको अर्को पात्र जरसाहेब परपीडन ग्रन्थिबाट ग्रस्त छ । रातैपिच्छे श्रीमती फेर्ने जरसाहेब कलिला युवतीहरूलाई रक्सीको नशामा डुबाएर आफ्नो अगाडि राखी उनीहरूको सौन्दर्यको रसपान गर्ने र रातभरी आफूसँगै राखी दुःख दिएर आफ्नो यौनेच्छा पुरा गर्ने चरित्रको छ । त्यसैले उसमा परपीडन ग्रन्थि छ भन्न सकिन्छ ।

### ४.३.५. यौनप्रतीकहरूको प्रयोग र नाटकीकरण

'युवती र जरसाहेब' कथामा बिजुलीका लठ्ठा, सल्लाका रुख, चुरोट आदिलाई नाटकीकरण गर्दै पुरुष यौनाङ्गको प्रतीकका रूपमा प्रयोग गरिएको छ । त्यस्तै सानो पोखरी र त्यसको मध्यभागमा रहेको नग्न स्त्रीको मूर्ति युवतीका यौनेच्छाको प्रतीकका रूपमा प्रयोग गरेका छन् । त्यस्तै बोतल, गिलास, कौच, दराज आदि स्त्री यौनाङ्गका प्रतीकका रूपमा प्रयोग भएका छन् भने नग्न स्त्री समुद्रको पानीमा बसेको फोटोले युवतीको कामावेगको ज्वारको प्रतीकको रूपमा प्रस्तुत गरिएको छ । त्यस्तै झ्याल ढोकाले स्त्री यौनाङ्गको द्वारका रूपमा प्रस्तुत गरिएको छ । कथामा यौनेच्छाले आक्रान्त युवतीका अतृप्त यौनेच्छालाई जरसाहेबले बेवास्ता गरेपछि दमित र कुण्ठित हुन पुग्छे । यसरी यौनावेगले चेतना शून्य अवस्थामा पुगेकी युवतीको मनोदशालाई कथामा नाटकीकरण गरी यसरी प्रस्तुत गरिएको छ :

> उसले आँखा फेरि बन्द गरी । हूल झनझन् बढ्दै आइरहेको थियो-जात्राजस्तो । खटले मान्छे किच्यो किच्यो किचिएको ऊ नै थिई । उसले फेरि तर्सेर आँखा खोली । जरसाहेबको आँखा टुल्ल थियो । उसले तर्सेर सम्मुखको तसिवरलाई हेरी । पानीको लहर झन् वेगवान भएर चारैतिरबाट त्यो अर्द्धनग्न स्त्रीलाई छोप्न जाइलागिरहेको थियो । त्यो स्त्री डुब्न लागी । (पृ.१३६)

### ४.३.६. **निष्कर्ष**

यसरी गोविन्द गोठालेले 'युवती र जरसाहेब' कथा राणाकालीन पृष्ठभूमिमा यौनमनोविश्लेषणको प्रयोग गरी लेखिएको कथा हो । यसमा सर्वसाधारणका छोरी बुहारीलाई आफ्नो भोगविलासका साधन बनाउने राणाहरूको प्रवृत्तिलाई चित्रण गरिएको छ । साथै शासकवर्गको अन्याय, अत्याचार, शोषण र दमनको विरोध गरिएको छ । यस कथामा युवतीका अतृप्त यौनकुण्ठा, विक्षिप्त मनोदशा र जरसाहेबको यौन पिपासु चरित्रको चित्रण गरिएको छ ।

## ४.४. **'के गरेकी शोभा' कथाको विश्लेषण**

गोविन्द गोठालेको *कथैकथा* कथासङ्ग्रहमा सङ्कलित 'के गरेकी शोभा' कथा नारी प्रधान यौन मनोविश्लेषणात्मक कथा हो । सामाजिक रुढीवादी परम्परा र आर्थिक कारणले गर्दा यस कथाका पात्रहरू यौन व्यावसाय अपनाउन बाध्य छन् । यो कथाकी प्रमुख पात्र शोभा हो । उसैको केन्द्रीयतामा यसको कथानक अघि बढेको छ । यस कथालाई अघि बढाउन आउने अन्य पात्रहरू हसिना, धनमाया, कान्छी, रतनसिंह, नरेन्द्रमान आदि साहायक पात्रहरू हुन् । यस कथामा प्रयोग भएको यौनमनोविश्लेषणको विश्लेषण निम्नानुसार गरिन्छ :

### ४.४.१. **जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्ति**

'के गरेकी शोभा' कथाकी प्रमुख पात्र शोभा हो । यस कथामा यौन उन्मादले मातिएकी शोभा आफूले मनपराएको तल्लो जातको केटो नरेन्द्रमानसँग भागेर विवाह गरेकी छ । विवाहको केही दिनमा नै हृदयघातका कारण लोग्नेको मृत्यु भएपछि शोभाको यौनेच्छामा आघात पुग्छ । जसका कारण ऊ कुण्ठित र विक्षिप्त हुन्छे उक्त घटनापछि ऊ बेसाहारा हुन्छे । उसलाई घरपरिवार र माईती पक्षले अस्वीकार गरेको हुन्छ । तैपनि शोभा उनीहरूसँग दुःख पाए भनेर माफी माग्न जान्न बरु यौन व्यावसाय अँगाल्न पुग्छे । ऊ भित्रको जीवन मूलप्रवृत्तिलाई सक्रिय गराउँदै देहव्यापार जस्तो आपराधिक कार्य गरेर भएपनि जीवन बाँच्ने चाहाना राख्नुले उसमा जीवन मूलप्रवृत्ति व्याप्त रहेको पाइन्छ । तर अर्कोतर्फ उसमा मृत्यु मूलप्रवृत्ति पनि रहेको देखिन्छ । बाँच्नको लागि उसले अँगालेको यौन व्यवसाय उसलाई भित्रैदेखि राम्रो लागेको छैन । तैपनि ऊ जिवीकोपार्जनका लागि अरूलाई आफ्नो शरीर सुम्पेर, आफूभित्रका दुःख, पीडा र बेदनालाई लुकाएर ऊ त्यो कार्य गर्न बाध्य हुन्छे । यसबाट उसमा स्वपीडन प्रवृत्ति पनि देखिन्छ । आमाको मृत्युको खबरले विक्षिप्त भएकी शोभा आमाको दाहासंस्कारमा नगई कर्नेलको छोराको सन्तुष्टिका लागि जान तयार हुनुले पनि उसमा स्वपीडन प्रवृत्ति रहेको देखिन्छ । त्यसैले उसमा मृत्यु मूलप्रवृत्ति रहेको पुष्टि हुन्छ । जसको पुष्टि निम्न कथांशले गरेको छ : "शोभा उठी, खोपानिर गई । एकछिन उभीइरही । अनि ऐना र काइँयो । फेरि आफ्नै ठाउँमा आएर बसी र ऐना झ्यालमा अडाई । मानो ऊ धनमायालाई भनिरहिछ, कान्छीलाई भनी- "म जान्छु कर्नेलको छोराकहाँ, त्यस्तै कपाल कोर्छु ।" ( पृ.५४) ।

यसरी  शोभामा एकातिर जीवन जीउनको लागि यौन व्यवसाय अँगालेको प्रसङ्गले जीवन मूलप्रवृत्ति देखिन्छ भने अर्कोतिर आफ्ना दुःख पीडालाई दबाएर मन नपर्दानपर्दै अरूको खुसी तथा सन्तुष्टिका लागि तयार हुनुले उसमा मृत्यु मूलप्रवृत्ति पनि छ भन्न सकिन्छ । त्यसैले शोभामा मृत्यु मूलप्रवृत्ति र जीवन मूलप्रवृत्ति बीच द्वन्द्व छ भन्न सकिन्छ ।

त्यस्तै कथामा अन्य पात्र हसिना, धनमाया र कान्छी आर्थिक विपन्नताका कारण बाँच्नकै लागि यौन व्यवसाय अँगाल्न बाध्य छन् । त्यसैले यिनीहरूमा पनि जीवन मूलप्रवृत्ति पाइन्छ । अर्को पात्र धनमायाको लोग्ने रतनसिंहमा पनि जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्ति दुवै पाइन्छ । ऊ बुढो, रोगी र अशक्त छ तैपनि ऊ भित्रको यौनेच्छाले गर्दा केही दिनमा नै ठीक हुने र शोभालाई आफ्नी बनाउने कुरा गर्छ । यसले ऊ भित्रको जीवनशक्तिलाई देखाएको छ भने आमाको शोकमा परेकी शोभालाई चुरोट माग्ने निहुँले कोठामा पसेर अँगाली सकिनसकी आफ्ना यौनेच्छा वा आशक्ति मेटाउन खोज्छ । उसमा अरूलाई दुःख दिएर भए पनि यौन सन्तुष्टि लिने परपीडन प्रवृत्ति देखिन्छ । त्यसैले रतनसिंहमा मृत्यु मूलप्रवृत्ति छ भन्न सकिन्छ ।

यसरी ‘के गरेकी शोभा’ सामाजिक पृष्ठभूमिमा लेखिएको यौनमनोविश्लेषणात्मक कथा हो । यसका पात्रहरू रहरले नभई बाध्यता बस यौन व्यापारमा संलग्न हुन पुगेका छन् । उनीहरूमा जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्ति दुवै पाउन सकिन्छ ।

### ४.४.२. **अचेतन मन वा इदको चित्रणमा जोड**

‘के गरेकी शोभा’ कथा नारी प्रधान यौन मनोविशलेषणात्मक कथा हो । यसमा बाबु आमाको इच्छा विपरीत आफूले मनपराएको केटासँग विवाह गरेकी शोभाको विवाहको केहीदिनमा नै हृदयघातकाकारण लोग्ने नरेन्द्रमानको मृत्यु हुन्छ । जसका कारण ऊ दाम्पत्य सुखबाट वञ्चित भई कुण्ठित हुन पुगेकी छ । अचेतनको यौनेच्छामा आघात पुगेपछि  शोभा असामान्य अवस्थामा पुगेकी छ । लोग्नेको मृत्युपछि एक्लिन पुगेकी शोभा मर्न पनि सक्तिन र अरूसँग माफीमागी सहयोग माग्न पनि सक्दिन बरु देह व्यापार जस्तो घृणितकार्य अँगालेर बाँच्ने अठोट गरेकी छ । नरेन्द्रमान मरेपछि कुण्ठित र विक्षिप्त भएकी शोभालाई आमा विरामी भएको खबरले अझ बढी विक्षिप्त बनाउँछ । उसमा मातृमोह वा ममता उर्लेर आउँछ । तर ऊ आफूमा उत्पन्न हीनत्वग्रन्थिका कारण आमा हेर्न जान सक्तिन । त्यसैले आमाको खबर बुझ्न कान्छीलाई पठाएकी छ । आमाको खबरको व्यग्रप्रतिक्षामा रहेकी शोभाको अचेतन मनले नरेन्द्रमानलाई खोजिरहेको हुन्छ । उसको नरेन्द्रमानप्रतिको प्रेम घटेको छैन जतिसुकै गरेपनि भुल्न सकिरहेकी हुन्न । ऊ आफ्ना कुण्ठित यौनेच्छाको क्षतिपूर्ति काल्पनिक संसारमा नरेन्द्रमानलाई ल्याएर गर्छे । जसको पुष्टि निम्न कथांशले गरेको छ : “नरेन्द्रमान सुस्तरी शोभालाई म्वाइँ खान्छ । त्यो म्वाइँ धेरैबेरसम्म ओठमा टिकीरहेको हुन्छ । शोभाले अर्द्धनिमीलित आँखाले आफूलाई न्यौछावर गरिदिएकी छ ।” (पृ.४६) ऊ अरूका सन्तुष्टिका लागि शरीर सुम्पिए पनि उसको अचेतनले नरेन्द्रमानलाई नै खोजिरहेको हुन्छ । अचेतनका कल्पनामा हराउँदै गएकी शोभा चेतनामा विरामी आमाप्रति मायाममता प्रकट गरे पनि अचेतनमा नरेन्द्रमानप्रति नै

आकृष्ट भएकी छ । आमाको खबरको प्रतिक्षामा रहेकी शोभा नरेन्द्रमानको यादमा डुब्नुले उक्त कुराको पुष्टि गर्दछ । यसरी उसको चेतन मनलाई अचेतनका बासनात्मक इच्छाले नै छोपेको छ ।

त्यस्तै हसिनामा पनि अचेतनका वासनात्मक वृत्तिहरू जागृत भएको पाइन्छ । ऊ आफूसँग सँधै आउने कृष्णभक्तसँग प्रेममा डुब्न थालेकी देखिन्छे । अर्थात उसको अचेतनले कृष्णभक्तलाई चाहान्छ । उसलाई एकदिन नदेख्दामात्र पनि मनमा चैन हुदैन चेतन मनले कृष्णभक्तलाई ग्राहाकको रूपमा हेरेपनि अचेतन मनले उसलाई प्रेमीका रूपमा हेर्न थालेकी छ । जसको पुष्टि उसले शोभासँग भनेको यो वाक्यांशले गर्दछ : "तैपनि किनकि त्यो देखियो कि मलाई माया लाग्छ । त्यसलाई एकदिन देखिनँ भने किन कस्तोकस्तो हुन्छ ?" ( पृ.४५-४६) । त्यस्तै रतनसिंह पनि अचेतनका कामवासनाले पीडित छ । ऊ रोगी, बुढो र अशक्त भएकाले अचेतनको यौनेच्छा दबाउन बाध्य भएको छ । ऊ श्रीमतीको कमाई खानुपर्ने हुँदा अचेतन मनलाई दमन गर्न बाध्य छ । तर पनि कहिले काहीं शोभा एक्लै भएका बेला आफ्नो यौन कुण्ठालाई शान्त पार्न शोभामाथि जाइलाग्छ । जसको पुष्टि निम्न कथांशले गरेको छ :

> हेर्दाहेर्दै उसको चाउरे, झुसझुसे सेता दाह्री भएको गाला झुक्यो र उसले शोभालाई लगातार म्वाइँ खायो । शोभा हलचल गरिन । रतनसिंहको बाहुपाशमा जकडिएर बसिरही । रतनसिंहले लामो सास लिँदै भन्यो-"म तिम्रो लागि रात-रातभरि सुत्दिनथेँ, जब अरू तिमीसित...।" उसको बाहुपाश केही फुस्क्यो र ऊ भन्दै गयो- "हो म बिरामी छु केही काम गर्न सक्तिनँ । नत्र.....।" (पृ.४९–५०)

यसरी यसकथाका पात्रहरू अचेतन मनका इच्छाहरू पुरा गर्न नपाउँदा पीडित छन् । जसबाट कुण्ठित भई विक्षिप्त बन्न पुगेका छन् ।

### ४.४.३. **यौनको मानसिक विकासमा प्रभाव**

यौनको मानसिक विकासमा ठूलो भूमिका हुन्छ । यसले सहज बाटो पाएमा सकारात्मक परिवर्तन र वाधा अवरोध भएमा नकारात्मक असर गर्दछ । 'के गरेकी शोभा' मा पनि यौनको उन्मादले मातिएका नरेन्द्रमान र शोभाले सामाजिक कुसंस्कार र परम्परालाई तोड्दै भागेर विवाह गर्दछन् । चञ्चल, लजालु र सौन्दर्यवान् युवती शोभाले नरेन्द्रमानसँग विवाह गरेर दाम्पत्य सुखको अनुभव गर्न नपाउदै लोग्नेको मृत्यु हुन्छ । जसले गर्दा शोभा वासनात्मक इच्छाहरू कुण्ठित भई विक्षिप्त अवस्थामा पुग्छे । रुढीवादी कुसंस्कार अन्धपरम्पराका कारण उसलाई माइत र घर दुवैतिरबाट अस्वीकार गरिन्छ । त्यसैले ऊ मन नपर्दा नपर्दै दुःख, पीर, वेदना, घृणा लुकाएर यौन व्यापारमा संलग्न हुन्छे । यसरी यौन व्यापारमा संलग्न भएपनि उसको कुण्ठित अचेतन मनले नरेन्द्रमानलाई नै खोजिरहेका हुन्छ । ऊ चेतना शून्य भएर नरेन्द्र मानको कल्पनामा डुब्छे तर जब चेतनामा फर्किन्छे नरेन्द्रमानलाई नदेख्दा कुण्ठित भई असामान्य अवस्थामा पुग्दछे । जसको पुष्टि निम्न कथांशले गरेको छ :

> नरेन्द्र मान भोज खाइरहेछ । ऊ जिउँदै छ, मरेको छैन, साँच्चिकै जिउँदै छ । अहिले शोभाको बा पनि ऊसँग बसेर भोज खाइरहेछ । बा टाउको उठाउँदैन, नरेन्द्रमान भुकेर लाज मानेर खाइरहेछ आमा चुलोमा बसेर नरेन्द्रमानलाई हेरिरहेकी छे, शोभा भन्छे- "ऊ हेर्नुहोस, मरेको छैन, मरेकाछैन ।" मरेको छैन भन्दा भन्दै नरेन्द्रमान गायब हुन्छ । भैँचालो कोलाहल मच्छ । आँधीबेरी चलेको जस्तो टिनका छानाहरू उड्छन् । घर भत्केको छ , चारैतिर पहाड । नरेन्द्रमान छैन, सुनसान छ र शोभा चिच्च्याईचिच्च्याई दौडिरहेकी । (पृ.५२)

आमाको मृत्युपछि पनि दाहासंस्कारमा जान नपाएकी शोभा विक्षिप्त अवस्थामा नै कर्नेलको छोराको सन्तुष्टिका लागि जान तयार भएकी छ । यसले पनि उसको विक्षिप्तिलाई सङ्केत गर्दछ ।

यस कथाको अर्को पात्र रतनसिंह पनि कुण्ठित यौन इच्छाकाकारण असामान्य अवस्थामा पुगेको छ । ऊ श्रीमतीको आँखा छली शोभासँग जाइलागेर आफ्ना त्यस्ता इच्छाहरूबाट सन्तुष्टि लिन्छ । शोभालाई अरूले भोग्दा र त्यसबाट शोभालाई छुटाउन नसक्दा ऊ विक्षिप्त बनेको छ । त्यस्तै आफूरोगी, कम्जोर, स्वास्नीका कमाईमा बाँच्नु पर्ने भएकाले आफ्ना इच्छाहरू दबाएर विक्षिप्त हुन पुगेको छ । जसको पुष्टि निम्न कथांशले पुष्टि गर्दछ : "ऊ भन्दै थियो- "नत्र म अरूसित तिमीलाई सुत्न दिन्नथेँ । म तिमीलाई मेरै स्वास्नी गरेर राख्थे, मैंले स्वास्नीको कमाई खानु पर्छ, नत्र....।" (पृ.५०) यसरी शोभा र रतनसिंहमा यौनेच्छाको प्रभावले असामान्य स्थितिको सिर्जना गरेको छ ।

### ४.४.४. यौनजन्य विभिन्न मनोग्रन्थिहरुको चित्रण

यस कथाकी प्रमुख पात्र शोभा सुरुमा पितृप्रणय ग्रन्थिबाट प्रताडित छे । पितृप्रणय ग्रन्थिले विपरीत लिङ्गीलाई स्वीकार्ने हुँदा शोभा नरेन्द्रमानप्रति आकर्षित भएकाले नै उनीहरू बीचमा प्रेम भएको छ । त्यसैले उनीहरू भागेर विवाह गर्न सफल भएका छन् । परिवारको स्वीकृति बिना विवाह गरेको हुँदा नरेन्द्रमानको मृत्युपछि घर र माइती दुवैतर्फबाट परित्यक्त भएकी शोभा मैले गल्ती गरें भन्दै माफीमाग्दै माइत जान नसक्नु उसमा भएको हीनत्व ग्रन्थिको प्रभाव हो । यही हीनत्व ग्रन्थि कै कारण ऊ आमाको मुख हेर्न जान पनि सक्दिन । उसमा रहेको हीनता ग्रन्थिको पुष्टि निम्न कथांशले पुष्टि गरेको छ :

> उसले देखि, आमालाई अर्धजलमा सुताईसकेको छ । शोभा नजिकै पुग्छे । आमा अर्कोतिर हेर्छे । कसैको हातले उसलाई भट्का दिन्छ । ऊ भाउज्यू हो । भन्छे- त्यो अनुहार देखाएर आमालाई नरक नपठाऊ । बा चुपचाप टाउको निहुराएको निहुरायै नै । शोभा विस्तारै अर्धजलबाट सर्छे । उसलाई रुन पनि हक छैन । (५३)

त्यस्तै यसकथाको अर्को पात्र रतनसिंह उच्चता र हीनता ग्रन्थिले ग्रसित छ । उसको उच्चता ग्रन्थिको पुष्टि निम्न कथांशले गरेको गरेको छ :

> मैले जरसाहेबकहाँ जनम बिताएँ । मलाई कसैले भन्थ्यो ! जरसाहेब कति खुसी भैबक्सन्थ्यो । मैले कस्तीकस्ती स्वास्नीमान्छे देखेको छु ! कस्तीकस्ती ! म अब बूढो भएँ । तैपनि म सितिमितिको होइन मैले कति कमाएँ- कति फुकेँ ! कमाएको मात्रै जम्मा पारेको भए ! ( पृ.४९) ।

यसरी उसले शोभालाई आफू निक्कै राम्रो भएको देखाउन खाजेको छ । उक्त भनाइमा उसले आफ्नो प्रशंसा गरेको हुनाले  आत्मरतिग्रन्थि पनि विकास भएको देखिन्छ । त्यस्तै श्रीमतीको कमाई खानु परेकाले, शोभालाई आफ्नो बनाउन नपाएकोले उसमा हीनता ग्रन्थिको विकास भएको देखिन्छ । यसरी 'के गरेकी शोभा' कथाका पात्रहरू विभिन्न यौनमनोग्रन्थिले ग्रसित छन् ।

### ४.४.५. यौनजन्य प्रतीकहरूको प्रयोग र नाटकीकरण

'के गरेकी शोभा' कथामा गोठालेले विभिन्न यौन प्रतीकहरूको प्रयोग गरेका छन् । चुरोट, माउसुली, दलिन, झ्याल, लालटिन, आदिलाई यौन प्रतीकका रूपमा प्रयोग गरिएका छन् । कथामा शोभाको अचेतनका इच्छालाई नाटकीकरण गरी यसरी प्रस्तुत गरिएको छ : "नरेन्द्रमान सुस्तरी शोभालाई म्वाइँ खान्छ । त्यो म्वाइँ धेरैबेरसम्म ओठमा टिकीरहेको हुन्छ । शोभाले अर्द्धनिमीलित आँखाले आफूलाई न्यौछावर गरिदिएकी छ ।" (पृ.४६) ।

### ४.४.६. निष्कर्ष

'के गरेकी शोभा' कथामा यौन उन्मादले मातिएकी शोभा आफूले मनपराएको नरेन्द्रमानसँग भागेर विवाह गरेपछि विवाहको मधुमास वित्न नपाउँदै हृदयघातकारण लोग्नेको मृत्यु हुन्छ । जसकाकारण कुण्ठित र विक्षिप्त भएकी शोभाको मनोदशाको चित्रण गरिएको छ । यसकथामा गोठालेले सामाजिक परम्परा, आर्थिक अभाव र सामाजिक कुसंस्कारका कारणपीडित पात्रहरूको मनोदशाको चित्रण गरेका छन् ।

## ४.५. निष्कर्ष

सात सालपछिको राजनीतिक स्वन्त्रतापछि गोविन्द गोठालेको प्रथम चरणको पूर्वार्द्ध चरणमा भन्दा उत्तरार्द्ध चरणमा  यौन कथा लेखनको कार्यका केही तीब्रता आएको देखिन्छ । यसचरणमा उनले युवा युवती बीचको प्रणय सम्बन्ध, यौनावेगले उनीहरूमा ल्याएको छटपटी, सामाजिक अन्धविश्वासका कारण देहव्यापार गर्न बाध्य पात्रहरूको मनोदशा, आदिलाई चित्रण गरेका छन् । साथै तात्कालीन राणा शासनमा हुने यौन शोषणलाई पनि उनका प्रथम चरणका कथाले समेटेको छ । विभिन्न कारणले आफ्ना यौनेच्छामा भएको अवरोधले छटपटिएका पात्रहरूको मनोदशाको चित्रण पनि उनका यसचरणका कथामा गरिएको छ । उनका यस चरणका कथाहरू सामाजिक, आर्थिक र राजनीतिक पृष्ठभूमिमा लेखिएका छन् ।

## पाँचौं परिच्छेद

# गोविन्द गोठालेको कथायात्राको दोस्रो चरणमा पर्ने यौनविश्लेषणात्मक कथाहरूको विश्लेषण

### ५.१. परिचय

यस चरणका धेरै जसो कथाहरूमा यौन मनोविश्लेषण सिद्धन्तको प्रयोग पाइन्छ । पहिलो चरणका कथाभन्दा यस चरणका कथामा यौनमनोविश्लेषणात्मक सिद्धान्तको व्यापक र उत्कृष्ट प्रयोग पाइन्छ । तर यौनका नाममा कामत्वको अश्लिलता मिचाहा भएर नग्नतातिर लागेकाहरूको वर्णन भने पाइँदैन । गोठालेले यस चरणका कथामा विभिन्न अवस्थामा परेर यौन अतृप्तिको सिकार भएका युवायुवती, प्रेमीप्रेमिका आदिको यौनमनोविश्लेषण गरेका छन् । यस चरणका पात्रहरू सामाजिक कुसंस्कार, रुढीवादी परम्परा, जातीय विभेदको सिकार भएका छन् । जसले गर्दा उनीहरू दमित, कुण्ठित र विक्षिप्त भई असामान्य अवस्थामा पुगेका छन् । गोठालेको यस चरणका कथाले त्यस्ता सामाजिक कुसंस्कार, जातीय विभेदको विरोध गरेका छन् । उनका यस चरणमा लेखिएका नौ ओटा कथाहरू मध्ये सात ओटा यौन कथाहरू मात्र छन् । त्यसैले उनको यो चरणलाई यौनमनोविश्लेषणको चरण पनि भनिन्छ । उनका दोस्रो चरणका सात ओटा कथामध्ये यस परिच्छेदमा प्रतिनिधि चार ओटा कथाहरू 'मैले सरिताको हत्या गरैं', 'आधार', 'प्रेम र मृत्यु', को मात्र यौनमनोविश्लेषण सिद्धान्तको विश्लेषण गरिन्छ ।

### ५.२. 'मैले सरिताको हत्या गरैं' कथाको विश्लेषण

गोविन्दबहादुर गोठालेको *प्रेम र मृत्यु* कथासङ्ग्रहमा सङ्ग्रहित 'मैले सरिताको हत्या गरैं' कथामा यौन अपराधलाई देखाईएको छ । अचेतनमा रहेको कामवासना, कामकुण्ठा वा यौनेच्छामा अबरोध भएमा त्यसबाट उत्पन्न विकृत मानसिकताले ल्याउने आपराधिक परिणामलाई देखाउन खोजिएको छ । यस कथामा सामाजिक अन्धविश्वास, रुढीवादी परम्परा अनुसार जातभात वा जातीय छुवाछुतले गर्दा असमान जातभातकाकारण यस कथाको अनाम नायकले सरितालाई नपाउने थाहापाएपछि उसको यौनेच्छामा ठेस पुग्छ र जसकाकारण सरिताको हत्या गर्न पुग्छ । यसरी यौनको अबरोध भएमा उत्पन्न मानसिक अवस्थाले गर्ने यौन अपराधलाई कथामा देखाइएको छ । यस कथामा प्रयोग भएको यौन मनोविश्लेषणलाई निम्न आधारमा विश्लेषण गरिन्छ :

### ५.२.१. **जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्ति**

'मैले सरिताको हत्या गरेँ' कथाको नायक म पात्र हो । उनले सानै छँदा बाबु र दशबर्षको हुँदा आमा गुमाएको थियो । सानैमा आमाबाबुको रेखदेख र मायाममताबाट बञ्चित म पात्र स्वेच्छाचारी र क्रुर स्वभावको थियो । त्यसैले उसका प्रत्येक क्रियाकलापहरू मृत्यु मूलप्रवृत्तिबाट प्रेरित थिए । त्यसैले ऊ आक्रमक र क्रुर स्वभावको थियो । ऊ आफूभन्दा माथिल्लो जातकी सरितासँग प्रेम गर्छ तर ऊ भित्रको कामावेग र वासनात्मक बृत्तिका कारण सरिताको अनुहार हेर्न र ऊसँग आँखा जुधाउन सक्दैन । जब ऊ विभिन्न गुप्ति कोठीहरूमा जाने र आफ्नो यौन तिर्खा मेट्न थाल्छ तब सरिताको अनुहारमा हेर्न सक्ने हुन्छ । यौन उन्मादले मातिएको म पात्र गुप्ती कोठीमा आफूभित्रको काम वासनात्मक तिर्खा र कुण्ठा मेटाउन एकदमै क्रुररूपले प्रस्तुत हुन्थ्यो । यसबाट उसमा मृत्यु मूलप्रवृत्ति व्याप्त रहेको पुष्टि हुन्छ । जसको पुष्टि निम्न कथांशले गरेको छ :

> म ती गुप्ती कोठीहरूका स्वास्नी मान्छेहरूप्रति यति क्रुर भएँ कि ती स्वास्नी मान्छेहरू म बाट छुट्कारा पाउन मलाई टोक्थे, कुट्थे र मेरो कपाल लुछ्थे । पछि, भोलिपल्ट अथवा पर्सिपल्ट जतिसुकै धेरै मोल तिरे पनि मसँग परिसकेका स्वास्नी मान्छे फेरि मसँग बस्न मान्दैनथे । (पृ.६)

यसरी आफ्नो कामवासनाको तुष्टिका लागि विभिन्न वेश्यालयहरू चाहार्ने म पात्र सामाजिक रुढीवादी परम्परा र जातीय अन्धविश्वासका कारण सरितालाई प्राप्त गर्न नसक्ने थाहापाएपछि ऊ सरितालाई भगाउन चाहान्छ । जुन प्रस्ताव ऊ सरिता समक्ष राख्दछ । तर बाबुआमाकी एक्ली छोरी भएकाले उनीहरूप्रति आफ्नो कर्तव्य भएको जनाउँदै सरिताले म पात्रको उक्त प्रश्ताव अस्वीकार गर्छे सँगसँगै यसै साल आफ्नो विवाह अर्को केटासँग हुने बताउँछे । सरिताको अर्को केटासँग विवाह हुने निश्चित भएको थाहा पाएको म पात्रको अचेतनमा आघात पर्न जान्छ र असामान्य अवस्थामा पुग्छ । यसरी सरितालाई नपाउने निश्चित भएपछि ऊ भित्रको इद सक्रिय हुन्छ र जीवनमा एकचोटि सरिताको नाङ्गो शरीर सुमसुम्याउने र भोग गर्ने इच्छा राख्दै सरितालाई नाङ्गो हुने आदेश दिन्छ । सरिताको नाङ्गो शरीर हेरीरहेको म पात्रमा एक्कासी मृत्युशक्ति प्रबल भई दुवै जना मरेर स्वर्गमा गई सरितालाई सँधैका लागि आफ्नो बनाउने सोच्न पुग्छ । जसको पुष्टि निम्न कथांशले गरेको छ :

> त्यसै बखत अकस्मात् बिजुलीको चमक झैँ मलाई आभास भयो, मैले सरिताको अनन्त गहिराइभित्रको वास्तविक सरितालाई पाउनु छ, उसको शरीरभन्दा परको सरितालाई पाउनु छ, उसको अणु-अणुमा व्याप्त सरितालाई पाउनु छ । मैले त्यस्तै निरास भएर सोचेँ- तर त्यो पाउन म यो जन्ममा सक्तिन । त्यसकारण हामी दुवैले मर्नुपर्छ । मृत्युपछि हामी परस्परलाई प्राप्त गर्नेछौँ, परलोकमा प्राप्त गर्नेछौँ । (पृ. १२)

यसरी दुवैजना मरेर भए पनि सरितालाई आफ्नो बनाउने सोच्न पुगेको म पात्रले चेतना शून्य भएर सरिताको घाँटी थिचेर हत्या गर्छ । तर आफू भने मर्न सक्दैन । अन्त्यमा पश्चताप गर्दै

जेलभित्र कैदी जीवन बिताइरहेको छ । मृत्युशक्ति र जीवनशक्तिका द्वन्द्वले गर्दा विकृत, भ्रष्ट पतीत र हत्यारा बनेको छ ।

त्यस्तै यस कथाकी नायिका सरितामा पनि जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्ति बीच द्वन्द्व देखिन्छ । ऊ अनाम नायकप्रति आकर्षित छे तैपनि सामाजिक कुसंस्कार र जातीय विभेदकाकारण ऊसँग विवाह गर्न सक्तिन । बाबुआमाकी एक्ली छोरी र म पात्रको भन्दा आफ्नो जात ठूलो भएकाले ऊ आमाबाबुलाई त्यस्तो ठूलो धोका दिन पनि सक्तिन । यसरी सामाजिक बन्धन र आमाबाबुप्रतिको कर्तव्यकाकारण आफ्नो प्रेमी म पात्रबाट  टाढिनु पर्दा एकदमै निरास भएकी छ । जसले गर्दा उसमा मृत्यु मूलप्रवृत्ति प्रबल हुन्छ । जसको पुष्टि निम्न कथांशले गरेका छन् : "बाआमाकी एक्ली छोरी हुनुजस्तो दुःख केही पनि छैन म किन एक्ली छोरी भएँ ?" "के गरुँ मैले बिहे नगरी भएन म मेरा बाआमाको छोरो भने पनि छोरी भने पनि एक्लै ।" (पृ. १०) । यी कथांशले पनि म पात्र सानो जातको भएको र आफू ठूलो जातकी एक्ली छोरी भएकाले आफ्नो प्रेमीबाट छुट्टिनु परेको तितो यथार्थलाई सरिताले व्यक्त गरेकी छ । यसले ऊभित्रको मृत्यु मूलप्रवृत्ति उच्च भएको सङ्केत गर्छ । यसरी एकातिर उसमा मृत्यु मूलप्रवृत्ति पाइन्छ भने अर्कोतिर जीवन मूलप्रवृत्ति पनि पाइन्छ । ऊ सामाजिक बन्धन र जातीय विभेदका कारणले म पात्रलाई नपाउने भएपछि अन्त्यमा आफ्नो कौमार्य नायक म पात्रलाई सुम्पेर पलायन हुन खाज्छे । जसबाट पछि आउँदो जीवन जिउन कुनै अप्ठेरो नपरोस् । जसको पुष्टि निम्न पङ्तीले गर्छन् : "तपाईं मलाई जे मन लाग्छ गर्नुहोस् । अनि तपाईं जानोस् बाआमाहरू आउनु हुन्छ नत्र" (पृ.१०) । यसरी सरितामा पनि जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्ति बीच द्वन्द्व रहेको पाइन्छ ।

अन्त्यमा यस कथाका पात्रहरूमा जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्तिको द्वन्द्व रहेको पाइन्छ ।

### ५.२.१. अचेतन मन वा इदको चित्रणमा जोड

'मैले सरिताको हत्या गरेँ' कथा यौन अपराधमा आधारित कथा हो । यस कथाको नायक म पात्र अचेतनका वासनात्मक इच्छाहरूले ग्रसित पात्र हो । ऊ आफूभन्दा माथिल्लो जातकी सरितासँग प्रेम गर्छ । तर एक्लै भएको बेला उसको शिर ठाडो गरी सरिताको मुखमा हेर्न सक्दैन, सरिताको आँखामा आँखा जुधाउन सक्दैन । तर जब ऊ पैसा तिरेर विभिन्न गुप्ती कोठीमा आइमाईहरूको शरीरसँग खेल्न पुग्छ तब ऊ सरिताको मुखमा हेर्न सक्ने र आँखामा आँखा जुधाउन सक्ने हुन्छ । आफ्ना इच्छाहरूले ग्रसित म पात्र चेतना शून्य भई सरिताका शारीरिक अङ्ग प्रत्यङ्ग, उसको हिंडाइ हेरेर आनन्दित हुन्छ । ऊ आफ्ना इच्छाहरू सरिताको अगाडि राख्न भनी हरेक कोशीस गर्छ तर सक्दैन । एकदिन उसले सरितालाई भगाउने प्रस्ताव गर्छ । तर सरिताले आफ्नो बाबुआमाप्रति कर्तव्य रहेको र त्यो कर्तव्यलाई तोड्न नसक्ने बताउँदै उसको प्रस्तावलाई अस्वीकार गरिदिन्छे साथै उसले यसै साल आफ्नो विवाह अर्कै केटासँग हुने निधो भएको र अब मलाई बिर्सनु भन्ने आग्रह गर्छे । उसको यस्तो अभिव्यक्तिले म पात्रको अचेतनमा आघात पुग्छ र ऊ विक्षिप्त हुन पुग्छ । यसरी सामाजिक परम्परा र जातीय विभेदका कारण सरितालाई नपाउने भएपछि उसको अचेतनले

जिन्दगीमा उकैचोटी भए पनि भोग गर्ने इच्छा गर्छ । जसको पुष्टि निम्न कथांशले गरेको छ : “जिन्दगीमा एकैचोटि भए पनि सरिताको शरीरको उपभोग गर्नुपर्छ । उसको सर्वाङ्ग नाङ्गो शरीरलाई तृप्ति पूर्वक हेर्नुपर्छ र सर्वाङ्ग नाङ्गी सरितालाई स्पर्श गर्नुपर्छ” (पृ.११) ।

म पात्रमा भोगेच्छा जागृत भएपछि ऊ तुरुन्त सरितालाई नाङ्गो हुने आदेश दिन्छ । यसरी म पात्रको इद आफ्नो इच्छा पुरा गर्न पशु बन्न तयार भएको देखिन्छ । उक्त आदेश अनुसार सरिता नाङ्गीदिन्छे र उसलाई इच्छा पूरा गर्न आमन्त्रण गर्छे । यसबाट सरिताको नाङ्गो शरीर हेरेर टोलाएको म पात्र वेश्यालय धाएर आफ्ना जैविक आवश्यक्ता पूरा गरेकाले ऊ सरिताबाट शारीरिक सुखभन्दा पनि आत्मिक सुख चाहान्छ । तर त्यो सामाजिक  परम्परा र जातीय  विभेदले पूरा हुन दिदैन । यसरी जातीय विभेदकाकारण सरितालाई नपाउने निश्चित भएपछि विक्षिप्त बनेको म पात्र चेतना शून्य भई यस लोकमा यस जन्ममा सरितालाई नपाउने हुनाले दुवैजना मरेर परलोकमा गएर सँधैका लागि सरितालाई आफ्नो बनाउने भ्रमात्मक कल्पना गर्दै सरिताको घाँटी थिचेर हत्या गर्न पुग्छ । यसको पुष्टि निम्न कथांशबाट गर्न सकिन्छ :

> त्यसै बखत अकस्मात् बिजुलीको चमक झैं मलाई आभास भयो, मैले सरिताको अनन्त गहिराइभित्रको वास्तविक सरितालाई पाउनु छ, उसको शरीरभन्दा परको सरितालाई पाउनु छ, उसको अणु-अणुमा व्याप्त सरितालाई पाउनु छ ।  मैले त्यस्तै निरास भएर सोचेँ- तर त्यो पाउन म यो जन्ममा सक्तिन । त्यसकारण हामी दुवैले मर्नुपर्छ । मृत्युपछि हामी परस्परलाई प्राप्त गर्नेछौँ, परलोकमा प्राप्त गर्नेछौँ । (पृ. ११-१२) ।

यसरी सरिताको हत्या गरेको म पात्र आफू भने मर्न सक्दैन अन्त्यमा उसको अचेतन मन शिथिल हुँदै चेतनाको स्तरमा ओर्लन्छ र स्वर्ग र नर्क सब वाहियात र निरर्थक ठान्छ । उसलाई पश्चाताप र अपराध बोधले पोल्न थाल्छ । आफू निर्जिव भएर बाँच्नु परेकोमा खेद उत्पन्न हुन्छ ।

त्यस्तै यस कथाकी नायिका सरिता पनि अचेतनका वासनात्मक इच्छाहरूले ग्रसित देखिन्छे । म पात्र तल्लो जातको हो भन्ने थाहा पाउँदा-पाउँदै पनि सरिता उसलाई प्रेम गर्छे । यसका साथै सरिताको चेतनमनले म पात्र तल्लो जातको भएको र बाआमाकी एक्ली छोरी भएकाले उनीहरूप्रति आफ्नो कर्तव्य भएको ज्ञान दिलाउँछ र म पात्रले आफूसँग भाग्न राखेको प्रस्तावमा असहमती जनाउँछे । तर उसको अचेतन मनले म पात्रलाई प्रेम गर्न छाड्दैन । तै पनि जीवनभर अँगाल्न पनि सक्तिन । त्यसैले ऊ दुःखित र कुण्ठित बनेकी छ । जसको पुष्टि निम्न कथांशबाट गर्न सकिन्छ : “बाआमाकी एक्ली छोरी हुनुजस्तो दुःख केही पनि छैन म किन एक्ली छोरी भएँ ?” “के गरुँ मैले बिहे नगरी भएन म मेरा बा-आमाको छोरो भने पनि छोरी भने पनि एक्लै ।” ( पृ. १०) ।त्यस्तै सामाजिक बन्धन र पारिवारिक कर्तव्य अघिसार्दै म पात्रलाई अपनाउन नसक्ने बताएकी सरिता अचेतनका यौनेच्छा वा कामवासनाले पीडित देखिन्छे । जसको पुष्टि निम्न कथांशबाट गर्न सकिन्छ : “तपाईं मलाई जे मन लाग्छ गर्नुहोस् । अनि  तपाईं  जानोस् बाआमाहरू आउनु हुन्छ नत्र ।”( पृ.१०) ।त्यस्तै म पात्रले सर्वाङ्ग हुन दिएको आदेश तुरुन्त पालना गरेकी छ । जसको पुष्टि निम्न कथांशले गरेको छ

: "'लौ-लौ' भन्दै उसले चोलाका टाँक खोली । हेर्दा-हेर्दै उसको चोलो शरीरबाट उप्कियो, अनि साडी फुस्कियो र पेटीकोट झऱ्यो । ऊ सर्वाङ्ग भई" (पृ.११) । त्यस्तै म पात्रको खुट्टालाई आफ्नो खुट्टाले धक्का दिनु, म पात्रले हात समाउँदा समाउन दिइरहनु, म पात्रका अगाडि सर्वाङ्ग नाङ्गै भएर विछ्यौनामा पल्टिनु र म पात्रलाई हेरेर मुस्कुराउँदै यौन समागमका लागि आमन्त्रणगर्नुले सरिताको अचेतनका वासनात्मक इच्छाहरूको सङ्केत गरेको छ । त्यस्तै म पात्रप्रति आकर्षित सरिताको अचेतन म पात्रले गुप्तीकोठीमा धाउन थालेको र चरित्रहीन बन्दै गएको सुनेपछि र म पात्र क्याम्पस आउन छोडेको देखेपछि पनि एकदमै दु:खि भएको छ । जसको पुष्टि सरिताको यो भनाईबाट पुष्टि हुन्छ : "तपाइँ राति-राति यताउति जानुहुन्छ रे हो ? बदमासहरूको सङ्गत गरेर गल्ली-गल्ली चाहार्नु हुन्छ रे हो ? त्यसो किन गर्नु हुन्छ ? मानिसहरूले भनेर छुट्टी" (पृ.५) । यसरी सरिताको चेतन मनले बाबु आमाप्रतिको कर्तव्यको ज्ञान गराए पनि अचेतन भने आफ्नो प्रेमी म पात्रप्रति नै तानिएको देखिन्छ । त्यसैले ऊ चेतन र अचेतन मन बीचको द्वन्द्वले पिरोलिएकी छ ।

समग्रमा यसकथाका पात्रहरू सामाजिक अन्धविश्वास र कुरितीको सिकार भएका छन् । जसले उनीहरूको अचेतनका इच्छाहरूलाई दमन गरेको छ । त्यसैले उनीहरू कुण्ठित र विक्षिप्त भई असामान्य अवस्थामा पुगेका छन् । विकृत मनोदशाका कारणनै उनीहरू मृत्यु भोग्न र हत्यारा बन्न विवश छन् ।

### ५.२.३. **यौनको मानसिक विकासमा प्रभाव**

'मैले सरिताको हत्या गरेँ' कथाको म पात्र सानैमा आमाबाबुको मायाबाट बञ्चित भएकाले स्वेच्छाचारी चरित्रको छ । सानैबाट उचित मायाममता र संरक्षण नपाएकाले म पात्रको मानसिक अवस्था विक्षिप्त र असामान्य प्रकृतिको देखिन्छ । ऊ आइ.ए. पढ्दा-पढ्दै सरितासँग प्रेम गर्न पुग्छ । सरिताको प्रेममा चुर्लुम्म डुवेको र उसको सौन्दर्यबाट मोहित भएको म पात्र उसमा भएको कामात्मक आवेग वा वासनात्मक वृत्तिकाकारण सरिताको अनुहार हेर्न र आँखामा-आँखा जुधाउन सक्दैन । उसलाई आत्मविश्वास हराएको भान हुन्छ । उसलाई लाग्थ्यो-"म एकै झमकमा सरितासँग यस्तो व्यवहार गरुँला जसल गर्दा ऊ रोली, रिसाउली । मलाई भयले किचेको हुन्थ्यो कहीँ उसबाट फैलिएको आभा एकै झमकमा लुप्त होला र उसको शुभ्र सौन्दर्य कुरूप होला" । (पृ.३) यसरी सरितालाई एकदमै माया गर्ने म पात्र आफ्ना कामकुण्ठाको तुष्टिका लागि पैसा तिरेर गुप्ती कोठीमा धाउन थाल्छ त्यस पछि ऊ भित्रको भय त्रास हटेर जान्छ र ऊ सरिताको अनुहार हेर्न सक्ने हुन्छ । वेश्यालयमा चाहारेर यौन तिर्खा मेटाउने म पात्र यसपछि झन्-झन् विकृत, स्वेच्छाचारी र क्रुर बन्दै जान्छ । सामाजिक अन्ध परम्परा र जातीय विभेदकाकारण सरितालाई भाग्न प्रस्ताव गर्छ तर सरिताले त्यो प्रस्तावलाई अस्वीकार गर्दै आफ्नो विवाह यसैसाल अर्कै केटासँग हुने भएकाले अब आफूलाई बिर्सिन र नभेट्न आग्रह गर्छे । सरिताकै मुखबाट यस्तो कुरा सुनेपछि म पात्र झन् विक्षिप्त भई असामान्य अवस्थामा पुग्छ । यस जन्ममा र यस लोकमा सरितालाई नपाउने निश्चित भएपछि दुवैजना मरेर परलोकमा भेट हुने र सँधैका लागि सरितालाई आफ्नो बनाउने भ्रमात्मक सोचाइमा

डुब्दै म पात्रले दुवै हातले सरिताको घाँटी थिचेर हत्या गर्न पुग्छ । जसको पुष्टि निम्न कथांशले गर्दछ :

> त्यसै बखत अकस्मात् बिजुलीको चमक झैँ मलाई आभास भयो, मैले सरिताको अनन्त गहिराइभित्रको वास्तविक सरितालाई पाउनु छ, उसको शरीरभन्दा परको सरितालाई पाउनु छ, उसको अणु-अणुमा व्याप्त सरितालाई पाउनु छ । मैले त्यस्तै निरास भएर सोचेँ- तर त्यो पाउन म यो जन्ममा सक्तिन । त्यसकारण हामी दुवैले मर्नुपर्छ । मृत्युपछि हामी परस्परलाई प्राप्त गर्नेछौँ, परलोकमा प्राप्त गर्नेछौँ । (पृ. १२) ।

यसरी चेतना शून्य भई भ्रमात्मक कल्पनामा डुब्दै सरिताको हत्या गर्न पुगेको म पात्र आफू भने मर्न सक्दैन । पछि चेतनामा फर्किएपछि स्वर्ग र नर्क सबैलाई ऊ निरर्थक ठान्छ र पश्चातापको रापले पिल्सिएको छ । यसरी पहिले-पहिले समाज सेवा गर्ने, कला-कृतिको सिर्जना गर्न अगि सर्ने म पात्र सरिताको हत्या गरी एक कुख्यात अपराधी भएको छ । उसको वासनात्मक इच्छाहरूमा पुगेको आघातले उसलाई अपराधी बनाएको छ ।

त्यस्तै सरिता पनि सामाजिक परम्परा र जातीय विभेदकाकारण म पात्रलाई नपाउने भएपछि कुण्ठित र विक्षिप्त भएकी छ । सामाजिक परम्परा र बाबुआमाप्रतिको कर्तव्यले गर्दा आफ्नो अचेतनका इच्छालाई दमन गर्न बाध्य भएकी छ । दमित इच्छाहरूले आक्रान्त सरिता घरमा कोही नभएको बेला आफ्नो प्रेमी म पात्रलाई बोलाएर आफ्नो यौनेच्छा पुरा गर्न खोज्छे । जसको पुष्टि सरिताको यस भनाईले गर्दछ :"तपाइँ मलाई जे मन लाग्छ गर्नुहोस् । अनि तपाइँ जानोस् बाआमाहरू आउनु हुन्छ नत्र" ( पृ.१०) । यसरी सरिता जिन्दगीमा एकैचोटि भएपनि म पात्रलाई शरीर सुम्पिएर आफ्ना यौनेच्छाबाट सन्तुष्टि लिन चाहान्छे । उसको एकातिर समाज र अर्कोतिर प्रेम छ । यी दुवैको मनोद्वन्द्वमा परी कुण्ठित र विक्षिप्त बन्न पुगेकी सरिताले अन्त्यमा घरमा कोही नभएको बेला म पात्रलाई आफ्नो कौमार्य सुम्पिन तयार हुन्छे र मृत्युवरण गर्न पुग्छे ।

यसरी यस कथाका पात्रहरूको यौनेच्छामा पुगेको आघातका कारण एउटाले मृत्युवरण गर्नु परेको छ भने अर्कोले हत्यारा बनी जेलजीवन विताउन बाध्य भएको छ ।

### ५.२.४ यौनजन्य विभिन्न मनोग्रन्थिहरुको चित्रण

यस कथाका पात्रहरू विभिन्न यौनजन्य मनोग्रन्थिहरूबाट ग्रस्त देखिन्छन् । म पात्र आइ.ए. पढ्दा सरितासँग आकर्षित छ । ऊ सरितालाई प्रेम त गर्छ तर एक्लै भएको समयमा उसको मुख हेर्न सक्दैन, आँखामा आँखा जुधाउन सक्दैन । यसले उसमा भएको हीनत्व ग्रन्थिलाई सङ्केत गर्छ । जसको पुष्टि निम्न कथांशले गरेको छ :

> म जब-जब सरितासँग एक्लै हुन्थे, म राम्ररी उसको मुख हेर्न सक्तिनथेँ र ऊसँग आँखा जुधाउन सक्तिनथे । मलाई आत्मविश्वास हराएजस्तो हुन्थ्यो । मलाई यस्तो

> लाग्थ्यो-म एकैभ्कमकमा सरितासँग यस्तो व्यवहार गरुँला जसले गर्दा ऊ रोली, रिसाउली । मलाई भयले किचे जस्तो हुन्थ्यो । कहीँ उसबाट निस्किएको आभा एकै भ्कमकमा लुप्त होला र उसको शुभ्र-सौन्दर्य कुरूप होला । (पृ.३) ।

यसरी हीनभावनाबाट ग्रसित पात्र एकदिन साथीहरूको भनाइमा लागेर पैसा तिरेर स्वस्नीमान्छेको शरीरसँग मनग्य खेल्न पाइने गुप्ती ठाउँमा पुग्यो त्यहाँबाट उसमा रहेको हीनत्व ग्रन्थिले हारखान पुग्यो र त्यसको ठाउँ उच्चताग्रन्थिले लिनपुग्यो । जसकारण ऊ सरिताको मुखमा सिधाभएर हेर्न सक्ने भयो । उसमा भएको डर र त्रास एक्कासी हराउन पुग्यो । म पात्रमा अर्को आत्मरति ग्रन्थिको पनि विकास भएको छ । उसमा रहेको उच्चता ग्रन्थिको पुष्टि निम्न कथांशले गरेको छ :

> त्यस दिनपछि एक्लै छँदा पनि सरिताको मुख राम्ररी हैर्न सक्ने भएँ र ऊसँग आँखामा आँखा जुधाउन समर्थ पनि भएँ, जुन दिन म टोलको साथीहरूसँग पैसा तिऱ्यो भने स्वास्नीमान्छेको शरीरसँग मनग्य खेल्न पाइने गुप्ती ठाउँमा पुगेँ । गुप्ती ठाउँमा पुगेको दिनपछि म आफूभित्र रहेको अकस्मात् मुटु अँठ्याउने डरबाट मुक्त भएँ र सरितासँग आँखा जुधाउन समर्थ भएँ । (पृ.३) ।

ऊभित्र उत्पन्न आत्मारतिग्रन्थिको पुष्टि निम्न कथांशले गर्दछ :

> म ती गुप्ती कोठीहरूका स्वास्नी मान्छेहरूप्रति यति क्रुर भएँ कि ती गुप्ती कोठीहरूका स्वास्नीमान्छेहरू मबाट छुट्कारा पाउन मलाई टोक्थे, कुट्थे र मेरो कपाल लुछ्थे । पछि, भोलिपल्ट अथवा पर्सिपल्ट जतिसुकै धेरै मोल तिरे पनि मसँग परिसकेका स्वास्नीमान्छे फेरि मसँग बस्न मान्दैनथे । त्यसरी नमान्नु मप्रति न्याय गरेको मलाई लाग्थ्यो र म खाली खिस्स हाँसिदिन्थेँ । (पृ. ६)

यसरी म पात्रको उक्त भनाईमा आत्मप्रशंसाको भाव देखिएकाले उसमा आत्मरति ग्रन्थि छ भन्न सकिन्छ भने यही भनाईबाट उसमा परपीडन ग्रन्थि पनि भएको पुष्टि हुन्छ । त्यस्तै उसमा इडिपस ग्रन्थि पनि पाइन्छ । ऊ सरितालाई जति प्रेम गर्छ त्यति नै सम्मान पनि गर्छ । ऊ सरितालाई आफूले गर्ने हरेक क्रियाकलापले चित्त नदुखोस्, पीडा नहोस् भनी सतर्क रहन्छ । त्यस्तै सानैमा आमाको मायाममताबाट वञ्चित भएको म पात्रले त्यसको क्षतिपूर्ति स्वरूप सरिताको सामिप्यता खोजेको छ । यसबाट पनि उसमा इडिपस ग्रन्थि रहेको कुरा पुष्टि हुन्छ ।

त्यस्तै आइ.ए. पढ्दा सरिता म पात्रलाई प्रेम गर्न सुरु गरेकी छ । जसबाट उसमा परप्रेम ग्रन्थि रहेको पाइन्छ । ऊ म पात्रले गरेका गलत क्रियाकलापबाट दु:खित हुन्छे र सम्भाउने बुभाउने गर्छे । यसबाट पनि उसमा परप्रेम ग्रन्थिको विकास भएको देखिन्छ । त्यस्तै ऊ बाबु आमाको खुसीका लागि आफ्नो प्रेम तोड्न तयार हुनुले उसमा स्वपीडन ग्रन्थि देखिन्छ ।

यसरी गोविन्द गोठालेले यस कथामा उच्चता, हीनता, आत्मरति, इडिपस, परप्रेम र स्वप्रेम जस्ता ग्रन्थिको प्रयोग गरेका छन् । जसले गर्दा कथा उत्कृष्ट भएको छ ।

### ५.२.५. यौनजन्य प्रतीकहरुको प्रयोग र नाटकीकरण

'मैले सरिताको हत्या गरेँ' कथामा साडी लवेदा-सुरुवाल र क्लिप, कपालको झुप्पो र किताव आदि स्त्री यौन प्रतीकका रूपमा प्रयोग भएका छन् । त्यस्तै फोन्टेन, कोट, घडी आदि पुरुष यौन प्रतीकका रूपमा आएका छन् । त्यस्तै  कथामा सरिता सर्वाङ्ग भएर विछ्यौनामा पल्टेको दृश्य देख्दा म पात्रको मस्तिकष्कमा नाटकीकरण भएको छ । म पात्रले गुप्ती कोठाका स्वस्नीमान्छेहरूका नाङ्गा शरीरहरूलाई एकपछि अर्को गर्दै फिल्मी रिल झैँ स्मरण गर्न पुग्छ । जसलाई कथामा यसरी प्रस्तुत गरीएको छ :

> मेरो आँखा अघिल्तिर ती मैले उपभोग गरेका गुप्ति ठाउँका धेरै किसिमका स्वास्नीमान्छेहरूका विभिन्न नाङ्गा शरीरहरू एकपछि अर्को गर्दै आउन लागे । म रन्थनिएर बस्न खोजेँ, सरिता त्यति मात्र होइन, ती अरूहरूको नाङ्गो शरीरजति मात्रै होइन । (पृ.११) ।

त्यस्तै यौनेच्छाले कुण्ठित म पात्रको विक्रित मनोकुण्ठालाई नाटकीकरण गरी यसरी प्रस्तुत गरिएको छ :

> म ती गुप्ती कोठीहरूका स्वास्नी मान्छेहरूप्रति यति क्रुर भएँ कि ती गुप्ती कोठीहरूका स्वास्नीमान्छेहरू मबाट छुट्कारा पाउन मलाई टोक्थे, कुट्थे र मेरो कपाल लुछ्थे । पछि, भोलिपल्ट अथवा पर्सिपल्ट जतिसुकै धेरै मोल तिरे पनि मसँग परिसकेका स्वास्नीमान्छे फेरि मसँग बस्न मान्दैनथे । त्यसरी नमान्नु मप्रति न्याय गरेको मलाई लाग्थ्यो र म खाली खिस्स हाँसिदिन्थेँ । (पृ. ६) ।

त्यस्तै कुर्सी, दलिन, किल्ला, छुरी आदि पनि यौन प्रतीकका रूपमा आएका छन् । डोरीको गाँठो यौन कुण्ठाको वा यौनको गाँठोको प्रतीकका रूपमा प्रयोग गरिएको छ । जसलाई फुकाल्न नसक्दा कुण्ठित म पात्रले सरिताको हत्या गर्न पुगेको छ ।

### ५.२.६ निष्कर्ष

'मैले सरिताको हत्या गरेँ' कथामा यौन अपराधलाई देखाउन खोजिएको छ । यसका पात्रहरू सामाजिक परम्परा र जातीय विभेदको  सिकार बनेका छन् । जातीय विभेदकारण आफ्नो यौनेच्छामा आएको अवरोधले विक्षिप्त भएको म पात्रले आफ्नी प्रेमिका सरिताको हत्या गर्न पुगेको छ । यस कथामा गोठालेले सामाजिक परम्परा र जातीय विभेदको बिरोध गरेका छन् । साथै घरपरिवारमा यौन सम्बन्धका बारेमा आफ्ना परिवारसँग खुलेर कुरा गर्ने वाताबरण नभएको कुरापनि मार्मिक ढङ्गले

व्यक्त गरेका छन् । यसरी सामाजिक विषय वस्तुलाई समेटेर यौन मनोविश्लेषणको प्रयोग गरी लेखिएको यो कथा गोठालेको सबै भन्दा उत्कृष्ट कथा हो ।

## ५.२. 'आधार' कथाको विश्लेषण

गोविन्द गोठालेको *प्रेम र मृत्यु* कथासङ्ग्रहमा सङ्कलित 'आधार' कथा नारी यौन मनोविश्लेषणमा आधारित कथा हो । यस कथाकी प्रमुख पात्र सीता हो । ऊ अचेतनको यौनेच्छाले आक्रान्त पात्र हो । परपुरुषसँगको अवैध सम्बन्धलाई पापात्मा सम्झने सीता लोग्ने विदेशीएपछि यौनेच्छाले आक्रान्त हुन्छे । जसको परिणाम स्वरूप घरमा आएको लोग्नेको साथी हृदयमानको अँगालोमा बेरिन पुग्छे । यसरी लोग्ने विदेशीएपछि यौनेच्छाले आक्रान्त सीताको मानसिक अवस्थाको चित्रण यस कथामा गरिएको छ । यस कथामा भएको यौन मनोविज्ञानको विश्लेषण निम्नानुसार गर्न सकिन्छ :

### ५.२.१. जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्ति

'आधार' कथाकी प्रमुख पात्र सीता हो । आर्थिक अभावका कारण लोग्ने विदेश गएपछि उसको यौनेच्छा कुण्ठित हुन पुगेको छ । ऊ दिनै लोग्ने आउने बाटो हेर्दै बसेकी छ । त्यस्तै एकदिन लोग्ने नआई चिठी मात्र आउँछ । त्यसमा यसपटक पनि आउन नसक्ने र दशैं खर्च आफ्नो साथीले लिएर आउने खबर लेखिएको थियो । यस्तो खबर पाएकी सीता पुनः आफ्ना अचेतनका वासनात्मक इच्छा दमन गर्न बाध्य हुन्छे । यसरी लोग्नेको प्रतीक्षामा बसेकी सीता सीताको जीवनशक्ति ज्ञानबहादुरमा नै अढेको हुन्छ ऊ आफ्नो लोग्ने बाहेक अरूलाई सम्झन सक्तिन । धेरै दिनदेखि लोग्ने आउने प्रतीक्षामा ऊ बसेकी छ । परपुरुषसँगको सम्बन्धलाई महापाप ठान्ने सीता लोग्नेप्रति समर्पित र पतिव्रता स्त्री हो । ऊ आफ्नो लोग्नेलाई भगवान राम र कृष्णका रूपमा सँधै देख्ने गर्छे । लोग्ने यसपटक नआउने खबर पाएकी सीता कुण्ठित हुन पुग्छे । लाग्नेको साथी हृदयमान घरमा आइपुग्छ तब सीताको जीवनशक्तिले हार खान्छ । उसको अचेतन मन एकदमै क्रियाशील हुन्छ र हृदयमानमा ऊ आफ्नो लोग्नेको छायाँ देख्छे । जसको पुष्टि निम्न कथांशले गरेको छ : "हृदयमानमा आफ्नो पति टाँसिएर आएजस्तो उसलाई लागिरहेको थियो – पतिको छायाँ उसको अनुहारमा आएजस्तो । हेर्दाहेर्दै उसको आँखा हृदयमानप्रति स्नेहको भावले रसिलो भयो।" (पृ.५७) । यसरी हृदयमानमा आफ्नो लोग्नेको छायाँ देखेकी सीताको अचेतनका सुसुप्त यौनेच्छाको क्रियाशीलतासँगै उसमा जीवनशक्तिले हारखाई मृत्युशक्ति प्रबल हुन थालेको देखिन्छ । त्यस्तै हृदयमान पनि कामकुण्ठाले ग्रस्त कामातुर पात्र हो । ऊ सीताको लोग्नेसँगै विदेशमा काम गर्छ । सीतालाई देखेपछि उसको जीवनशक्तिले हार खान्छ । ऊ ज्ञानबहादुरको प्रसंशा गरेर सीताको अचेतनलाई क्रियाशील पार्दै उसमा लज्जाजनक अनुभूतिहरूको जन्म गराउँछ । साथै ज्ञानबहादुरमाथि अनेक लालक्षना लाउँदै सीताका मनमा पतिप्रति घृणा जगाउँछ र सीतालाई आफूतिर आकर्षित गर्दछ । हृदयमानको अनेक थरी गफबाट अतार्किक चाहाना क्रियाशील भएपछि सीताभित्रको अचेतनले आदर्श संस्कारलाई तिलान्जली दिन्छ र एक्कासी हृदयमानको अँगालोमा बेरिन पुग्छे । उसमा भएको दमित वासनात्मक इच्छा वा कामावेग विस्फोट भई ऊ

परपुरुषको अँगालोमा बेरिन पुगेकी छ । यसैले उसमा मृत्युशक्ति उच्चस्थानमा रहेको पुष्टि हुन्छ । त्यस्तै हृदयमान पनि सीतालाई देख्ने बित्तिकै उसमा भएको जीवनशक्तिले हारखाई मृत्युशक्ति प्रबल देखिन्छ । एक चोटि गइसकेको मान्छे पुनः लुगाफाटो ल्याउने निहुँ गरी फर्किएर सीतासँग यौन सन्तुष्टि लिने दाउमा छ । अन्त्यमा उसको मृत्युशक्ति उच्चभई सीतामाथि जाइलागेर आक्रमक रूपमा यौन सन्तुष्टि लिन तल्लीन देखिन्छ । जसलाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> उसले सीतालाई हुरीको वेगले समात्यो । सीता भयले विवर्ण भएर हृदयमानलाई हेरेको हेर्‍यै भई, मानौँ उसले हृदयमानमा पतिको उन्माद देखि । ऊ चलहल गर्न सकिन र विस्फारित भएर हृदयमानलाई हेरी रही हृदयमानको अँगालोको बीचमा ऊ परिसकेकी थिई र चुम्बनको वर्षा उसको ओठमा परि रहेको थियो । उसको चेतना लुप्त भयो र उसलाई लाग्यो उसको पति ऊसँग खेलिरहेको छ । (पृ७३)

यसरी आधार कथाका सीता र हृदयमान दुवैमा जीवनशक्ति र मृत्युशक्ति बीच द्वन्द्व देखिएको छ ।

### ५.३.२. अचेतन मनको चित्रण अथवा इदको चित्रणमा जोड

गोविन्द गोठालेको *प्रेम र मृत्यु* कथासङ्ग्रहमा सङ्ग्रहित 'आधार' उत्कृष्ट यौनमनोविश्लेषणात्मक कथाहरु मध्येको एक हो । यस कथाकी प्रमुख पात्र सीता अचेतनका इच्छाहरूले पीडित पात्र हो । आर्थिक अभावकाकारण लोग्ने विदेश गएपछि उसको अचेतन कुण्ठित हुन पुगेको छ । आज आउला भोली आउला भन्दै तीन वर्षदेखि बाटो हेरीरहेकी सीताको अचेतन मन उसको लोग्नेप्रति नै आकर्षित छ । लोग्ने विदेशबाट आउने प्रतीक्षामा रहेको सीताको अचेतन चिठीमात्र आएको र यसपाली नआउने खबर पाएपछि कुण्ठित हुन थाल्छ । जसले गर्दा ऊ हृदयमानको अनुहारमा आफ्नो पतिको छायाँ देख्छे । जसको पुष्टि निम्न कथांशले गरेको छ : "हृदयमानमा आफ्नो पति टाँसिएर आएजस्तो उसलाई लागिरहेको थियो – पतिको छायाँ उसको अनुहारमा आएजस्तो । हेर्दाहर्दै उसको आँखा हृदयमानप्रति स्नेहको भावले रसिलो भयो" (पृ.५७) । यसरी सीताको चेतनाले हृदयमानलाई पतिको साथी माने पनि उसको अचेतनले उसलाई लोग्नेको रूपमा उभ्याउँछ । त्यस्तै यस कथाको अर्को पात्र हृदयमान पनि पनि बिहे गर्ने उमेर भइसक्दा सम्म विवाह नगरी बसेको कामकुण्ठाले ग्रस्त पात्र हो । ऊ आफ्नो साथीको पत्नी सीताको मनोभावना उकास्ने, उसको अचेतनका वासनात्मक अतार्किक इच्छाहरूलाई क्रियाशील गराउने काममा तल्लिन हुन्छ । यसरी हृदयमानका नानाथरी कुराले सीतामा यौनआवेगको ज्वार बढ्दै जान्छ । ऊ आफ्नो अचेतन मनलाई नियन्त्रण गर्न सक्तिन । ऊ भित्रको इद पशु बन्न तयार हुन्छ । त्यसैले उसले आफ्नो आदर्श, संस्कार, मर्यादा, सम्बन्ध सबलाई तिलान्जली दिएर हृदयमानको अँगालोमा बाँधिन पुगेकी छ । भने हृदयमान पनि आफ्ना यौन कुण्ठा वा लिप्साकाकारण अचेतनलाई सम्हाल्न नसकी सीता माथि जाइलाग्दछ । उसको इद पनि पशु बन्न तयार भएको देखिन्छ । ऊ आफ्नो साथीसँगको सम्बन्धलाई वेवास्ता गरी आफ्नो यौनेच्छाको सन्तुष्टि गर्न तल्लिन देखिन्छ । जसको पुष्टि निम्न कथांशले गरेको छ :

> उसले सीतालाई हुरीको वेगले समात्यो । सीता भयले विवर्ण भएर हृदयमानलाई हेरेको हेर्‍यै भई, मानौँ उसले हृदयमानमा पतिको उन्माद देखि । ऊ हलचल गर्न सकिन र विस्फारित भएर हृदयमानलाई हेरी रही हृदयमानको अँगालोको बीचमा ऊ परिसकेकी थिई र चुम्बनको वर्षा उसको ओठमा परि रहेको थियो । उसको चेतना लुप्त भयो र उसलाई लाग्यो उसको पति ऊसँग खेलिरहेको छ । (पृ.७३) ।

यसरी सीता र हृदयमान उनीहरूका कामावेगलाई नियन्त्रण गर्न नसकी एक अर्काको अँगालोमा बाँधिन पुगेका छन् ।

### ५.३.३. **यौनको मानसिक विकासमा प्रभाव**

'आधार' कथाका सीता र हृदयमान यौन आवेगले कामातुर पात्र हुन् । लोग्ने विदेशीएपछि नै सीताका अचेतनका वासनात्मक इच्छाहरू कुण्ठित हुन पुगेका छन् । पतिको आउने बाटो हेरीरहेकी सीता पतिको चिठी आएको र पति नआउने खबर आएकोले विक्षिप्त हुन पुग्छे र आफ्ना यौनेच्छालाई दमन गर्न पुग्छे । पतिले पठाएको खर्च रूपैयाँ लिएर आएको हृदयमानमा ऊ आफ्नो पतिको छायाँ देख्छे । जसले गर्दा उसको अचेतन मनको यौनेच्छा सल्बलाउन थाल्छ । त्यसैले ऊ पूर्णमतीप्रति पनि ईर्ष्याभाव राख्छे । सानैमा आमाको मृत्यु भएपछि मातृममता बाट बञ्चित र उमेर पुग्दा समेत विवाह नभएको हृदयमान सीताप्रति पनि रागभाव राख्छ । ऊप्रति आकर्षित हुन्छ । ऊ मानसिक आघात झेलेको, कुण्ठित, कामुकता र मनोविक्षिप्तता जस्ता गुण बोकेको चरित्र हो । ऊ सुरुमा ज्ञानबहादुरको प्रशंसा गरी सीताको रागात्मक इच्छाहरूलाई बढवा दिन्छ । जसको पुष्टि निम्न कथांशले गरेको छ :

> हुन त ज्ञानबहादुर दाईलाई जरसाहेबकहाँ केटी, सुसारेहरूले लखेटेर छुट्टी । सबै बथान लगाएर माया गर्ने । अलिमिया भन्नेले जयमाला लिएर नाम जप्छे । जे परोस्, 'ज्ञानबहादुर दाइ ! यसो गरिदिनोस्, ज्ञानबहादुर दाइ ! उसो गरिदिनुहोस् ।' तर हाम्रो ज्ञानबहादुर दाइभने सुद्धबुद्ध । केही थाहा नपाएजस्तो गर्नुहुन्छ र भागीभागी हिँड्नुहुन्छ । उहाँलाई भने रातदिन तपाईंको जपना । (पृ. ६५)

यसरी यौनावेगले छटपटिएको हृदयमान अज्ञात किसिमले सीताको कामावेगको ज्वारलाई बढावा दिईरहेको थियो । सीताको मनस्थिति सुरुबाटै बुझेको हृदयमान उसलाई आफूतिर आकर्षित गरी सीतामाथि जाइलाग्छ । त्यस्तै लोग्ने विदेश गएपछि कामकुण्ठाले ग्रसित सीता अचेतनको यौनेच्छालाई रोक्न नसकि विक्षिप्त र चेतना शून्य अवस्थामा हृदयमानको अँगालोमा बेरिन पुग्छे । यसरी परपुरुषसँगको अवैध सम्बन्धलाई पापात्मा सम्झने सीतालोग्ने विदेश गएपछि यौनकुण्ठाकाकारण आफ्नो आदर्श, धर्म, परम्परा र संस्कृतिलाई तिलाञ्जली दिएर चेतना शून्य अवस्थामा यौन तिर्खा मेटाउन हृदयमानको अँगालोमा बेरिन पुग्छे ।

### ५.३.४ यौनजन्य विभिन्न मनोग्रन्थिहरूको चित्रण

'आधार' कथाकी नायिका परपुरुषसँग अनुचित सम्बन्ध राख्नु महापाप सम्झने सीता हृदयमानप्रति आकर्षित हुन पुग्छे । परपुरुषप्रतिको रागात्मक सम्पर्कमा लिप्त सीताको मनोग्रन्थिलाई इलेक्ट्रा मनोग्रन्थि भनिन्छ । ऊ इलेक्ट्रा मनोग्रन्थिकै कारण हृदयमानमा आफ्नो पतिको छायाँ देख्छे र उसको अँगालोमा बेरिन पुग्छे । त्यस्तै सानैमा आमाको ममताबाट बञ्चित भएको हृदयमानमा इडिपस ग्रन्थि पाइन्छ । ऊ आमाप्रति आकर्षित छ । ऊ सीतामा पनि आमाको झ-झल्को पनि पाउँछ । त्यस्तै उसलाई बाबुप्रति त्यति वास्ता नभएको र आमाप्रति धेरै माया भएको दर्शाउँछ । उसका यी भनाइले उसमा इडिपस ग्रन्थि भएको पुष्टि गर्दछ : "मलाई जानभने मन लाग्दैन त्यहाँ मेरो को छ र ! बाले बोलाउनु भएको मात्रै जान लागेको" (पृ.६३) । "त्यहाँ मेरी आमा हुनुहुन्न । बाहिर भएसम्म घरमा आमा मलाई पर्खिरहेजस्तो लाग्छ" (पृ.६४) ।यसरी हृदयमानको यस भनाइबाट पनि उसमा बाबु प्रति भन्दा आमाप्रति नै झुकाव देखिन्छ । त्यसैले उसमा इडिपस ग्रन्थि पनि पाइन्छ भन्न सकिन्छ ।

### ४.३.५. यौनजन्य प्रतीकहरूको प्रयोग र नाटकीकरण

'आधार' कथामा लाग्ने विदेश गएपछि कुण्ठित सीताका मनमा पति चिठी आएसँगै लोग्नेसँगको सहबास, दिनचर्याहरू नाटकीय रूपमा आएका छन् । जसको पुष्टि निम्न कथांशले गरेका छन् :

> जबजब ऊ र पति एक्लै हुन्छन् र पति भगवान् राम । राम वनवासको समय, अनकन्टार जङ्गल छ , रातको बेला घाँस र फूलको विछयौनामा राम र सीता आपसको प्रेममा सम्बद्ध छन् । (पृ.५३) ।

> बिहेको बखत पूजाको विधिको समय दुवै दुलाहा–दुलहीसँगै टाँसिएर बसेका थिए । दुलाहाको शरीरबाट निस्केको तातो बाफले सीताको शरीर सुम्सुम्याई रहेको थियो । सीताले घुम्टो भित्रै सुस्केरा हाली र कसैले चाल नपाउँने गरी रोइ । उसलाई लाग्यो मानौं अब ऊ छैन र ऊ त्योसँग बसेको मान्छेको जीउभित्र विलाइ सकेकी छ । ( पृ.५२)

त्यस्तै यस कथामा चिठी, फोटो, फलामको स्प्रीङ्दार पलङ्, बाकस, पुतली, झ्याल, पर्दा आदि स्त्री प्रतीकका रूपमा प्रयोग भएका छन् भने फोनटेन, चुरोटका ठुटा, कोट, सुरुवाल आदि पुरुष यौनप्रतीकका रूपमा आएका छन् । त्यस्तै कपडाको पोका हृदयमानको यौन कुण्ठाको प्रतीकका रूपमा आएको छ । यसरी 'आधार' कथामा विभिन्न यौनप्रतीकहरूलाई नाटकीकरण गरी कथामा प्रयोग गरिएको छ र जसले कथामा उत्कृष्टता थपेको छ ।

### ४.३.६. **निष्कर्ष**

'आधार' कथा गोठालेको उत्कृष्ट कथाहरूमध्येको एक हो । यस कथामा आर्थिक अभावकाकारण लोग्ने विदेश गएपछि आफ्ना यौनेच्छा दमन गर्न बाध्य नारीको मानसिक अवस्थाको चित्रण गरिएको छ । परपुरुषसँगको सम्बन्धलाई पापात्मा मान्ने यस कथाकी नायिका सीता आफ्नो दमित यौनेच्छाकाकारण घरमा आएको हृदयमानलाई पतिको रूपमा उभ्याउँदै आफ्नो आदर्श, धर्म, संस्कार र सम्बन्धलाई तिलान्जली दिएर यौनकुण्ठालाई शान्तपार्न उसको अँगालोमा बेरिन पुगेकी छ ।

## ५.४. **'प्रेम र मृत्यु' कथाको विश्लेषण**

गोविन्दबहादुर मल्ल 'गोठाले'को 'प्रेम र मृत्यु' कथा उत्कृष्ट यौन कथामध्येको एक हो । यो कथा *प्रेम र मृत्यु* कथा सङ्ग्रहमा सङ्ग्रहित छ । यसमा प्रेममा असफल भएको व्यक्तिले आत्माहत्या पनि गर्न सक्छ भन्ने कुरालाई देखाइएको छ । यस कथाको प्रमुख पात्र राजेन्द्र सुशीलालाई मनपराउँछ । ऊ एकोहोरो रूपमा सुशीलाप्रति आकर्षित हुन्छ । सुशीलाले अर्कोसँग विवाह गरेकीले त्यसको बदला लिन ऊ रानीपोखरीमा डुबेर मर्न तयार हुन्छ । तर बाटोमा आमाको मायालु आवाज सुन्न पुगेको उसलाई एक्कासी सुशीलाप्रति घृणा उत्पन्न हुन्छ र उसको प्रेम बहानामात्र भएको ठान्दै, आत्माहत्या पनि बहानामात्रै हो भनी घर फर्किएको छ । यस कथामा प्रयोग भएको यौन मनोविश्लेषणलाई निम्नानुसार विश्लेषण गरिन्छ :

### ५.४.१ **जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्ति**

'प्रेम र मृत्यु' कथा यौनमनोविश्लेषणको प्रयोग भएको उत्कृष्ट कथा हो । यस कथाको प्रमुख पात्र राजेन्द्र हो । ऊ दिग्भ्रमित, दिवास्वप्न, जस्ता भावनाहरूको सिकार बनेको छ । ऊ सुशीलासँग एकहोरो प्रेम गर्छ र उसलाई पनि सुशीलाले प्रेम गर्छे भन्ने भ्रममा पर्छ । तर एक्कासी सुशीलाको अर्कै व्यक्तिसँग विवाह भएपछि ऊ कुण्ठित र विक्षिप्त अवस्थामा पुग्छ । प्रेममा धोका खाएको राजेन्द्र एकदिन फिल्म हेर्न सिनेमा हलमा पुग्छ । त्यहाँ उसले सुशीला र उसको लोग्नेलाई पनि देख्छ । सुशीलालाई देखेपछि उसमा प्रेम भाव पैदा हुन्छ । जसले गर्दा उसमा जीवनशक्ति पैदा हुन्छ । त्यस्तै सुशीलालाई लोग्नेसँग खुशी देखेपछि उसमा ईर्ष्या पनि जाग्छ । यहींबाट उसमा मृत्युशक्ति पनि उत्पन्न हुन्छ । प्रेममा धोका खाएपछि यौनेच्छाले रन्थनिएको राजेन्द्र सुशीला र उसको लोग्नेलाई सँगै बसेको देखेपछि उसको अचेतनमा ईर्ष्या जाग्दछ । फलस्वरूप ऊ चेतना शून्य भएर भ्रमात्मक कल्पनामा डुब्दछ । उसलाई सुशीलासँग उसको लोग्ने चलखेल गरेजस्तो लाग्छ, उसलाई झन् छट्पटी हुन्छ जसले उसको मृत्युशक्तिलाई झन् प्रबल बनाईदिन्छ । त्यतिनै बेला सुशीलाले पतिको कुमनिर टाउको पुऱ्याएर हाँसेको आवाज सुनिन्छ जुन आवाजले आफूलाई बेवास्ता गरी अपमान गरेको सम्झँदै रन्थनिएर बाहिर निष्कन्छ । जसको पुष्टि निम्न कथांशले गरेको छ : "उसले झट्ट सुशिलातिर हेऱ्यो । सुशीला टाउको पतिको कुमनिर पुऱ्याएर खित्का छोडेर हाँसिरहेकी थिई । राजेन्द्र जुरुक्क उठ्यो । कसैले अपमान गरेर बाहिर घोक्र्याएजस्तो ऊ एकै आवेगमा बाहिर निस्कियो" (पृ.११८) । यसरी

राजेन्द्र एकदमै विक्षिप्त भएर हल बाहिर निस्कियो । तर ऊ के चाहान्छ उसले सोच्न सकेन । उसमा मृत्युशक्तिले उच्च स्थान लिन पुग्छ र आत्माहत्या गर्ने तिर सोच्न पुग्छ । जसबाट उसको अचेतनमा पुगेको चोटको बदला लिने  सोचमा ऊ पुग्दछ । आफू मरेपछि सुशीलाको त्यो हँसाई बन्द हुने र ऊ सँधै भरी उसलाई सम्भिएर सुशीला छटपटिने छ भनी भ्रमात्मक कल्पना गर्दै आत्माहत्या गर्ने सोच्न पुग्छ । तर जब ऊ रानीपोखरीको डिलमा पुग्छ त्यहाँ उसलाई आमाको मायालु आवाजले बोलाएको भ्रमपर्छ । ऊ डराएर बारमा अडेस लाग्न पुग्छ त्यतिनै बेला उसले सुशीलाको त्यो हाँसो (जुन सिनेमा हलमा सुनेको थियो) सुन्छ र घरमा किताबको च्यापमा राखिएको सुशीलाको फोटो पनि हाँसेको देख्छ जुन हाँसोप्रति एक्कासी वितृष्णा जाग्दछ र उसमा सुशीलाप्रति घृणा उत्पन्न हुन्छ । त्यसपछि चेतनामा फर्किएर आत्माहत्या र सुशीलासँगको प्रेम वाहाना मात्रै भएको ठान्दै बाँच्ने उद्देश्यसहित घर फर्किएको छ । अन्त्यमा राजेन्द्रको मृत्युशक्तिले हारखाई जीवनशक्ति सक्रिय भएको छ । जसको पुष्टि निम्न कथांशले गरेको छ :

> उसले सोच्यो-सुशीलाले उसलाई प्रेम गरेकी होइन, कहिले प्रेम गरेकी थिइन । उसलाई लाग्यो – सुशीलाले उसलाई अहिलेपनि केता-केटी सम्भेकी छ, आफूजोडा कहिलै सम्भकी छैन । सुशीलाले प्रेमको स्वाङ् मात्रै रचेकी हो । उसलाई अहिले यस्तो लाग्यो – मानौँ ऊ ल्याबोरोटोरीको समान हो जसको आधारमा सुशीलाले आफ्नो लोग्नेसँग जिउन, प्रेम गर्न सिकी । राजेन्द्रलाई लाग्यो – उसले पनि सुशीलालाई प्रेम गरेको होइन, खालि प्रेमको बहाना मात्रै गरेको हो । उसले अहिले गर्न खोजेको आत्माहत्या पनि बहाना मात्रै । ऊ आफैँप्रति लाज र सरमले हल्का पाइला चाल्दै घरतिर लाग्यो । (पृ.१२५) ।

यसरी 'प्रेम र मृत्यु' कथामा प्रेमका प्रतिपक्षमा घृणालाई प्रस्तुत गरिएको छ । मान्छे सँधै अरूको प्रेम प्राप्त गर्न निरन्तर प्रयासरत रहन्छ तर यदि कारणबस त्यो प्राप्त गर्न सकेन भने उसैलाई घृणा गर्न थाल्छ । यस कथामा पनि राजेन्द्र सुशीलाको प्रेम प्राप्त गर्न नसक्ने स्थितिमा पुग्छ र सुशीलालाई घृणा गर्न थाल्छ । आत्महत्या बहाना मात्र भएको ठान्छ । यसर्थ यस कथामा प्रेमलाई जीवनशक्तिको रूपमा र घृणालाई मृत्युशक्तिका रूपमा प्रस्तुत गरिएको छ । जसलाई यस कथाको नायक राजेन्द्रका माध्यमबाट द्वन्द्वात्मक रूपमा प्रस्तुत गरिएको छ ।

### ५.४.२. **अचेतन मन वा इदको चित्रणमा जोड**

'प्रेम र मृत्यु' कथाको नायक राजेन्द्र अचेतनका यौनेच्छाले ग्रसित पात्र हो । उसको अचेतन मन सुशीलातिर आकर्षित छ । ऊ सुशीलालाई एकोहोरो प्रेम गर्दछ र सुशीलाले पनि आफूलाई प्रेम गर्छे भन्ने भ्रममा पर्छ । सुशीलाको अर्के केटासँग विवाह भएपछि उसको अचेतनको यौनेच्छामा ठेस पुग्छ । ऊ दमित र कुण्ठित हुन पुग्छ । सिनेमा हलमा सुशीलासँग भेट भएपछि उसको अचेतन सक्रिय हुन्छ र यौनेच्छाले ग्रसित राजेन्द्र भ्रमात्मक कल्पनामा डुब्छ । उसलाई सुशीलालाई लोग्नेले चलखेल गरेको, अँगालो मारेको भ्रम पर्न जान्छ जसबाट उसलाई सुशीलाप्रति ईर्ष्या उत्पन्न हुन्छ । यसरी यौनावेगको रापले पिल्सिएको राजेन्द्र सुशीलाले लाग्नेको कुमनिर टाउको पुऱ्याएर हाँस्दा

अपमानित भएको ठानी रन्थनिएर हल बाहिर निस्कन्छ । सुशीलाको उक्त हाँसोले विक्षिप्त बनेको राजेन्द्रको यौनेच्छामा आघात पार्छ र त्यसको प्रतिशोध गर्न ऊ आत्माहत्या गर्ने सोच्न पुग्छ । यसको पुष्टि निम्न कथांशले गरेको छ :

> उसले झट्ट सिनेमा हलकी सुशीला लोग्नेको कुममा टाउको पुऱ्याएर हाँसेकी सम्झ्यो । त्यसको हाँसोलाई रोक्नै पर्छ, त्यसको हाँसोलाई चोट पुऱ्याएर रोक्नै पर्छ, ऊ एउटा रुखको जरामा थचक्क बस्यो । अनि खल्तीबाट कागज र कलम झिकेर लेख्यो – 'सबैसित मेरो बिदा, सुशीला अब अर्काकी भैसकेकी । उसलाई अब म पाउन्नँ, त्यसकारण बाँचेर पनि मलाई केही फाईदा छैन मैले आत्माहत्या गरेँ । (.१२०) ।

यसरी विक्षिप्त राजेन्द्र आफू मरेर सुशीलालाई चोट पुऱ्याउन चेतना शून्य भएर आत्माहत्या गर्न भनी रानीपोखरी पुग्छ र त्यहाँ पुगेपछि आमाको मायालु स्वर सुनेको आभास हुन्छ र जसलाई मायालु आँखाले हेरेको पनि आभास हुन्छ । त्यति बेला नै सुशीलाको हलमा गुञ्जिएको हाँसो पनि सुन्न पुग्छ र घरका किताबको बीचमा च्यापेर राखेको सुशीलाको फोटो हाँसेको भ्रमात्मक दृश्य देख्न पुग्छ । ऊ रिसले चुर भएर त्यो फोटो च्यातेको झैँ गर्छ । यसैबैला अचेतन अवस्थामा रहेको राजेन्द्र चेतनामा खस्न पुग्छ र सुशीलाप्रति उसमा घृणाभाव उत्पन्न हुन्छ । चेतनामा फर्किएको राजेन्द्र आफ्नो बेबकुफी देखेर आश्चर्य चकित हुन्छ र सुशीलासँगको प्रेम बाहाना मात्रै भएको र आत्माहत्या पनि बाहाना मात्र भएको ठान्दै घर फर्किएको छ ।

### ५.४.३. यौनको मानसिक विकासमा प्रभाव

'प्रेम र मृत्यु' कथाको राजेन्द्र सुशीलाले अर्कैसँग विवाह गरेपछि कुण्ठित भएको छ । आफ्ना यौनेच्छालाई दमन गर्न बाध्य भएको राजेन्द्र सिनेमा हलमा सुशीलालाई देखेपछि यौनेच्छाले आक्रन्त हुन्छ । ऊ विभिन्न भ्रमात्मक दृश्यहरू देख्न थाल्छ । जसले उसको चेतनालाई लुप्त गराउँछ । जसको पुष्टि निम्न कथांशले गरेका छन् : "अहिले राजेन्द्रलाई लाग्यो – सुशीलाको लोग्नेले सुशीलाको हात समाएर खेलाई रहेछ । उसले झटपट आँखा पर्दामा पुऱ्यायो" (पृ.११७) । "अहिले फेरि अचानक उसलाई लाग्यो – लोग्नेले सुशीलाको सुकुमार गोलो गर्धनमा हात पुऱ्याएर अँगाल्यो । उसले झटपट आफूलाई लागेको कुरा वास्तविक हो-होइन हेर्न सुशीलातिर हेऱ्यो । उसलाई अहिले पनि भ्रान्ति नै भएको रहेछ" (पृ.११८) ।

उपर्युक्त कथांशले राजेन्द्र यौनेच्छाले आक्रान्त पात्र हो भन्ने पुष्टि गर्छ । यसरी यौनावेगले तातिएको राजेन्द्र सुशीलाले लोग्नेको कुमनिर टाउको पुऱ्याएको हाँस्दा असामान्य अवस्थामा पुग्छ र रन्थनिएर हलबाहिर पुग्दछ । यौनावेगले छटपटिएको राजेन्द्र सुशीलालाई नपाउने देखेपछि र सुशीलाले आफूप्रति गरेको अपमान सम्झँदै सुशीलाको हाँसोबाट विक्षिप्त भएको राजेन्द्र आत्माहत्या गर्ने सोच्न पुग्छ र विक्षिप्त अवस्थामा नै रानी पोखरीतिर लाग्दछ । यौनावेगले सही समाधानको बाटो पाउन नसकेमा त्यसले नकारात्मक बाटो पनि रोज्न सक्छ भन्ने फ्रायडको विचार यहाँ राजेन्द्रमा लागू

गरिएको देखिन्छ । ऊ पनि आफ्नो अचेतनका यौनेच्छाको समाधान नदेखेपछि आत्महत्या गर्न अघि बढेको छ । रानी पोखरी पुगेको राजेन्द्र पोखरीको बार भित्र पस्न बाटो खोज्दै वरिपरि चेतना शून्य अवस्थामा घुम्दै गर्दा अचानक उसले सुशीला लोग्नेको कुमनिर टाउको पुऱ्याएर हाँसेको भ्रमात्मक दृश्य देख्छ । त्यस्तै घरको किताबका बीचमा राखिएको सुशीलाको फोटो पनि हाँसेको देख्छ । त्यति नै बेला आफ्नी आमाले सुस्तरी बोलाएको र मायालु आँखाले हेरेको पनि देख्छ । आमालाई देखेको राजेन्द्र एक्कासी चेतनामा फर्किएको छ । त्यसपछि ऊ सुशीलालाई घृणा गर्छ । ऊ सुशीलाको सौन्दर्य एकैचोटि कुरूप र छयाकटे भएको देख्छ । उसमा यौनावेग उकैचोटि हराएर चैतन्य पनि भएको छ । यसरी आफ्नो बेबकुफी देखेर लज्जित हुँदै अन्त्यमा राजेन्द्र सुशीलासँगको प्रेम र आफ्नो आत्माहत्या बाहाना मात्र भएको सम्भँदै घर फर्किएको छ ।

यसरी यौनावेगले छटपटीएको यस कथाको प्रमुख पात्र राजेन्द्र कुण्ठित यौनेच्छाकाकारण चेतना शून्यभई मृत्युवरण गर्न खोज्छ । आमाको आवाजले उसलाई चेतनामा फर्काउँछ र आत्महत्या गर्न आँटेको आफ्नो बेबकुफीपन देखेर आश्चर्य चकित भई सरम मान्दै घर पर्किएको छ ।

### ५.४.४. **यौनजन्य विभिन्न मनोग्रन्थिहरुको चित्रण**

'प्रेम र मृत्यु' कथाको नायक राजेन्द्रमा इडिपस ग्रन्थि पाइन्छ । ऊ मर्न जाँदा पनि आमालाई धेरै सम्भेको छ र अन्तिममा मर्नलाई पोखरीभित्र पस्ने बाटो खोज्दै गर्दा पनि आमाको स्वर सुनेको र मायालु आँखाले हेरेको दृश्य देख्नेवित्तिकै ऊ चेतनामा फर्किएर सुशीलालाई घृणा गर्न पुगेको छ । जसले गर्दा उसमा इडिपस ग्रन्थि छ भन्न सकिन्छ । यसको पुष्टि निम्न कथांशले गरेको छ :

> सुशीला हाँसेको उसको कानमा घन्केजस्तो लाग्यो । अनि उसकी आमाले उसलाई सुस्केराले बोलाएको जस्तो लाग्यो – 'ए राजेन्द्र, राजेन्द्र !' उसलाई उसकी आमाले मायालु आँखाले हेरेजस्तो आभास भयो । उसको हात रानीपोखरीको बारमा गएर पऱ्यो । ऊ भस्केर पछि हट्यो, मानौँ ऊ मृत्युको मुखमा पर्न लाग्यो, ऊ डरले निसासियो । (पृ.१२५)

त्यस्तै सुशीलालाई प्राप्त गर्न नसक्ने थाहापाएपछि राजेन्द्र आत्महत्या गर्न भनी रानी पोखरी तर्फ लागेको छ । यस प्रसङ्गले उसमा हीनता ग्रन्थि रहेको पुष्टि हुन्छ । जसको पुष्टि निम्न कथांशले गरेको छ : "सबैसित मेरो बिदा, सुशीला अब अर्काकी भैसकेकी । उसलाई अब म पाउन्नँ, त्यसकारण बाँचेर पनि मलाई केही फाईदा छैन मैले आत्माहत्या गरेँ" (पृ.१२०) । यसरी राजेन्द्रले मर्नुभन्दा अगाडि लेखेको यस चिठ्ठीबाट पनि उसमा हीनता ग्रन्थि रहेको पाइन्छ ।

त्यस्तै राजेन्द्रमा आत्मरति ग्रन्थिको पनि विकास भएको पाइन्छ । जसको पुष्टि निम्न कथांशले गरेको छ : "सुशीलाको त्यो हाँसो गायब हुनेछ । सुशीला उसलाई याद गरेर  जिन्दगीभर छटपटिने छ । उसलाई सुशीलामाथि दया पनि लाग्यो, ऊ विजयावन्वित भैँ आफैहाँस्यो ।" यसरी आफूलाई धोका दिने सुशीलालाई आफू मरेर भएपनि उसलाई दुःख दिने वा तड्पाउने छ । यसबाट उसलाई

सुख प्राप्ति हुन्छ भन्दै आफ्नो प्रशंसा गर्न पुगेको छ भने यसै प्रसङ्गले उसमा परपीडन ग्रन्थि पनि रहेको पनि पुष्टि गर्दछ । यसरी यस कथाको नायक राजेन्द्रमा इडिपस, हीनता, आत्मरति र परपीडन ग्रन्थि पाइन्छ ।

### ५.४.५. यौनजन्य प्रतीकहरूको प्रयोग र नाटकीकरण

'प्रेम र मृत्यु' कथामा टुँडिखेलको चौर, स्फटिकको मूर्ति, रानीपोखरी, चिठी,आदि स्त्री यौन प्रतीकका रूपमा प्रयोग भएका छन् भने सिसौका रुख, कलम, टाई, खरिको रुख, आदि पुरुष यौन प्रतीकका रूपमा प्रयोग भएका छन् । त्यस्तै सुशीलालाई सिनेमा हलमा देखेपछि यौनेच्छाले अक्रान्त राजेन्द्रले देखेका भ्रमात्मक दृश्यहरूलाई नाटकीकृत रूपमा यसरी प्रस्तुत गरिएको छ : "अहिले राजेन्द्रलाई लाग्यो – सुशीलाको लोग्नेले सुशीलाको हात समाएर खेलाई रहेछ । उसले झटपट आँखा पर्दामा पुऱ्यायो ।" (पृ.११७)

> अहिले फेरि अचानक उसलाई लाग्यो – लोग्नेले सुशीलाको सुकुमार गोलो गर्धनमा हात पुऱ्याएर अँगाल्यो । उसले झटपट आफूलाई लागेकोकुरा वास्तविक हो-होइन हेर्न सुशीलातिर हेऱ्यो । उसलाई अहिले पनि भ्रान्ति नै भएको रहेछ । (पृ.११८)

त्यस्तै सुशीलालाई देखेपछि उत्पन्न यौनावेग र सुशीलाले आफूलाई अपमान गरेको मान्दै आत्माहत्या गर्ने सोच बनाई चेतना शून्य अवस्थामा रानीपोखरी पुगेको राजेन्द्र आमाको आवाज सुनी चेतनामा फर्किएको छ र सुशीलालाई एकदमै घृणा गर्न थालेको दृश्यलाई पनि नाटकीय शैलीमा कथामा प्रस्तुत गरिएको छ ।

### ५.४.६. निष्कर्ष

'प्रेम र मृत्यु' कथामा प्रेमको असफलताबाट प्रतिशोधमा उत्रिएको राजेन्द्र आत्महत्याको बाटो रोज्न पुगेको प्रसङ्ग प्रस्तुत गरिएको छ । उसको आत्महत्याले सुशीलाले जिन्दगी भरी चोट सहनु पर्ने भ्रममा राजेन्द्र त्यस्तो कदम चाल्न खोज्छ । अन्त्यमा आमाको आवाज सुनेको भ्रम भएपछि चेतनामा फर्किएको राजेन्द्र अन्त्यमा घर फर्किएको छ । यस कथामा प्रेममा असफल व्यक्तिले मृत्युवरण पनि गर्न सक्छ भन्ने देखाउन खोजिएको छ ।

## ५.५. निष्कर्ष

गोविन्द गोठालेको कथायात्राको दोस्रो चरणलाई यौन कथालेखनको चरण भनिन्छ । यस चरणमा उनले सात ओटा कथा यौनमनोविश्लेषणको प्रयोग गरी लेखिएका छन् । उनले यी कथामा युवायुवती बीचको यौन सम्बन्ध, प्रेम-विवाह, उनीहरूका छटपटी आदिलाई समावेश गरेका छन् । साथै यी कथामा सामाजिक, आर्थिक र सांस्कृति परम्पराकाकारण आफ्ना अचेतनका यौनेच्छालाई दमन गर्न बाध्यभएका र कुण्ठित मनस्थितिका कारण विक्षिप्त भई असामान्य अवस्थामा पुगी मनोरोगी

बन्नपुगेका पात्रहरूको मनोदशाको चित्रण गरिएको छ । उनको यस चरणका कथाहरू सबै उत्कृष्ट भए पनि ती मध्येका पनि उत्कृष्ट कथाहरूमा 'मैले सरिताको हत्या गरेँ', 'आधार', 'प्रेम र मृत्यु', आदि हुन् । यी कथामा गोठालेले सामाजिक र आर्थिक कारणबाट यौनेच्छामा अवरोध आई कुण्ठित पात्रको विक्रित मनोदशाको चित्रण गरेका छन् । साथै उनले यसचरणमा रुढीवादी सामाजिक परम्परा, कुसंस्कार र अन्धविश्वासको पनि विरोध गरेका छन् । यौन सिद्धान्तका मान्यताको पूर्ण प्रयोग गरिएका उनका यसचरणका 'मैले सरिताको हत्या गरेँ', 'आधार', 'प्रेम र मृत्यु', आदि कथाहरू उत्कृष्ट छन् ।

छैटौं परिच्छेद

# गोविन्द गोठालेका कथायात्राको तृतीय चरणमा पर्ने यौनमनोविश्लेषणात्मक कथाहरूको विश्लेषण

## ६.१. परिचय

यस चरणका गोठालेका यौन मनोविश्लेषणात्मक सिद्धान्तको प्रयोग गरिएका कथामा खासै नयाँ प्रवृत्ति केही पाइँदैन, पुरानै प्रवृत्तिमा कथाहरू लेखिएका छन् । यस चरणका कथामा नारी पुरुषका यौन सम्बन्ध त्यसमा आएको अवरोध र त्यसबाट कुण्ठित भई विक्षिप्त भएका पात्रको मनोदशाको चित्रण गरिएको छ । यस चरणमा उनले जम्मा एघार ओटा कथामा यौनमनोविश्लेषणको प्रयोग गरेका छन् । जसमध्ये यस चरणका प्रतिनिधि तीन ओटा कथाहरू 'गीता र मीना', 'सुशीला भाउज्यू', 'बलात्कार' आदिको मात्र विश्लेषण गरिन्छ ।

## ६.२. 'बलात्कार' कथाको विश्लेषण

गोविन्द गोठालेको *बाह्र कथा* सङ्ग्रहमा सङ्कलित 'बलात्कार' कथा पहिलो बलात्कार सुरुभई दोस्रो बलात्कारमा अन्त्य भएको छ । यसमा यौनले मानव जीवनमा पार्ने सकारात्मक र नकारात्मक प्रभावलाई प्रष्ट पार्ने कोशीस गरिएको छ । 'बलात्कार' कथामा प्रयोग भएको यौनमनोविश्लेषणको विश्लेषण निम्ननानुसार गरिन्छ :

### ६.२.१. जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्ति

'बलात्कार' कथा पहिलो बलात्कारबाट सुरुभई दोस्रो बलात्कारमा गएर अन्त्य भएको छ । यस कथाको रामेश्वरमानमा मृत्यु मूलप्रवृत्ति र जीवन मूलप्रवृत्ति बीच द्वन्द्व पाइन्छ । यस कथामा सुरुमा साँझमा सुनसान एकान्त ठाउँमा रामेश्वरमान र उसकी स्वास्नी लिली प्रेमालाप गर्दै बसेका थिए । त्यसैबेला शण्डमुसुण्ड व्यक्तिहरू आएर उसलाई समातेर उसकै आँखा अगाडि लिलीलाई बलात्कार गरेका थिए । यसबाट विक्षिप्त बनेका रामेश्वरमान र लिलीमा मृत्यु मूलप्रवृत्ति उच्च देखिन्छ । उनीहरू निरास भएका छन् । उनीहरू मर्न नसकेर बाँचेका छन् । जसको पुष्टि निम्न कथांशले गरेको छ :

> यो घरको यो डेरामा रामेश्वरमानको लिली बाहेक को छ र आफन्त भन्ने ! त्यस्तै लिलीको निम्ति पनि लोग्ने बाहेक को छ र यो डेरामा आफन्त ! जिउनै पर्छ, जीवन निर्वाह गर्नै पर्छ । अरू के चारा छ ! मर्नु भएन । दुवैलाई हेर्थे केही आँखा उघारेर, केही आँखा झुकाएर । (पृ.५५) ।

रुढीवादी परम्परा र कुसंस्कारका कारण लिली बिटुलो भएकीले एक अर्कालाई छुन नहुने, सँगसँगै सुत्न नहुने हुनाले उनीहरू भिन्नाभिन्नै सुत्ने, छुइन्छकी भनी हच्कीहच्की हिँड्ने गर्थे । उनीहरूलाई हरेक चिजवस्तु विटुलो-विटुलो लाग्छ । उनीहरू अर्काको लागि वा मर्न नसकेर बाँच्न बाध्य भए झैँ बाँचेका छन् । यसरी उनीहरूमा मृत्युशक्ति उच्च रहेको देखिन्छ । यसै बीचमा अफिस जाँदाएकदिन रामेश्वरमानको पहिले आफूले मनपराएकी प्रेमिका मिठ्ठूसँग भेट हुन्छ । उनीहरू बीच कुराकानी, बोलचाल हुन्छ । त्यसपछि रामेश्वरमानको अचेतन प्रेमभावना भरिएर सक्रिय हुन्छ । उसमा जीवनशक्ति सक्रिय हुन्छ । उसलाई सबैचिज राम्रो लाग्न थाल्छ । अफिसमा पनि सबैले उसलाई राम्रो गरेको, माया गरेको जस्तो लाग्न थाल्छ । ऊ एकदमै उत्साहीत हुन्छ । ऊ बेलुका घर प्रवेश गर्दा पनि उत्साहीत देखिन्छ । उसलाई लिलीप्रति पनि दया लाग्छ र चियाको गिलास हातैमा राखिदिन आग्रह गर्छ । यसरी मानव जीवन सहज सञ्चालनका लागि यौनको आवश्यक्ता पर्ने फ्रायडको भनाइ यहाँ लागू भएको देखिन्छ । श्रीमती बलात्कृत भएको देखेपछि रामेश्वमानको  यौनभावना सुक्न पुगेको थियो । उसलाई सबै विटुलोविटुलो लाग्थ्यो, सबैतिर निरासा नै निरासा देख्थ्यो । तर मिठ्ठूलाई देखेपछि उसलाई सवै चिज राम्रै राम्रो लाग्न थाल्छ । जसबाट उसलाई जीवन जीउन हौसला मिल्छ । जसले गर्दा उसमा जीवनशक्ति उच्च स्थानमा रहेको देखिन्छ । यसको पुष्टि निम्न कथांशले गरेको छ :

> आज मिठ्ठूले उसलाई चिनी र बोली । त्यसपछि ऊ केही हल्का भएर अफिसमा गएको थियो । अफिसमा पनि हाकिमले उसलाई मात्र माया गरेर हेरको लाग्यो र केही बढी माया गरेर बोलेको लाग्यो । आज उसलाई आफ्नो दयनीय अनुहार दयनीय लागेन । आज ऊ उत्साहीत भएर घरभित्र पसेको थियो । त्यस्तै उत्साहीत भएर उसले जुत्ता फुकाल्यो, खटियामा बस्यो र लिली पहिले जस्तै हच्की–हच्की केही पर भैँमा चिया राख्न खोजेको देखेर उसले साहासपूर्वक अह्रायो – "खोइ, यता हातैमा देऊन ।" (पृ.५६)

यसरी जीवनशक्ति प्रबल रहेको रामेश्वरमान राति अबेरसम्म सुत्न सक्दैन । उसमा यौनेच्छा सक्रिय हुँदै जान्छ । ऊ आफ्नी श्रीमतीलाई भर्खर देखे जस्तो गरी ब्यघ्र आँखाले हेरिरहन्छ । यसैबेला उसलाई मिठ्ठूको सौन्दर्य आँखामा चम्किन्छ । त्यति नै बेला अचानक उसले स्वस्नी बलात्कृत भएको दृश्य पनि देख्यो । यस दृश्यले उसमा मृत्युशक्ति प्रबल हुन्छ र एकदमै उत्तेजित भावमा उसले स्वास्नीलाई समाउन पुग्छ । यसरी उसमा एकैचोटि मृत्युशक्ति उत्पन्न भएको देखिन्छ । जसलाई निम्न कथांशले पुष्टि गर्न सकिन्छ :

> अचानक विजुली चमकेझैँ उसले आफ्नी स्वस्नी बलात्कृत भएको देख्यो । उसले विस्फारित नेत्रले हेरेको लिलीमाथि हुन खोजेको त्यो दृश्य देख्यो । रामेश्वरमान जुरुक्क खटियाबाट उठ्यो । एकदम उत्तेजित भएर ऊ स्वास्नी लिलीनिर  पुग्यो र त्यस्तै  मदोन्मत्त भावले  स्वास्नी  लिलीलाई  समाउन पुग्यो  । ( पृ.५७)

त्यस्तै पहिलो बलात्कारबाट तर्सिएकी लिली आफ्नो लोग्ने रामेश्वरमानको आक्रमणलाई प्रतिकार गर्छे । यसबाट उसमा सुरुमा रहेको मृत्यु मूलप्रवृत्ति झन् सशक्त रूपमा उठेको देखिन्छ । यसरी बलात्कार कथाका पात्रहरूमा जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्ति दुवै पाउन सकिन्छ ।

### ६.२.२. अचेतन मन वा इदको चित्रणमा जोड

'बलात्कार' कथामा सुरुमै लिली बलात्कृत भएकी छ । लिली बलात्कृत भएपछि रुढीवादी अन्धपरम्पराका कारण रामेश्वरमानको यौनेच्छा कुण्ठित भएको देखिन्छ । जसले गर्दा उनीहरू भिन्नभिन्न सुत्ने, छुइन्छकी भनी हच्केर हिँड्ने गर्दछन् । तर एकदिन रामेश्वरमानको जब मिठ्ठूसँग भेट हुन्छ र बोलचाल हुन्छ । यसबाट उसको अचेतन मन प्रेम भावनाले रसाउन थाल्छ । उसमा यौनेच्छा जागृत हुन्छ । उसलाई सबै चिज राम्रो लाग्न थाल्छ । जीवन अर्थपूर्ण लाग्न थाल्छ । यौनले मानवकार्यलाई सहजतापूर्वक सम्पन्न गर्न सघाउ पुग्ने र मानिसमा स्फूर्ति ल्याउँछ भन्ने फ्रायडको भनाई यहाँ लागू भएको देखिन्छ । रामेश्वरमानलाई मिठ्ठूसँगको भेटपछि अफिसमा पनि सबैको माया पाए जस्तो हाकिमले उसलाई नै बढी माया गरे जस्तो लाग्छ । सबै कुरा अनुकूल भएको लाग्छ । यसरी एकदमै उत्साहीत भएको रामेश्वरमान उत्साहीत भएर नै घरमा प्रवेश गर्छ । लिलीले चिया दिंदा उसको अचेतनको दमित इच्छा बाहिर आउँछ र चिया हातैमा राख्न आग्रह गर्छ । ऊ एकदमै चञ्चल छ । उसलाई फूर्तिलो अनुभव भएको छ । उसमा यौनभावनामा बढ्दै जान्छ । यसलाई कथाकारले यसरी प्रस्तुत गरेका छन् : "रामेश्वरमान अझै सुतेन, बसिरहयो र सुत्ने तरखर गरेकी आफ्नी स्वस्नीलाई हेरीरहयो" (पृ. ५६) । यसरी रामेश्वरमान नसुती कहिल्यै नदेखेझैँ गरी लिलीलाई हेर्छ । यौनेच्छाले आक्रान्त रामेश्वरमानका आँखामा एक्कासी मिठ्ठूको झल्को आउँछ । अचेतनको सक्रियताले चेतना गुमाउन पुगेको रामेश्वरले त्यतिनै बेला श्रीमती बलात्कृत भएको दृश्य पनि देख्छ । त्यति नै बेला उसको अचेतनको सक्रियता उत्कर्षमा पुग्छ र श्रीमतीलाई आक्रमक रूपमा समाउन पुग्छ । यतिबेला ऊ भित्रको इद पशुको स्तरमा खस्न तयार भएको देखिन्छ । उसले एउटा बलात्कारबाट तर्सिएकी आफ्नी श्रीमतीलाई प्रेमपूर्वक बसमा नपारी आक्रमणको शैली अपनाएर आफ्नो यौनेच्छा पुरा गर्न खोज्छ । जसलाई कथामा यसरी प्रस्तुत गरिएको छ : "रामेश्वरमान जुरुक्क खटियाबाट उठ्यो । एकदम उत्तेजित भएर ऊ स्वस्नी लिलीनिर पुगयो र त्यस्तै मदोन्मत्त भावले स्वास्नी लिलीलाई समाउन पुग्यो" (पृ.५७) ।

यसरी कमोत्तेजनाले ग्रस्त रामेश्वरमानमा ऊभित्रका दमित यौनेच्छा विस्फोट भई लिलीमाथि आक्रमण गर्न पुग्छ । अघिल्लो बलात्कारको घटनाबाट तर्सिएकी लिली पुनः बलात्कृत हुने देखेपछि अचेतनमा रहेको मृत्युशक्ति सक्रिय भई लोग्नेको प्रतिकारमा उत्रिएकी छ । जसलाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> लिली आतङ्कीत भएर जुरुक्क उठी एकै निमेषमा लोग्नेको कब्जाबाट उम्की तर लोग्ने ऊनिर पुगिसकेको थियो र उसलाई समाइसकेको थियो । मानौँ

> लिली फेरि बलात्कृत हुँदैछ उसले लोग्नेको हात टोकी, नाडी टोकी र त्यही वेगमा आफ्नो कपाल आफैँ लुछी । (पृ.५७ )

यसरी बलात्कार कथाको रामेश्वरमान अचेतनको यौनेच्छाका कारण श्रीमतीका आँखामा कुख्यात अपराधी बन्न पुगेको छ ।

### ६.२.३. यौनले मानसिक विकासमा पार्ने प्रभाव

'बलात्कार' कथाका पात्रको मानसिक अवस्था सुरुमा सामान्य अवस्थाको छ । जब लिली बलात्कृत हुन्छे तब उनीहरू असामान्य अवस्थामा पुग्छन् । उनीहरू एकअर्कामा टाढाटाढा रहेर बोल्ने, हिँड्दा हच्कीहच्की हिँड्ने, बेग्लाबेग्लै सुत्ने, गर्छन् । लिली बलात्कृत भएपछि उनीहरूलाई सबैचिज बिटुलोबिटुलो लाग्थ्यो । अफिसजाँदै गर्दा एकदिन रामेश्वरमानको मिठ्ठूसँग भेट हुन्छ । मिठ्ठू उसले पहिले मनपराएकी केटी थिई । उसलाई भेटेपछि उसमा परिवर्तन आएको थियो । जसको पुष्टि निम्न कथांशले गरेको छ :

> धेरै दिनपछि आज रामेश्वरमानमा केही उत्साह स्फुरण भएको थियो । युगौं-युगपछि आज उसले मिठठूलाई देखेको थियो , भेटेको थियो । आज मिठ्ठूले उसलाई चिनी र बोली । त्यसपछि ऊ केही हल्का भएर अफिसमा गएको थियो । अफिसमा पनि हाकिमले उसलाई मात्र माया गरेर हेरको लाग्यो र केही बढी माया गरेर बोलेको लाग्यो । आज उसलाई आफ्नो दयनीय अनुहार दयनीय लागेन । आज ऊ उत्साहीत भएर घरभित्र पसेको थियो । त्यस्तै उत्साहीत भएर उसले जुत्ता फुकाल्यो, खटियामा बस्यो र लिली पहिले जस्तै हच्की–हच्की केही पर भैँमा चिया राख्न खोजेको देखेर उसले साहासपूर्वक अह्रायो – "खोइ, यता हातैमा देऊन ।" (पृ.५६)

यस कथांशमा यौनको स्फूरणले रामेश्वरमानमा ल्याएको परिवर्तनलाई प्रस्तुत गरिएको छ । उसका अचेतनका इच्छाहरू जागृत भएकोले उसलाई सबैचिज राम्रो लागेको, उसमा उत्साह थपिएको देखिन्छ । उसमा रहेको विरक्तिपन निरासा एकैचोटि हटेर गएको छ । यौनले मानव जीवनमा सकारात्मक र नकारात्मक प्रभाव पार्छ भन्ने फ्रायडको मान्यता अनुसार रामेश्वरमानमा यहाँ सकारात्मक प्रभाव परेको पाइन्छ । यसरी उत्साहीत भएको रामेश्वरमा कामावेग बढ्दै गएको छ । जसले गर्दा ऊ रातिसम्म सुत्न सक्दैन ऊ एकदमै छटपटीन पुग्छ । त्यति नै बेला मिठठूको सौन्दर्य उसका आँखामा झल्किन्छ । यसबाट उसको यौन उत्तेजना चरमविन्दुमा पुग्छ । फेरि त्यति नै बेला श्रीमती बलात्कृत भएको घटना पनि देख्दछ । यसरी यौन उत्तेजनाले रन्थनिएको रामेश्वरमानका दमित यौन कुण्ठा एक्कै चोटि विस्फोट भई बलात्कृत शैलीमा श्रीमतीलाई समाउन पुग्छ । यसरी आफूभित्रको यौनकुण्ठाका कारण रामेश्वरमान असामान्य अवस्थामा पुगी स्वास्नीमाथि आक्रमण गर्न पुग्छ र स्वास्नीका आँखामा बलात्कारी बन्न पुग्छ । त्यस्तै लिली पनि लोग्नेको मायाप्रेम र बलात्कार छुट्याउन नसकी लोग्ने माथि जाइलागेकी छ, ऊ एकदमै त्रसित भई आक्रमक रूपमा प्रस्तुत भएकी छ । उसलाई लोग्नेस्वास्नीबीचको यौन समागम पनि बलात्कार नै हो भन्ने लागेको छ ।

यसरी यौनले मान्छेको मानसिक विकासमा सकारात्मक र नकारात्मक दुवै प्रभाव पार्छ भन्ने कुराको पुष्टि बलात्कार कथाले गरेको छ ।

### ६.२.४. यौनजन्य विभिन्न मनोग्रन्थिहरूको चित्रण

'बलात्कार' कथामा बिशेष गरी परपीडन र स्वपीडन ग्रन्थिको प्रयोग पाइन्छ । यस कथाको सुरुमै बलात्कृत लिली आफ्नो लोग्नेबाट तिरस्कृत भएकी छ । उसले बिना गल्ती बेग्लै सुत्नुपर्ने, छुट्टै बस्नु पर्ने, हच्कीएर हिड्नु पर्ने जस्ता रुढीवादी परम्परा र पुरुषवादी संस्कारबाट पीडित भएकी छ । यस्तो अवस्थामा ऊ लोग्नेलाई विरोध जनाउन र त्यस्ता लालक्षनाको प्रतिकार गर्न सक्दिन । यसले गर्दा उसमा स्वपीडन ग्रन्थि छ भन्न सकिन्छ । त्यस्तै पहिले आफूले मनपराएकी केटी मिठ्ठूलाई भेटेपछि मदोन्मत्त भएको वा यौनेच्छाले अक्रान्त भएको रामेश्वरमानमा परपीडन ग्रन्थिको विकास भएको छ । जसले गर्दा नै ऊ प्रेम र मायाले जितेर नभई बलात्कारी शैलीमा एक्कासी स्वास्नीमाथि आक्रमण गर्न पुग्दछ । त्यस्तै रामेश्वरमानमा इडिपस ग्रन्थि पनि पाइन्छ । इडिपस ग्रन्थिकैकारण मिठ्ठूसँग भेट भएपछि ऊ उत्साहीत बन्न पुगेको छ भने उसको अचेतनमा प्रेमभावना जागृत भएको छ । जसको पुष्टि निम्न काथांशले गरेको छ :

> युगौँ-युगपछि आज उसले मिढठूलाई देखेको थियो , भेटेको थियो । आज मिठ्ठूले उसलाई चिनी र बोली । त्यसपछि ऊ केही हल्का भएर अफिसमा गएको थियो । अफिसमा पनि हाकिमले उसलाई मात्र माया गरेर हेरको लाग्यो र केही बढी माया गरेर बोलेको लाग्यो । आज उसलाई आफ्नो दयनीय अनुहार दयनीय लागेन । आज ऊ उत्साहीतभएर घरभित्र पसेको थियो । (बाह्र कथा : पृ.५६) ।

यसरी 'बलात्कार' कथामा गोठालेले परपीडन, स्वपीडन, र इडिपस ग्रन्थिको प्रयोग गरेका छन् ।

### ६.२.५. यौनजन्य प्रतीकहरूको प्रयोग र नाटकीकरण

'बलात्कार' कथामा यौनले मावन जीवनमा पार्ने सकारात्मक प्रभाव र नकारात्मक प्रभावलाई देखाइएको छ । रामेश्वरमानको मिठ्ठूसँग भेट भएपछि परिवर्तित मानसिक अवस्थालाई नाटकीय रूपमा यसरी प्रस्तुत गरिएको छ :

> आज मिठ्ठूले उसलाई चिनी र बोली । त्यसपछि ऊ केही हल्का भएर अफिसमा गएको थियो । अफिसमा पनि हाकिमले उसलाई मात्र माया गरेर हेरको लाग्यो र केही बढी माया गरेर बोलेको लाग्यो । आज उसलाइ आफ्नो दयनीय अनुहार दयनीय लागेन । आज ऊ उत्साहीतभएर घरभित्र पसेको थियो । त्यस्तै उत्साहीत भएर उसले जुत्ता फुकाल्यो, खटियामा बस्यो र लिली पहिले जस्तै हच्की–हच्की केही पर भैँमा चिया राख्न खोजेको देखेर उसले साहासपूर्वक अह्रायो – "खोइ, यता हातैमा देऊन ।" (पृ.५६) ।

त्यस्तै यसकथामा सुनसान ठाउँ, झाडी, चुरा, खटिया, जुत्ता, दराज, बाकस, मेच आदि स्त्री यौन प्रतीकका रूपमा प्रयोग भएका छन् र रुख पुरुष यौन प्रतीकको रूपमा प्रयोग भएको छ ।

### ६.२.६. निष्कर्ष

'बलात्कार' कथामा रामेश्वरमानका कुण्ठित यौनेच्छाले सही निकास नपाउँदा विस्फोटक रूपमा बाहिर निस्कन खोजेको छ । प्रेमभाव अपनाउन नसकेकाकारण ऊ स्वास्नीका आँखामा बलात्कारी भएको छ । यो कथा पहिलो बलात्कारबाट सुरुभई दोस्रो बलात्कारमा अन्त्य भएको छ । यहाँ यौनेच्छाको समाधान हिंस्रक रूपमा गर्न खोजिएको छ । यसकथामा यौनले मानसिक विकासमा कस्तो प्रभाव पार्दछ भन्ने यथार्थलाई देखाउन खोजिएको छ ।

## ६.३ 'सुशीला भाउज्यू' कथाको विश्लेषण

*बाह्र कथा* कथासङ्ग्रहमा सङ्ग्रहित 'सुशीला भाउज्यू' कथा राणाकालीन परिवेशमा लेखिएको कथा हो । यसमा घरमा स्वास्नी भएपनि उनीहरूलाई वेवास्ता गर्दै रातैपिच्छे स्वास्नी फेर्ने राणाहरूको प्रवृत्तिको चित्रण गरिएको छ भने उनीहरूका श्रीमतीको कुण्ठित मानसिकताको चित्रण पनि गरिएको छ । यस कथाकी प्रमुख पात्र सुशीला भाउज्यू आफ्नो लोग्नेले चाहेको बेलामा मात्र भोगिदिने र अरूबेला बेवास्ता गरेपछि कुण्ठित बन्न पुगेकी छ । जसको परिणाम स्वरूप लोग्ने मरेको पैतालीस दिनको भोलिपल्ट नै उसले पल्लोघरको आफ्नो छोरा सरहको श्यामुलाई बोलाएर यौन कुण्ठालाई शान्त पार्ने प्रयास गरेकी छ ।  यसकथामा प्रयोग भएको यौन मनोविश्लेषणको विश्लेषण निम्नानुसार गरिन्छ :

### ६.३.१. जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्ति

'सुशीला भाउज्यू' कथाकी प्रमुख पात्र सुशीला भाउज्यू नै हो । राणाखानदानको व्यक्तिसँग पन्ध्र बर्षकै उमेरमा विवाह गरी भित्रिएकी सुशीला लोग्नेले वास्ता नगरेपछि यौनावेगका ज्वारले प्रज्वलीत छे । तैपनि ऊ आफ्ना यौनेच्छा दबाउन बाध्य छे ऊ लाग्नेको घरदेखि केही टाढाको घरमा देखिने अज्ञात वस्तु हेरेर दिन विताउँछे । त्यो अज्ञात बस्तु के हो ? भन्ने उत्सुकता  उसमा जागिरहन्छ । तर त्यसलाई पनि लोग्नेले बार लगाउँछ । यसरी आफूभन्दा बुढो व्यक्तिसँग विहे भएको र उसले चाहेको बेलामात्र भोगीने भएकाले सुशीला आफ्नो लोग्नेबाट असन्तुष्ट छ । ऊ पचास वर्षकी हुँदा लोग्नेको मृत्यु हुन्छ र उसले लोग्ने मरेको पैंतालीसौं दिनमा लोग्नेले आफ्नो इच्छामाथि लगाएको बारलाई भत्काउँछे । तर त्यो बार भत्काएपछि पनि उसले सन्तुष्टिप्राप्त गर्न सक्दिन र उसका इच्छा कुण्ठित नै हुन्छन् । यसरी जीवन मूलप्रवृत्ति आफ्नै क्रियाकलापमा केन्द्रित रहेकी सुशीला भाउज्यूको अन्त्यमा मृत्युशक्ति उच्च स्थानमा रहेको छ । जसका कारण राम्ररी जवान पनि भैनसकेको श्यामुलाई बोलाएर आक्रमक गतिमा यौनेच्छाबाट सन्तुष्टि लिएकी छ । जसको पुष्टि निम्न कथांशले गरेको छ : "एकै तुफानमा सुशीला भाउज्यूले श्यामुलाई अँगालो हाली । भएभरको बलले

समातेर म्वाइँ खाई र खाँदै गई मानौं अनन्तअनन्त समयदेखिन् यही कुरा पर्खिरहेकी हो, उसले म्वाइँ खाँदै गई ।" (पृ.३८)

यसरी 'सुशीला भाउज्यू' कथाकी सुशीलामा जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्ति दुवै पाउन सकिन्छ ।

### ६.३.२. अचेतन मन वा इदको चित्रणमा जोड

'सुशीला भाउज्यू' कथाकी नायिका सुशीला अचेतनका यौनेच्छाले आक्रान्त पात्र हो । पन्ध्र वर्षको उमेरमा आफूभन्दा धेरै जेठो दीपबहादुरसँग उसको विवाह भएको थियो । राणा खानदानी दीपबहादुर आफ्नी श्रीमतीलाई वास्ता नगरी अन्य सुसारेसँग रमाउने हुनाले सुशीला भाउज्यू लोग्नेबाट असन्तुष्ट हुन्छे । लोग्नेको बेवास्तामा परेकी सुशीला भाउज्यू लोग्नेको घरबाट अलिपर देखिने घरमा देखिएको अज्ञात वस्तु हेरेर आनन्दित भएको बेला स्वास्नीले परपुरुषलाई हेरी भनेर उसको लोग्नेले अर्को घरबनाई बार लगाउँछ । यसबाट सुशीलाको अचेतनका इच्छाहरू अझ कुण्ठित र दमित हुन्छन् । यसरी लोग्नेको त्यस व्यावहारबाट विक्षिप्त बनेकी सुशीला लोग्ने मरेको पैंतालीस दिनको श्राद्धको भोलिपल्ट नै लोग्नेले उसका इच्छामाथि लगाएको त्यो बार हटाउँछे र उसका अचेतनका यौनेच्छाको सन्तुष्टिको खोजि गर्दछे । अन्त्यमा असमान्य अवस्थामा पुगेको सुशीलाको अचेतन पशु बन्न तयार भएको देखिन्छ । जसको पुष्टि निम्न कथांशले गरेको छ : "एकै तुफानमा सुशीला भाउज्यूले श्यामुलाई अँगालो हाली । भएभरको बलले समातेर म्वाइँ खाई र खाँदै गई मानौं अनन्तअनन्त समयदेखिन् यही कुरा पर्खिरहेकी हो, उसले म्वाइँ खाँदै गई ।" ( पृ.३८)

यसरी चेतना शून्य अवस्थामा श्यामुलाई अँगालोमा कसेर सुशीला भाउज्यू आफ्नो यौन तिर्खा मेटाउन अक्रामक रूपमा यौनक्रियाकलापमा संलग्न रहेको पाइन्छ । धेरै समय अगिदेखि कुण्ठित भएको सुशीलाको अचेतनका इच्छाले अन्त्यमा भएपनि निकास पाएका छन् ।

### ६.३.३. यौनको मानसिक विकासमा प्रभाव

'सुशीला भाउज्यू' कथाकी नायिका अचेतनका कामवासनाले पीडित पात्र हो । आफूभन्दा बुढो दीपबहादुरसँग विवाह भएको र लोग्नेले आफूलाई वास्ता नगरी अन्य सुसारेसँग मात्र रमाउने गरेकाले ऊ निरास भएकी छ । उसको अचेतनका इच्छालाई वास्ता नगरी दीपबहादुरले उल्टो बन्देज लगाएपछि सुशीला आफ्ना इच्छाहरू दमन गर्न बाध्य हुन्छे । लोग्नेको यस्तो क्रुर व्यावहारबाट कुण्ठित र विक्षिप्त बनेकी सुशीलाले लोग्ने मरेको पैंतालीसको भोलिपल्ट नै लोग्नेले लगाएको बार भत्काउने आदेश दिन्छे । जसलाई कथमा यसरी प्रस्तुत गरिएको छ :

> केहीबेरपछि त्यो घर भत्कन शुरु हुन्छ र साँझसम्म त्यो घरको नामनिसान रहँदैन । त्यो घरबाट निस्कने इँट, काठपात सारासामान उसले ज्यामी नाइकेलाई बकस दिइसकेकी छ र त्यो सारा सामान आजै उठाएर लैजानु पर्छ । इँटाको एक टुक्रा,

> काठको एक छेस्को समेत बाँकी रहनु हुँदैन । उसले यस्तै अर्डर दिइसकेकी छ ।
> (पृ.३१)

यस कथांशले सुशीलाको विक्षिप्तिलाई पुष्टि गर्छ । जसले उसको इच्छामा बार लगाएको थियो त्यसलाई लोग्ने मरेसँगै भत्काएकी छ र आफ्नो इच्छाको सन्तुष्टि खोजि गर्न आतुर छ । तर उक्तबार भत्काए पनि उसले आफ्नो सन्तुष्टिको बिन्दु पाउन सकिन । जसले उसमा अझ बढी विक्षिप्तता थपेको छ । जसलाई कथामा यसरी पुष्टि गरिएको छ : "गोठ समतल भयो, तैपनि त्यो घर त्यहाँ प्रकट भएन । त्यो घरको प्रतिछायाँसम्म छैन । त्यो घर बसेको स्थान समेत उजाड थियो । सुशीला भाउज्यू जुरुक्क उठी र एकै आवेगमा ढोकासम्म पुगी । ऊ चिच्याउन खोजी, तर चिच्याउन सकिन" (पृ.३७) । यस कथांशले पनि सुशीलाको मनस्थितिको चित्रण गरेको छ । आफ्नो अचेतनका इच्छामा लोग्नेले लगाएको बारलाई हटाए पनि सन्तुष्टिको बाटो नभेटेपछि कुण्ठित भई असामान्य अवस्थामा पुग्छे । त्यसैबेला आफ्नो छोरा सरहको वा राम्ररी जवान पनि नभैसकेको श्यामुलाई बोलाएर अँगालोमा कसेर चेतना शून्य अवस्थामा आफ्नो यौनेच्छाको तिर्खा मेटाएकी छ । यसरी सुरुमा सामान्य अवस्थामा रहेकी सुशीला भाउज्यू लोग्नेले बेवास्ता गरी आफ्नो अचेतनका इच्छामा बार लगाएपछि विक्षिप्त बनेकी छ ।

### ६.३.४. यौनजन्य विभिन्न मनोग्रन्थिहरूको चित्रण

'सुशीला भाउज्यू' कथाकी प्रमुख पात्र सुशीला सुरुमा स्वपीडन ग्रन्थि देखिन्छ किनकी ऊ लोग्नेले गरेका व्यावहारलाई विरोध गर्न सक्दिन । यौनेच्छाले आक्रान्त सुशीला भाउज्यू लोग्नेको घरबाट परदेखिने घरमा देखिने अज्ञात वस्तुलाई हेरेर आनन्द लिइरहेको बखत लोग्नेले बार लगाई त्यसलाई छेकी दिंदा पनि बरु आफू भित्र भित्रै पिल्सिएर बसेकी छ तर लोग्नेको विरोध गरेकी छैन । यसले गर्दा पनि उसमा स्वपीडन ग्रन्थि छ भन्न सकिन्छ । त्यस्तै लोग्नेको मृत्युपछि उसमा उच्चता ग्रन्थिको विकास भएको छ । उसले लोग्नेले लगाएको बारलाई क्रुरता पूर्वक भत्काएकी छ । यसबाट उसमा उच्चता ग्रन्थि देखिन्छ ।

### ६.३.५. यौनजन्य प्रतीकहरूको प्रयोग र नाटकीकरण

'सुशीला भाउज्यू' कथामा यौन समागमको दृश्यलाई नाटकीकरण गरी यसरी व्यक्त गरिएको छ : "एकै तुफानमा सुशीला भाउज्यूले श्यामुलाई अँगालो हाली । भएभरको बलले समातेर म्वाइँ खाई र खाँदै गई मानौं अनन्त – अनन्त समयदेखिन् यही कुरा पर्खिरहेकी हो, उसले म्वाइँ खाँदै गई ।" (पृ.३८)

त्यस्तै कथामा थुप्रै यौन प्रतीकहरूको पनि प्रयोग गरिएको छ । दीपबहादुरको घरको झ्यालबाट पर देखिने घर र त्यहाँ देखिने अज्ञात चिज सुशीलाको अचेतनको यौनेच्छाको प्रतीक हो । लोग्नेले उसलाई वास्ता नगरेपछि घरको एउटा कोठामा बसेर त्यो घरमा हेरेर आफ्ना दमित इच्छाबाट सन्तुष्टि लिएकी छ । सुशीला भाउज्यूको त्यस्तो मनस्थिति बुझेर पनि बुच पचाउने

दीपबहादुर उसको यौनेच्छालाई समाधान गर्नुको साटो बार लगाएर दमन गर्दछ । त्यो पछि बनाएको घर सुशीलाको यौनेच्छाको तगारोको प्रतीकका रूपमा कथामा प्रयोग गरिएको छ । लोग्ने मरी बन्धनमुक्त भएकी सुशीला आफ्नो तगारो बनेको उक्त घर भत्काउँछे र त्यसका काठ इँटा सबै ज्यामीलाई दिएर सन्तुष्टिको अनुभव गरेकी छ । त्यहाँ उसका घर वरीपरीका बर-बगैचाका रुखहरू, चुरोट आदि पुरुष यौनप्रतीकका रूपमा प्रयोग भएका छन् भने कुर्सी, दराज आदि स्त्री यौनप्रतीकका रूपमा आएका छन् ।

### ६.३.६. निष्कर्ष

'सुशीला भाउज्यू' कथा नारी यौनमनोविश्लेषणमा आधारित कथा हो । यसमा सुशीलाको यौनेच्छामाथि लगाएको बन्देजकाकारण सुशीला भाउज्यू दमित र कुण्ठित भएकी छ । अन्त्यमा दमित यौनेच्छाकाकारण विक्षिप्त भई उसले जवान पनि नभएको श्यामुलाई आक्रमक रूपमा अँगालेर यौन सन्तुष्टि लिएकी छ ।

## ६.४. 'गीता र मीना' कथाको विश्लेषण

*बाह्र कथा* सङ्ग्रहमा सङ्ग्रहित 'गीता र मीना' कथा गोठालेको समलैङ्गिक यौनमनोविश्लेषणमा आधारित अरूभन्दा भिन्न शैलीमा लेखिएको कथा हो । यसमा गीता र मीना बीचको प्रेम सम्बन्धलाई देखाइएको छ । यसकथामा मान्छे विषम लिङ्गीसँग मात्र आकर्षित हुन्छ भन्नेकुरालाई पन्छाउँदै समलिङ्गीहरू बीच पनि यौन सम्बन्ध हुन्छ भन्ने देखाइएको छ । यस कथामा प्रयोग भएको यौनमनोविश्लेषणलाई निम्नानुसार विश्लेषण गर्न सकिन्छ :

### ६.४.१. जीवन मूलप्रवृत्ति र मृत्यु मूलप्रवृत्ति

'गीता र मीना' कथाका प्रमुख पात्र गीता र मीना नै हुन् । उनीहरूसँगै एउटै अफिसमा टाइपराइटरको काम गर्दछन् । उनीहरू हिंड्दा, बस्ता, खाँदा र अफिसमा काम गर्दा समेत सँगै हुन्छन् । उनीहरूको जीवनशक्ति एकअर्कामा समर्पित छ । उनीहरू एक अर्काबाट छुट्टीएर बस्न सक्दैनन् । एक अर्काको अभावमा एकदमै छटपटाउँछन् । यसरी गीता मीनाप्रति आकर्षित छे भने मीना गीताप्रति आकर्षित छे । यस कथाको अर्को पात्र म पात्र गीता र मीनाप्रति आकर्षित छ । उसको जीवनशक्ति उसैमा केन्द्रित देखिन्छ । ऊ अफिसमा हाकिम साहेबलाई भेट्ने बाहानामा गीता मीनासँग भेट्न पुग्छ । अनेक बाहाना गरी दिनभरी उनीहरूसँगै रहन चाहान्छ । गीता र मीना सँगै काम गरिरहेको बेला मीनाको अचानक सरुवा हुन्छ । यस घटनाले उनीहरू दुःखी र कुण्ठित हुन्छन् । सरुवा भन्दा पनि एकअर्कामा विछोडिनु पर्ने कुराले उनीहरूलाई एकदमै पीर पारेको छ । यसबेला उनीहरूमा मृत्युशक्ति प्रबल भएको देखिन्छ । मृत्युशक्तिको सक्रियताकै कारण उनीहरू छुट्टीनु भन्दा बरु जागिर छोड्न पनि तयार देखिन्छन् । मीनाको सरुवा भएपछि गीताले म पात्रसँग भनेको यस कुराले उनीहरूको मृत्युशक्तिलाई पुष्टि गरेको छ : "मीनालाई अर्कै ठाउँ सारिदियो । सचिवकहाँ जानलागेकी घरमा । मीनालाई त्यहाँ बस्न पटक्क मन छैन । राजीनामा गर्न समेत तयार छ ।" (पृ.१९)यसरी

एकअर्काबाट छुट्टीनुभन्दा जागिर नै छोड्ने निर्णयले उनीहरू भित्रको विद्रोहलाई सङ्केत गर्दछ र यसले नै उनीहरूमा भएको मृत्युशक्तिलाई सङ्केत गर्दछ । यस कुराले म पात्र समेत दुःखी र निरास हुन पुगेको छ । यस घटनाले उसलाई यस्तो लाग्छ कि मानौँ गीताको मीनासँग विछोड भएको होइन कि उसको मीनासँग विछोड भएको हो । यसरी म पात्रमा पनि उनीहरूप्रतिको अनुरागका कारण मीनाको सरुवाले मृत्युमूल प्रवृत्ति उच्च भएको छ । उसले नै मन्त्री ज्यूकहाँ भनसुन् गरी मीनाको सरुवा रोक्छ र उनीहरूलाई सँगै पार्छ । यो घटना सेलाउन नपाउँदै पुनः मीना र गीतालाई छुट्याउने षडयन्त्र हुन्छ । मीनाको अर्कै केटासँग जबरजस्ती विवाह हुन्छ । यसले दुवैमा मृत्युशक्ति उच्च हुन पुग्दछ र दुवैजना विद्रोहमा उत्रिएका छन् । मीनाले पतिसँग विद्रोह गरी पारपाचुके गर्छे भने गीताले पनि घरपरिवार, बाबुआमासँग विद्रोह गरी घर छोडिदिन्छे । यसरी दुवैले घरपरिवारबाट अलग हुन्छन् र सँगै एउटै कोठामा बसी पुनः नयाँ जीवनको सुरुवात गर्छन् । यसरी अन्त्यमा पुनः मृत्युशक्ति कमजोर भई जीवनशक्ति उच्च भएको छ । जसको पुष्टि म पात्रसँग गीताले भनेको यस भनाइले गरेको छ : “अनि के हुन्थ्यो, हामीलाई यसैमा रमाइलो हुन्छ । कसैको करकाप छैन, कसैको लात सहनु पर्दैन, बाबु आमाको पनि.....।” (पृ.२४) यसरी उनीहरू कसैको दबाबमा बाँच्न चाहाँदैनन् र एक अर्कामा छुट्टीन पनि चाहाँदैनन् । यसबाट अन्त्यमा गीता र मीनामा मृत्युशक्तिले हारखाई जीवनशक्तिको विजय भएको छ । उनीहरू परेवाको जोडी जस्तै एक अर्कामा समर्पित भएर बाँच्न चाहाँन्छन् ।

### ६.४.२. अचेतनमन र इदको चित्रणमा जोड

'गीता र मीना' कथा समलैङ्गिक यौनको प्रयोग पाइन्छ । अन्य कथाभन्दा फरक शैली र विषयवस्तु समेटिएको कथामा गीता र मीना बीचको आकर्षण र उनीहरूको समर्पण भावलाई प्रस्तुत गरिएको छ । यस कथाको म पात्र पनि गीता र मीनाप्रति आकर्षित छ । आफ्नो कामको लागि उनीहरूको अफिसमा पुगे पनि अचेतनले चाहिँ गीता र मीनालाई खोजी रहेको हुन्छ । गीता र मीना अफिस जाँदा सँगै, खानेबेलामा सँगै र उनीहरूको रोजाइ पनि एउटै देखिन्छ । यसरी एकअर्कामा छुट्न नसक्ने भएका गीता र मीना एक्कासी मीनाको मात्र सरुवाले एकदमै विक्षिप्त भएका छन् । उनीहरू जागिर छोड्न तयार छन् तर छुट्टिन नसक्ने बताउँछन् । त्यस्तै मीनाको जबरजस्ती विवाह भएपछि एकअर्काको विछोडमा अचेतन मनमा आघात हुन्छ र अन्त्यमा गीता बिना एकपल पनि बाँच्न नसक्ने भएपछि मीनाले विद्रोह गरी पतिसँग पारपाचुके गर्छे र गीताले पनि बाबु-आमा, घरपरिवार छोडेर पुनः एकै ठाउँमा बस्ने निधो गर्दछन् । जसबाट दुवैको अचेतनका इच्छा पुराभएको र दुवै सन्तुष्ट रहेको देखिन्छन् । जसको पुष्टि निम्न कथांशले गरेका छन् : “अनि के हुन्थ्यो, हामीलाई यसैमा रमाइलो हुन्छ, कसैको करकाप छैन, कसैको लात सहनु पर्दैन, बाबआमाको पनि.....।” (पृ.२४) यसरी 'गीता र मीना' कथामा गीता र मीनाको अचेतन एकअर्कामा समर्पित छ । उनीहरू समलिङ्गी भए पनि एकअर्काप्रति आकर्षित छन्  अथवा उनीहरूबीच घनिष्ट प्रेम सम्बन्ध रहेको छ ।

### ६.४.३. यौनको मानसिक विकासमा प्रभाव

'गीता र मीना' कथामा समलैङ्गिक यौनको प्रयोग पाइन्छ । यस कथाका गीता र मीना विषमलिङ्गीसँग नभई समलिङ्गीसँग आकर्षित छन् अर्थात उनीहरू एकअर्काप्रति अनुरुक्त छन् । एक अर्का बिना पलभर पनि नबाँच्ने गीता र मीना दुई जनालाई छुट्याउने गरी सरकारले गरेको सरुवाबाट कुण्ठित भई विक्षिप्त भएका छन् । विक्षिप्त अवस्थामा नै मीना बरु जागिर छाड्ने तर छुट्टीएर नबस्ने निर्णय गर्छे । पछि म पात्रको मद्दतबाट एकै ठाउँमा बस्न पाउँछन् र पुनः सामान्य अवस्थामा फर्किएर खुशी हुन्छन् तर यो घटना सेलाउन नपाउँदै उनीहरूलाई छुट्याउने अर्को षडयन्त्र सुरु हुन्छ । जसबाट गीता र मीना एक आपसमा छुट्टीन बाध्य हुन्छन् । मीनाको अर्को केटासँग जबरजस्ती विवाह भएपछि गीता र मीनाको प्रेम सम्बन्ध टुट्न पुग्दछ र उनीहरू असामान्य अवस्थामा पुग्दछन् । जसको बदलामा प्रतिकार स्वरूप मीनाले लोग्नेसँग विद्रोह गरी पारपाचुके गर्छे भने गीताले पनि घरपरिवारसँग विद्रोह गरी घर त्याग गर्दर्छे र उनीहरू समलिङ्गी नै भए पनि जीवनभर सँगै बस्न चाहान्छन् । उनीहरू यसैमा खुसी छन् र रमाउन चाहान्छन् । यसरी उनीहरूभित्र भएको समलैङ्गिक यौनकाकारण विभिन्न चरणमा दुःख, पीडा भोग्न विवश छन् ।

### ६.४.४. यौनजन्य विभिन्न मनोग्रन्थिहरूको चित्रण

'गीता र मीना' कथाका प्रमुख पात्र गीता र मीनामा परप्रेम ग्रन्थि पाइन्छ । उनीहरू विषम लिङ्गीप्रति आकर्षित छैनन् । उनीहरूमा समलैङ्गिक यौनका कारण एकअर्कामा आकर्षित छन् र एक अर्का बिना बाँच्न पनि सक्दैनन् । यसले गर्दा उनीहरूमा परप्रेम ग्रन्थि देखिन्छ । त्यस्तै उनीहरूलाई कतैबाट छुट्याउने प्रयास भएमा एक जुट भएर त्यसको प्रतिकार पनि गर्छन् । जसको पुष्टि यी कथांशले गरेका छन् : "मीनाले घर छोडेर आई । बस्न सकिन । पोइलाई पारपाचुके पनि गरिसकी । मैले पनि घर छोडें" (पृ.२४) । यी कथांशले उनीहरूमा उच्चता ग्रन्थि रहेको पुष्टि गर्दछ । त्यस्तै घरमा श्रीमती हुँदाहुँदै गीता र मीनाप्रति आकर्षित हुने म पात्र हीनताग्रन्थिले ग्रस्त छ । उनीहरू प्रति आकर्षित भए पनि उनीहरूसँग बोल्न धक मान्ने गर्छ । त्यस्तै गीता र मीनाप्रति आकर्षित हुनुमा आफ्नो दोष नभई प्राकृतिक नियम भएको ठान्ने म पात्रमा इडिपस ग्रन्थि पनि रहेको देखिन्छ । म पात्र गीता र मीनाप्रति आकर्षित हुनु ऊभित्रको इडिपस ग्रन्थिको कारणले हो । जसको पुष्टि निम्न कथांशले गर्दछ : "लोग्ने मान्छेको आँखा स्वास्नीमान्छेमाथि पर्नु स्वभाविक हो । त्यसमाथि तरुनी आइमाई चाहे त्यो आइमाई आफ्नै खुट्टामा टेक्ने किन नहोस्, चाहे हाकिमै किन नहोस् । तर संस्कार ।" (पृ.१२) यसरी 'गीता र मीना' कथामा विभिन्न पात्रका माध्यमबाट परप्रेम, उच्चता, हीनता, इडिपस ग्रन्थिको प्रयोग गरिएको छ ।

### ६.४.५. यौनजन्य प्रतीकहरूको प्रयोग र नाटकीकरण

'गीता र मीना' कथामा फाईल, चुरोट, कलम, टाइपमेसिन, मेच, दराज आदिलाई यौन प्रतीकका रूपमा नाटकीकरण गरी प्रयोग गरिएका छन् ।

### ६.४.६ निष्कर्ष

'गीता र मीना' कथा गोठालेको समलैङ्गिक यौनको प्रयोग गरिएको उत्कृष्ट यौन कथा हो । यसमा विषम लिङ्गी बीचमा मात्र यौन सम्बन्ध हुन्छ भन्ने मान्यतालाई तोड्दै उनले यसकथामा समलैङ्गिक यौनको प्रयोग गरेका छन् । जसमा दुई साथी बीचको समलैङ्गिक प्रेमलाई देखाइएको छ ।

## ६.५ निष्कर्ष

गोविन्द गोठालेका यस चरणका यौन कथामा खासै नयाँ प्रवृत्तिहरू केही पाउन सकिँदैन पुरानै शैलीमा लेखिएका छन् । युवायुवतीका छटपटी, यौनेच्छाले आक्रान्त पात्रहरूको मनोदशाको चित्रण, यौनेच्छामा आएका अवरोधका कारण कुण्ठित मनोदशाको चित्रण, तात्कालीन राणाहरूले गर्ने यौन शोषणलाई नै विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ । यस चरणका उनका कथामा देखिने नयाँ प्रवृत्ति समलैङ्गिक यौनको प्रयोग हो । उनले 'गीता र मीना' कथामा अन्य कथाकारको भन्दा भिन्न र आफ्ना अन्य कथामा भन्दा भिन्न शैली अपनाएर समलैङ्गिक यौनको प्रयोग गरेका छन् । यो प्रवृत्ति नयाँ भएपनि अन्य प्रवृत्तिहरू अघिल्लो चरणमा जस्तै रहेको छ । यस चरणमा विश्लेषण गरिएका प्रतिनिधि कथाहरू मध्येमा पनि उत्कृष्ट 'गीता र मीना' कथा हो ।

# सातौं परिच्छेद

# निष्कर्ष

प्रस्तुत 'गोविन्दबहादुर मल्ल 'गोठाले'का कथामा यौनमनोविश्लेषण' शीर्षकको शोधपत्रको पहिलो परिच्छेदमा शोधपरिचय अन्तर्गत शोध शीर्षक, शोधकार्यको प्रयोजन, विषय परिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य, शोधकार्यको सीमा, शोधविधि र शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ । त्यसैगरी यस शोधपत्रको दोस्रो परिच्छेदमा यौनमनोविश्लेषण सिद्धान्त र  कथा विश्लेषणसम्बन्धी सैद्धान्तिक ढाँचाहरू तयार पार्ने काम गरिएको छ । तेस्रो परिच्छेदमा कथाकार गोविन्द गोठालेको कथायात्राको चरण विभाजन गरी उनका यौन कथाहरूको सर्वेक्षण गरिएको छ र उक्त यौनकथाहरूमध्ये प्रतिनिधिमूलक आठ ओटा कथालाई विश्लेषण गर्न छुट्याइएको छ । चौथो परिच्छेदमा विश्लेषण गर्न छुट्याइएका गोठालेका पहिलो चरणमा पर्ने यौनमनोविश्लेषणात्मक कथाहरू 'भाँडो', 'के गरेकी शोभा', 'युवती र जरसाहेब', को विश्लेषण गरिएको छ भने पाँचौं परिच्छेदमा गोविन्द गोठालेका द्वितीय चरणमा पर्ने यौनमनोविश्लेषणात्मक कथाहरू 'मैले सरिताको हत्या गरेँ', 'आधार', 'प्रेम र मृत्यु', को विश्लेषण गरिएको छ । छैटौं परिच्छेदमा गोविन्द गोठालेका तृतीय चरणमा पर्ने 'गीता र मीना', 'सुशीला भाउज्यू', 'बलात्कार', आदि यौनमनोविश्लेषणात्मक कथाहरुको विश्लेषण गरिएको छ ।

गोविन्दबहादुर मल्ल 'गोठाले' यौनमनोविश्लेषणात्मक कथाकार हुन् । उनले सामाजिक सामाजिक, आर्थिक र राजनीति पृष्ठभूमिमा यौन कथाहरू लेखेका छन् । उनका यौन कथामा पाश्चात्य विद्वान फ्रायडको प्रभाव पाइन्छ । उनले यौनलाई शिष्ट र कलात्मक भाषामा कथामा प्रयोग गरेका छन् । उनले यौन मनोविज्ञानमा आधारित अठ्ठाइस ओटा कथा लेखेका छन् । गोठालेका यी कथामा पाइने विशेषतालाई निम्नानुसार औँल्याउन सकिन्छ :

(क) गोविन्द गोठालेका अधिकांश यौन कथामा जीवन मूलप्रवृत्तिको चित्रण पाइन्छ जसले पात्रलाई उत्साहित र आशावादी बनाएको छ ।

(ख) गोठालेका कथामा मृत्यु मूलप्रवृत्तिको पनि चित्रण पाइन्छ । यौनेच्छाले आक्रान्त पात्रहरू स्वपीडन र परपीडन प्रवृत्ति मार्फत आफ्ना इच्छाहरू पूरा गर्न अग्रसर भएको घटनाको मार्मिक चित्रण उनका कथामा गरिएको छ ।

(ग) उनका कथामा अचेतनका दमित इच्छा, आकांक्षा र चाहनाहरूलाई शिष्ट र कलात्मक ढङ्गले प्रस्तुत गरिएको छ ।

(घ) उनका कथामा इदको चित्रण पनि पाइन्छ । उनका कथाका पात्रहरू बेला-बेला यौनेच्छाले आक्रान्त भई चेतनाशून्य अवस्थामा पशुको स्तरमा बस्न बाध्य छन् भने कतिपय पात्रहरू विकृति मनोदशाका कारण आपराधिक कार्यमा पनि सम्लग्न हुन्छन् ।

(ङ) यौनको मानसिक विकासमा पर्ने सकारात्मक र नकारात्मक प्रभावको चित्रण पनि गोठालेका कथामा पाइन्छ ।

(च) दमित यौनेच्छाका कारण उत्पन्न विभिन्न मनोग्रन्थिहरूको चित्रण पनि उनका कथामा पाइन्छ ।

(छ) भाषालाई शिष्ट र कलात्मक बनाउन उनका कथामा विभिन्न यौन प्रतीकहरूको प्रयोग गरिएको छ ।

(ज) उनका कथाहरूका घटनाक्रमलाई नाटकीय शैली अपनाएर दृश्यात्मक रूपमा प्रस्तुत गरिएको छ ।

यसरी यिनै विभिन्न विशेषताहरू अपनाएर कथा लेखिएकाले गोठालेका यौनमनोविश्लेषणात्मक कथाहरू उत्कृष्ट छन् ।

# सन्दर्भसामाग्री


अर्याल, भैरव (सम्पा.) (२०२५), *साझा कथा* , ललितपुर : साझा प्रकाशन ।

आचार्य, ध्रुवराज (२०६१), “प्रेम र मृत्यु कथासङ्ग्रहको कृतिपरक अध्यायन”, अप्रकाशित शोधपत्र, रत्नराज्यलक्ष्मी क्याम्पस, काठमाडौँ ।

एटम, नेत्र (सम्पा.) (२०६२), *गोठाले : युग र आवाज,* काठमाडौँ : दोभान प्रकाशन ।

कोइराला, कुमारप्रसाद (२०६७), “गोठालेको कथाकारिता”, *मधुपर्क,* वर्ष ४३, अङ्क १०, पूर्णाङ्क ५०१, फागुन, पृ.७–९ ।

ढुङ्गाना, गोपीकृष्ण (२०६१),“ मैले सरिताको हत्या गरेँ कथाको विश्लेषण”, *दोभान,* (वर्ष ५, अङ्क २, कार्त्तिक–मंसिर–पुष) पृ.९२–९४ ।

बराल, ईश्वर (सम्पा.) (२०४८), *झ्यालबाट,* पाँ.सं, ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि (२०६८), *मनोविश्लेषण र साहित्य,* काठमाडौँ : अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन प्रा.लि. ।

भट्टराई, घट्टराज (२०३४), “गोविन्द गोठाले : व्यक्ति तथा कृति”, *मधुपर्क,* (वर्ष १०, पूर्णाङ्क ११४, फागुन ) पृ.८१–८७ ।

भट्टराई, रमेशकुमार (२०३६), “गोविन्दबहादुर गोठालेको कथामा पाइने सामाजिकता विश्लेषण र मूल्यांकन”, अप्रकाशित शोधपत्र, त्रि.वि. कीर्तिपुर ।

मल्ल, गोविन्दबहादुर (२०१८), *कथासङ्ग्रह,* काठमाडौँ : शारदा प्रकाशन गृह ।

............................(२०६१), *जङ्गबहादुर र हिरण्यगर्भकुमारी,* ललितपुर : साझा प्रकाशन ।

.......................... (२०६३), *प्रेम र मृत्यु,* ते.सं., ललितपुर : साझा प्रकाशन ।

...........................(२०६५), *बाह्र कथा,* दो.सं. ललितपुर : साझा प्रकाशन ।

............................ (२०६७), *कथैकथा,* आ.सं., ललितपुर : साझा प्रकाशन ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६३), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* दो.सं. काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, शकुन्तला (२०६१), “कथैकथा कथासङ्ग्रहको कृतिपरक अध्यायन” अप्रकाशित शोधपत्र, त्रि.वि. कीर्तिपुर ।

शर्मा, हरिप्रसाद (२०६७), *विश्वेश्वरप्रसाद कोइरालाका कथा,* चौ.सं., ललितपुर : साझा प्रकाशन ।

शर्मा, हृदयकुमार (२०५७), “दोषी चश्मा कथासङ्ग्रहको मनोवैज्ञानिक अध्यायन”, अप्रकाशित शोधपत्र, त्रि.वि. कीर्तिपुर, काठमाडौँ ।

सिंह, सुमित्रा (अनु.) (२०६३), *फ्रायडको मनोविश्लेषण,* काठमाडौँ : डीकुरा प्रकाशन ।